लेखापरीक्षण प्रतिवेदन

टोखा नगरपालिका

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

टोखा नगरपालिका

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/320

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

टोखा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

काठमाण्डौ।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुल्नात्मक विवरण, स्थानिय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षाको रु१४ करोड ३४ हजार, सामाजिक विकास कार्यक्रमको रु.६ लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ८५ लाख २९ हजार तथा गरिवसँग विश्वेश्वर कार्यक्रमको रु ४ लाख ३० हजार समेत गरी जम्मा रु १४ करोड ९५ लाख ९३ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.२ अर्व ७१ करोड ६८ लाख ९० हजार लेखापरीक्षणवाट रू. ३ करोड ७८ लाख १७ हजार बेरुजू देखिएकोमा रु.९९ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजु रु. ३ करोड ७७ लाख १८ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रू.३२ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १५ लाख ६२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३ लाख ७७ हजार र पेस्की बाँकी रु. २४ लाख ८२ हजार रहेको छ।गत वर्षसम्म रु.१८ करोड ६९ लाख ७० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२२ करोड ४६ लाख ८८ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने टोखा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी टोखा नगरपालिका व्यवस्थापनमा रहेको छ। टोखा नगरकार्यपालिका, टोखा नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रत्ननगर नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९७	१८९	३,७८,१७,४४१	०	३६	९९,६२०	०	९७	१५३	३,७७,१७,८२१	३२,९६,७६६	१,०३,७७,३५१	२,१५,६१,६८४	०	०	३,१९,३९,०३५	२४,८२,०२०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काठमाडौं	१८६९७००००	०	०	१८६९७००००	०	३,७७,१७,८२१	२२४६८७८२१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	१०३	बढी दरमा बैठक भत्ता	३१,३६५
२	२०८०/८१	४९	बढि दरमा अनुगमन भत्ता	३,४००
३	२०८०/८१	६१	नर्म्स विपरीत भुक्तानि	८,१६०
४	२०८०/८१	५७	अनुगमन भत्ता (संघिय सशर्त कार्यक्रम)	२९,४९५
५	२०८०/८१	५६	अनुगमन भत्ता	२७,२००
जम्मा				९९,६२०

(८०३३५४०५३०० - टोखा नगरपालिका)

परिचय

१ **लेखापरीक्षण**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले सम्पादन गर्ने कार्यहरूमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गरी स्थानीय सरकारलाई तोकिएका काम कारबाहीमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित हुने गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको प्रमुख उद्देश्य रहेको छ। स्थानीय शासन पद्धति सुदृढ गरी विधायीकि, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न २०७१ साल मङ्सिर १६ मा टोखा नगरपालिकाको स्थापना भएको हो। यस पालिकामा ११ वडा रहेका छन् ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।३ देखि २०८१ ।१०।१३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. २७१६८९००६५, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.२७१६८९००६५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २०१८६७ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

मिति	विवरण	बैङ्कको नाम	रकम	खाताको प्रकार	कैफियत
०८१।१०।१३	श्री चुनदेवी सा प्रावि	राष्ट्रिय वाणिज्य बैंङ्क	१७२८०	राष्ट्रिय वाणिज्य बैंङ्क	दिवा खाजा बढि निकासा
०८१।१०।१४	श्री धापासि मावि	राष्ट्रिय वाणिज्य बैंङ्क	६५५००	राष्ट्रिय वाणिज्य बैंङ्क	छात्रावृति र दिवा खाजा बढि निकासा
०८१।१०।१५	श्री मनोहर मावि	राष्ट्रिय वाणिज्य बैंङ्क	१५१००	राष्ट्रिय वाणिज्य बैंङ्क	पाठ्यपूस्तक बढि निकासा
०८१।१०।१४	श्री सरस्वती मावि	राष्ट्रिय वाणिज्य बैंङ्क	१८८९८	राष्ट्रिय वाणिज्य बैंङ्क	पाठ्यपूस्तक बढि निकासा
०८१।१०।१०	रोशनी तामाङ्ग	राष्ट्रिय वाणिज्य बैंङ्क	६३४५	संघिय सञ्चित कोष	उत्पादनमूलक सामाग्रि विक्रिवापत लघु उद्यम कार्यक्रम
०८१।१०।२३	फ्लोरोसेन्ट स्कुल		२०२५०	पालिका आन्तरिक	व्यवसाय कर
०८१।१०।२३	रुवि भ्याली स्टोर्स		२९०८८	पालिका आन्तरिक	व्यवसाय कर
०८१।१०।३०	एमिटी ग्लोवल एजुकेसन		२८६०६	पालिका आन्तरिक	व्यवसाय कर
		जम्मा	२०१८६७		

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) र वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ मा भएको समग्र संचित कोषको अवस्था निम्नानुसार देखिएको छः

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ
कार्यालयको कोड : ८०३३५४०५३००
वित्तीय प्रतिवेदन
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

आर्थिक सङ्केत	विवरण	चालु आ व को कारोवार	गत आ व को कारोवार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	५६,९९,२१,०६५.०४	४७,१३,१४,९८३.६६
१३०००	अनुदान	४५,५३,३२,७७७.९९	५६,९५,६८,४०८.०१
१४०००	अन्य राजस्व	११,८१,७०,५६७.३८	९,४०,१८,३५४.१६
१५०००	विविध प्राप्ति	१,७६,०००.००	६२,४६०.००
क	कुल जम्मा प्राप्ति	१,१४,३६,००,४१०.४१	१,१३,४९,६४,२०५.८३
३	चालु	५७,३८,२८,४२२.५२	५३,३९,५७,२२९.८७
२१०००	पारिश्रमिक / सुविधा	१९,५०,०८,३८६.६८	१८,६८,५२,४८४.५७
२२०००	मालसामान तथा सेवाको उपयोग	३३,८२,९२,४५४.३६	३०,८४,९७,८००.३८
२५०००	सहायता (Subsidy)	२,११,८८,४५५.००	२,००,३४,५३४.००
२६०००	अनुदान	१५,००,०००.००	०.००
२७०००	सामाजिक सुरक्षा	१,४६,६४,२०४.००	१,१६,५२,४६३.००
२८०००	अन्य खर्च	३१,७४,९२२.४८	६९,१९,९४७.९२
४	पूंजीगत	६५,२४,३९,२३६.०३	८६,६८,२७,५६१.२१
३१११०	भवन तथा संरचना	३,१४,२०,६९८.५७	१४,०१,७७,१३७.९७
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	३,८५,६०,४१७.००	२,७०,६६,२९०.००
३११३०	अन्य पूँजीगत खर्च	४९,८७,८७१.००	२२,७४,३२२.००
३११४०	सुरक्षा उपकरण	३७,९५,०००.००	०.००
३११५०	सार्वजनिक निर्माण	५७,३०,१२,१९३.४६	६८,३२,४७,८५९.२४
३११६०	निर्मितसरचनाको सुधार खर्च	६,६३,०५६.००	१८,६०,७२१.००
३११७०	पूँजीगत सुधार खर्च	०.००	१,२२,०१,२३१.००
५	वित्तीय	०.००	०.००
ख)	कुल जम्मा भुक्तानी	१,२२,६२,६७,६५८.५५	१,४०,०७,८४,७९१.०८
ग)	बचत /कमी (ग = क-ख)	(८,२६,६७,२४८.१४)	(२६,५८,२०,५८५.२५)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	१,०९,४०,३९६.४०	१,२१,४१,०२९.५१
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(७,१७,२६,८५१.७४)	(२५,३६,७९,५५५.७४)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	६६,७५,०५,४५७.७९	९२,११,८५,०१३.५३
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	५९,५७,७८,६०६.०५	६६,७५,०५,४५७.७९

२.२ **वित्तीय विवरणको यथार्थता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) मा स्थानीय तहले महालेखापरीक्षकवाट स्वीकृत भएवमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ । सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । सामाजिक सुरक्षाको रु१४००३४३२८, सामाजिक विकास कार्यक्रमको रु६०००००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ८५२९०७८ तथा गरिवसँग विश्वेश्वर कार्यक्रमको रु४२९८६५ समेतको जम्मा रु १४,९५,९३,२७१।०० को सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत वित्तीय विवरणमा समावेश गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । एकिकृत आर्थिक विवरण र सुत्रअनुसारको प्रतिवेदनमा फरक देखिएको जिम्मेवारी अ ल्या, प्राप्ति एवं भुक्तानीको हिसाव यकिन गरी बैंक मौज्दात् को फरक परेको हिसाव यकिन गरी समायोजन गर्नुपर्दछ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी वित्तिय प्रतिवेदन र लेखांकनमा तोकिएअनुसारका वित्तिय विवरण र खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति यकिन गर्ने र आम्दानी खर्चमा पारदर्शिता कायम गरिनुपर्दछ ।

एकिकृत आयव्यय विवरण

आ.व २०८०।८१

टोखा नगरपालिका

सि.नं	आयतर्फ			सि नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		६६७५०५४५८	१	चालु खर्च	५७३८२८४२३	५७३८२८४२३
	बैंक संचित	६०८४९०३१८		२	पूँजीगत खर्च	६५२४३९२३६	६५२४३९२३६
	धरौटी	३३८९६५६९		३	वित्तिय व्यवस्था भुक्तानी		
	कर्मचारी कल्याण केष	१९४५७०३८			क) ऋण भुक्तानी		
	विविध खर्च खाता	२०४८६१५			ख) ब्याज भुक्तानी		
	प्रकेप व्यवस्थापन	३६१२९१८			ग) अन्य भुक्तानी		
				४	धरौटी फिर्ता	१५००६१८४	१५००६१८४
२	राजस्व (आन्तरिक आय)		६८८२६३७३२	५	कोष फिर्ता	३४४१८४७	३४४१८४७
	क) आन्तरिक राजस्व	३३३९१८०१४		६	मौज्दात		५९५७७८६०६
	ख) राजस्व बाँडफाँड	३५४३४५७१८			धरौट मौज्दात	३३४४९३१६	
	ग) अन्य आय				संचित कोष खाताको मौज्दात	५२५८२३०७०	
३	वित्तिय हस्तान्तरण संघ		३९२७०६९४०		कर्मचारी कल्याण केष	२४४५७०३८	
	क) वित्तिय समानीकरण अनुदान	२१८८२९०००			विविध खर्च खाता	२४२९६१५	
	ख) सशर्त अनुदान	१६९०११८८६			प्रकेप व्यवस्थापन	३६१२९१८	
	ग) समपूरक अनुदान	४८६६०५४		७	मर्मत संभार	६००६६४९	
	घ) विशेष अनुदान			८	सामाजिक सुरक्षा	१४००३४३२८	१४००३४३२८
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		५७१०४४६४	९	स्वास्थ्य क्षेत्र सुधार	८५२९०७८	८५२९०७८
	क) वित्तिय समानीकरण अनुदान	२६२१७०००		१०	सामाजीक विकास	६०००००	६०००००
	ख) सशर्त अनुदान	१५९५९२४९		११	गरबसँग विश्वेश्वर कार्यक्रम	४२९८६५	४२९८६५
	ग) समपुरक अनुदान	१४९२८२१५					
	घ) विशेष अनुदान						
५	विभिन्न कोषतर्फको आय		१४६२९७२७				
	कर्मचारी कल्याणकोष	५००००००					
	मर्मत कोष खाता	६००६६४९					
	विविध खर्च खाता	३६२३०७८					
६	जनसहभागिता (नगद)	५५२१३७३	५५२१३७३				

७	धरौटी आय	१४५५८९३१	१४५५८९३१				
८	सामाजिक सुरक्षा	१४००३४३२८	१४००३४३२८				
९	स्वास्थ्य क्षेत्र सुधार	८५२९०७८	८५२९०७८				
१०	सामाजीक विकास	६०००००	६०००००				
११	गरबसँग विश्वेश्वर कार्यक्रम	४२९८६५	४२९८६५				
१२	विविध आम्दानी	२०३६६९	२०३६६९				
	कुल जम्मा		१९९००८७५६७				१९९००८७५६७

तुलना

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	६६७५०५४५८	११४३६००४१०	१२२६२६७६५९	५९५७७८६०६
एकीकृत आर्थिक विवरणअनुसार	६६७५०५४५८	१३२२५८२१०९	१३९४३०८९६१	५९५७७८६०६
फरक	०	-१७८९८१६९९	-१६८०४१३०२	०

२.४ पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात् जिम्मेवारी रु. ६६५१५२४१० रहेकोमा यस वर्ष पालिकाले सुत्रमा र एकिकृत आर्थिक विवरणमा रु ६६७५०५४५८ मौज्दात् जिम्मेवारी सारेको छ । यसरी सुत्र र एकिकृत आय व्ययमा बढी जिम्मेवारी सारेको रु २३५३०४८ सम्वन्धमा पालिकाले यकिन गरेर जिम्मेवारीको हिसावमिलान गर्नुपर्दछ ।

२.५ पालिकाले एकिकृत आयव्ययको आयतर्फ विविध आम्दानी रु.२,०३,६६९ जनाएकोमा उक्त आम्दानीको शिर्षक विवरण तथा श्रोत खुलेको छैन । राजस्वतर्फ एकमुष्ठ आम्दानी जम्मा रु.३३,३९,१८,०१४ को प्रमाणित अभिलेख पेश भएकोमा उक्त फरक विविध आम्दानीको श्रेस्ता पेश भएको छैन । कुन प्रयोजनको विविध तर्फको के कति आम्दानी भएको हो सो को यथार्थता नखुलेकोले पालिकाले आय शिर्षकको अभिलेख यकिन गरी विविध आम्दानी र सो को खर्चमा पारदर्शिता कायम गर्नुपर्दछ ।

२.६ **आय व्यय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । नगरपालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तिम दिनको लिने गरेको छैन, आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न नगरपालिकाले आर्थिक नियमावली स्विकृत गरी नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएकोले आषाढ मसान्तको मौज्दात् को आधारमा आर्थिक विवरण प्रस्तुत गर्नुपर्दछ ।

२.७ **फिर्ता गर्न वाँकी रकम**

विनियोजन ऐन २०८० को दफा ४(१२) मा शसर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सम्वन्धित स्थानिय तहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत् आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र संघिय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने उल्लेख छ । तर पालिकाले आर्थिक वर्षको अन्तसम्म पनि वचत रहेको रकम सम्वन्धित सञ्चित कोषमा फिर्ता दाखिला नगरी प्रदेश समपुरक विशेष तथा सशर्त अनुदानको रु.४९२७५०० मिति २०८१।५।३१ मा मात्र रा वा वैंकमा फिर्ता दाखिला गरेको प्रमाण पेश भएको छ । खर्च नभई बचत भएको सशर्त अनुदान रकम तोकिएको समयमै फिर्ता दाखिला गर्नुपर्दछ ।

२.८ NPSAS मा आधारित आर्थिक विवरण

महालेखा नियन्त्रक कार्यालयले २०८१/४/२८ मा सवै पालिकालाई नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानदण्ड अनुसारको वित्तीय विवरण तयार गर्न परिपत्र गरेको छ।महालेखापरीक्षकको कार्यालयबाट एकिकृत वित्तीय प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि ढाँचा समेत स्वीकृत गरेको छ। तर सो अनुसार प्राप्ति र भुक्तानीको तुलनात्मक विवरण तथा बजेटको तुलनात्मक विवरण तयार गर्नुपर्नेमा गरेको पाइएन। पालिकाले नेप्सासमा आधारित वित्तीय विवरण तयार गर्नुपर्दछ । साथै पालिकाले तयार गरेको आर्थिक विवरणमा सुधार गर्नुपर्ने अन्य व्यहोरा देहायबमोजिम छन् ।

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउनुपर्दछ ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय को यथार्थता एकिन गर्न सक्ने अवस्था छैन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तयार गरी तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरेको र आंशिक मात्र लागू गरेको पाईयो । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल हुन नसकेकोले सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका कैफियत व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा नतोकेको र जिल्ला दररेटलाई आधार मानी योजना तथा कार्यक्रम सञ्चालन गरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो नियमावली नवनाएको र संघिय कानुनलाई नै पूर्ण आधार लिएको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले खर्चको कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन,

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको आयोजना बैंक (Project bank) खडा गरेको देखिएन,

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरी वडागत रुपमा बजेटको आधारमा योजना स्विकृत गरी कार्यान्वियन गर्दै आएकाले वजेट तथा कार्यक्रमको प्राथमिकिकरण हुन सकेको छैन,

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन, शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र मार्फत् कार्यान्वियन भएको छैन,

• बैठक भत्ता भुक्तानी गर्दा आमन्त्रितको संख्या निर्देशिकाले तोके भन्दा बढी राखी भत्ता भुक्तानी गर्ने गरेको छ,

• शिर्षक फरक पारी असम्वन्धित खर्च लेख्ने गरेको,

• विभिन्न तालिमा सञ्चालन गरी भुक्तानी खर्च लेखेकोमा रुटिन तथा श्रोतव्यक्ति मनोनयन पत्रका साथै योग्यता समेत संलग्न नगरी कार्यक्रम सञ्चालन गर्ने गरेको,

• रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको तथा आर्थिक वर्षअनुसारका रसिद ठेलिहरु वाँकि, खर्च र आम्दानी ठेली संख्याको चेकजाँच नगरेको,

• विभिन्न तालिमवाट उत्पादित सामाग्री वडा तथा नगरपालिका कार्यालयमा दाखिला हुनुपर्ने गरि सम्झौता भएकोमा कुनै पनि तालिमवाट उत्पादित सामाग्रि दाखिला गर्ने नगरेको,

• ईन्धन खर्चको सरकारी सम्पत्ती अभिलेख प्रणाली (पाम्स) मा दाखिला रेकर्ड नराखेको,

• जिन्सि निरीक्षण प्रतिवेदन सरकारी सम्पत्ति अभिलेख प्रणाली -पाम्समा नराखेको,
• कन्टिन्जेन्सी रकमको खर्च र आम्दानी सम्वन्धमा अभिलेख नराखी औचित्य पुष्टि नहुने गरी खर्च गर्दै आएको,

उपर्युक्तानुसारको स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर मुल्यांकन भएकोले तत्काल कायम हुने गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाई सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय आन्तरिक नियन्त्रण कायम गरी सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।

४ पालनाको लेखापरीक्षण

४.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने व्यवस्था भएअनुसार यस पालिकाले आवधिक योजना तयार गरेको छ । उक्त आवधिक योजना अनुरुप पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन योजनालाई भन्दा सालवसाली

योजनाहरुलाई समावेश गरी कार्यान्वयन गर्दै आएको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना अनुरुपका दिर्घकालिन योजना तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेअनुरुपको प्रभावकारीता हुने गरी क्षेत्रगत योजनाहरुको वजेट सिमा तोकेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गरेर मात्र वार्षिक कार्यक्रम एवं वजेट सार्वजनिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४.३ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.१ अर्ब ८८ करोडको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना तर्जुमा अख्तियारी प्रदान लगायतका कार्यको व्यवस्थापन भई प्रशासनिक कार्य लगायत सेवा प्रवाहमा सहजता कायम भएको अवस्था देखिन्छ ।

४.४ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा राखी आयव्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न अनुसारका कार्यक्रम तथा शीर्षकमा रु.१३ करोड ४६ लाख बजेट अबण्डा राखी रु. ९ करोड ४२ लाख खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी कार्यपालिकाको पटके निर्णयबाट तथा तोकादेशवाट बजेट खर्च गर्ने गर्दा जनताको आवश्यकता र प्राथमिकताको पहिचान नहुने, आवश्यक कार्यक्रमको छनोट हुन नसक्ने, उत्पादनमा वृद्धि हुने कार्यक्रमभन्दा वितरणमुखी कार्यक्रमको छनोट हुन गई स्रोतको सदुपयोग समेत हुनसक्ने निश्चितत नहुँदा अबण्डामा बजेट व्यवस्था गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

शिर्षक	बजेट	खर्च
स्वास्थ्य उपचार कोष	१००००००००	५०२९२६९
संस्कृति संरक्षण तथा प्रवर्धन कोष	८००००००	७९९९३६२
मेयर उज्यालो कार्यक्रम अन्तर्गत सडक वत्ती जडान कार्यक्रम	१३६००००००	२१४६८५२
खानेपानी संरचना निर्माण तथा पाईपलाईन विस्तार मर्मत	१५००००००	११५२६७३६
नगरपालिका ६० र स्थानीय पक्ष ४० % लागत सहभागीता कार्यक्रम (समपुरक कोष थप	८००००००	६६८०३२७
नगर पूर्वाधार बिकास विशेष कार्यक्रम	३३००००००	२२८६०७९८
लक्षित वर्गका विभिन्न कार्यक्रम संचालन (सीप मूलक, आयमूलक)	१००००००००	८५३९००८
विविध मर्मत संभार भैपरी	३७००००००	२९३५०९५५
जम्मा	१३४६०००००	९४१३३३०७

पालिकाले आयोजना वैंक स्थापना नगरी अवण्डामा वजेट राखी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्ने देखिएको छ ।

४.५ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत निति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा आर्थिक वर्ष ०८०।८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको निर्णयवाट १७५ वटा पुर्वाधार, सामाजिक विकास तथा वातावरणतर्फका योजनाको वजेट रु.३१,३४,१२,५०० (कुल विनियोजित वजेटको १७ प्रतिशत) घटाई विभिन्न १६८ वटा पुर्वाधार स्वास्थ्य र पर्यटन मेला जात्रा पर्व जस्ता टुक्रे योजनामा रु.१९,०२,७१,५०० बढाई रकमान्तर गरी खर्च गरेको छ । कानुन विपरित हुनेगरी भएको रकमान्तर समेत आ व २०८१।८२ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो। यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत देखिएन । संघ तथा प्रदेशवाट तोकिएका योजना तथा अनुदान समेतमा समयमै रकम प्राप्त नहुँदा केहि योजनाहरु संशोधन गर्नुपरेको पालिकाले जनाएको छ । तोकिएको सिमाभित्र तोकिएको शिर्षकमा नीति तथा कार्यक्रमको परिधिभित्र रकमान्तर गरी वजेट कार्यान्वयन प्रकृयालाई पारदर्शि बनाउनुपर्दछ ।

५ आय अनुमान एवं कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहिमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने केहिमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा आन्तरिक आय केहि बढी संकलन भएको छ । पालिकाले कर सप्ताह सम्पन्न गरेको, व्यवसाय दर्ता अभियान सञ्चालन गरी व्यवसाय कर बढेको छ । पालिकाले ठुला करदाता देउराली जनता फर्मास्युटिकल्स र ग्राण्डी अस्पताललाई करको दायरामा ल्याई कर असुली गरेको छ भने त्यसै गरी अन्य ठुला कर दातालाई करको दायरामा ल्याउन थप पहल गर्नुपर्ने देखिएको छ । पालिकाको शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी
११३१३ - सम्पती कर	९००००००	१२५९४८१२९
११३१४ - भुमिकर/मालपोत	२५०००००	३३३८५२१
११३१७ - वहाल कर	७४०६८६८२	८०७४२४१९
११३१८ - वहाल विटौरी कर	२०००००	१६२०००
११४५१ - सवारी साधन कर (साना सवारी)	०	२००
११४७२ - बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	०	३९००
११४७९ - अन्य मनोरञ्जन कर	०	३०००
११६११ - व्यवसायले भुक्तानी गर्ने	०	२२४८२८
११६९१ - अन्य कर	५०००००	६१२४००६
१४१२९ - अन्य निकायबाट प्राप्त लाभांश	०	३१०००
१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	६०००
१४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	०	७००
१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	०	१०००
१४२१७ - नहर तथा कुलो उपयोग वापतको शुल्क	०	३५००
१४२१८ - विद्युत सेवा शुल्क	०	२७००
१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	०	३०००
१४२२१ - न्यायिक दस्तूर	०	११७६८६८
१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	०	२५०३००
१४२२४ - परीक्षा शुल्क	१००००००	११४६५५०
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	९०००००	२५७७५५०
१४२४२ - नक्सापास दस्तुर	३००००००	४४७७१८९३
१४२४३ - सिफारिश दस्तुर	२३५०००००	२८०१६८३२
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	०	३१८३००
१४२४५ - नाता प्रमाणित दस्तुर	०	९९९००
१४२४९ - अन्य दस्तुर	०	१९२१६९६
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	९४७६०
१४२६५ - अन्य क्षेत्रको आय	०	१०००
१४३११ - न्यायिक दण्ड जरिवाना र जफत	०	१०१००
१४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत	१००००००	२२४७६०५
१४३१३ - धरौटी सदरस्याहा	०	१६०००

१४४२१ - पूँजीगत हस्तान्तरण	०	४८८००
१४५२९ - अन्य राजस्व	०	१४१६४०
१४६११ - व्यवसाय कर	३००००००	३४३११२१८
१५१११ - बेरूजू	९९५०००	१७६०००
	२५४६६३६८२	३३३९२१९१४

पालिकाले अनुमान नगरेको केहि आय शिर्षकमा समेत आय प्राप्त भएको, सभाले स्विकृत अनुमान गरेका राजस्व शिर्षकमध्ये केहि शिर्षकमा अत्यन्तै न्युन प्रतिशत प्रगति समेत देखिएको छ । व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको लगत अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको छ । वडामा राजस्व संकलनको लागि नगरपालिकाले अनलाईन पोर्टल राजस्व प्रणाली अनिवार्य गरेको जनाएतापनि सवै वडामा पुराना करदाताहरुको अभिलेख पुरानो ढङ्गमा नै अभिलेख राख्ने गरेको र सो को नगरपालिका केन्द्रवाट सुपरीवेक्षण हुने गरेको छैन । नयाँ करदातालाई मात्र करको अभिलेख अनलाईन पोर्टलमा राखेतापनी पुराना करदाता समेत यकिन गरी कर वक्यौता तथा असुलीमा ध्यान दिनुपर्ने साथै आफ्नो क्षेत्रभित्र करदाताको लगत अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

६ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५९८८०४६७५	३३३९१८०१४	५५

उपर्युक्त विवरण अनुसार यस नगरपालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५५ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै सेवा सुविधासँग आन्तरिक आयलाई आवद्ध गरेर आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ भुक्तानी दिन बाँकी विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षको बजेटमा समेत गत वर्षको रु.३,०१,१७,२२३ भुक्तानी दिन बाँकीको व्यवस्था गरी आ व २०८०।८१ मा भुक्तानी दिएको छ । यस अन्तर्गत चालु र पहिले नै यकिन गर्न सकिने जस्तै स्वास्थ्यकर्मि पारिश्रमिक, तलव, भ्रमण भत्ता, बैठक भत्ताको लागी १०८ जना कर्मचारी, व्यक्ती तथा फर्मको चालु प्रकृतिका खर्चका दायित्वहरु भुक्तानी वाँकी राखेको पाईयो । आन्तरिक आय न्युन रहेका पालिकामा बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने, तथा केहि बहुवर्षे क्रमागत ठेक्काका योजनाको रकम समेत भुक्तानी वाँकिको रुपमा राख्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि पालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागितामुलक, स्थानीय स्रोत र साधन उपयोग हुने, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकासलाई प्राथमिकतामा राखेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्दछ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडा र पालिकास्तरका योजनामा वजेट विनियोजन गरेकोमा निम्नानुसार ५५५ वटा पूर्वाधारतर्फका योजनामा खर्च लेखेको पाईयो । विनियोजित बजेटबाट सम्पन्न भएका योजनाको विवरण निम्न बमोजिम रहेको छ।

योजना	रु १ लाख सम्म	रु १ -१० लाख सम्म	रु १० - २५ लाखसम्म	२५-५० लाखसम्म	५० लाख-१ करोड सम्म	१ करोड भन्दा बढी	जम्मा
वडा तथा नगर स्तरिय	६४	२९९	१२३	५२	१०	७	५५५

पालिकाले वडातर्फ अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कमजोर हुन सक्ने देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरणका आधारमा छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम वार्षिक लक्ष्य प्रगती कानुनमा तोकिएको समयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाको पुर्वाधारतर्फमात्र पूजिगत समेतका निम्नानुसारका ५५५ योजना, शिर्षकगत कार्यक्रममा न्युन प्रगति देखिएको छ । विभिन्न खर्च शिर्षकका ५५५ वटा मुख्य कार्यक्रममध्ये ७८ वटा (१४.०५ प्रतिशत) कार्यक्रम/परियोजनामा शुन्य प्रगति भएको पाईयो । वार्षिक विनियोजित वजेट तथा तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

कार्यक्रम/योजना संख्या पुर्वाधार तर्फ	यो बर्ष खर्च	वार्षिक प्रगति स्थिती				
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५% भन्दा वढी
५५५	५९६७२८४३८.९७	७८	१८	१	८	४५०

शुन्य प्रगति भएका पूजिगत तथा पूर्वाधारतर्फका जनता सुरक्षित आवास कार्यक्रम तथा खानेपानी पुर्वाधार निर्माण जस्ता ७८ वटा कार्यक्रमहरु कार्यान्वयन हुन सकेका छैनन् । केहि उदाहरण निम्न छन् -

कार्यक्रम	विनियोजन रकम
जनता सुरक्षा कार्यक्रम अन्तरगत सिसिटिभी जडान कार्यक्रम	१,५०,००,०००.००
Office Automated System(सूचना प्रणाली विकास) स्थापना (२०९)	१७,००,०००.००
वडा नं. ७ को फलफुल चोक देखि दाहालगौडा हुदै कृष्ण मन्दिर निस्कने सडक ओभरले (८१६)	२०,००,०००.००
टोखा खानेपानी पूर्वाधार व्यवस्थापन (४४३)	२०,००,०००.००
वन वातावरण तथा सरसफाई कोष (२६५)	६०,००,०००.००

पालिकाले तोकिएअनुसार वार्षिक कार्यक्रम, स्विकृत वजेट तथा योजना अनुसार कार्यान्वयन गरी पूर्वनिर्धारित लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ ।

१० **वार्षिक प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ वमोजिम पालिकाले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने तोकेको छ । पालिकाले वार्षिक प्रतिवेदन तयार गरेको जनाएतापनी नियममावलीमा भएको व्यवस्थाअनुरुप वार्षिक प्रतिवेदन तोकिएको समयमा पेश गर्नुपर्दछ ।

११ **वार्षिक खरिद गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत पालिका पूजिगततर्फ वार्षिक रु.६५ करोड २४ लाख ३९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा विद्यमान ऐन, नियम बमोजिम वार्षिक खरिद गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले नियमावली बमोजिम खरिद गुरुयोजना स्विकृत गरेर व्यवस्थित र प्रभावकारी हुने गरी प्रतिस्पर्धी खरिद कार्य गर्नुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्च**

पालिकाको नगरसभाको निति तथा कार्यक्रमअनुसार स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछन्छ । पालिकाले २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार पेश गरेको छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	जम्मा खर्चको तुलनामा खर्च %
१	आर्थिक विकास	३३१७००००	२२८२४८१४	२
२	पूर्वाधार विकास	९३८६४१७३१	५९६७२८४३९	४९
३	सामाजिक विकास	४७२१५००००	३७४०७०१५३	३१
४	सुशासन तथा अन्तर्सम्ब्धित	७६८५०९७१	२५९७६६२३	२
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	२४०२१४२९८	२०६६६७६२९	१७
	जम्मा	१७६१०२७०००	१२२६२६७६५९	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४९ प्रतिशत र पालिकाले प्राथमिकताका तोकेको आर्थिक विकास तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी अर्थात् २, २ प्रतिशत रहेको छ । पालिकाले सवै क्षेत्रगत सन्तुलन हुने गरी आर्थिक विकास तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ थप वजेट विनियोजन तथा खर्चलाई प्राथमिकता दिनुपर्दछ ।

१३ **त्रैमासिक खर्च स्थिति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रमा अभिलेख भएको पालिकातर्फको त्रैमासिक खर्च विवरण निम्नानुसार रहेको छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
चालु खर्च	७२३४२१६९४	१२९८४३९३३	१२४९३३६१६	१७९८६५९५४	२८८७८१८९१	१६८८९१५५१
पुंजिगत खर्च	६५२४३९२३६	३१३२३५९४	११०९२२७५५	२०२८७७०२८	३०७३१५८६०	१७०१३७९३५
जम्मा	१३७५८६०९३०	१६११६७५२७	२३५८५६३७१	३८२७४२९८१	५९६०९७७५१	३३९०२९४८६
खर्च प्रतिशत		१२	१७	२८	४३	२५

उक्त विवरणअनुसार चालु र पूजिगत समेत जम्मा खर्च रु. १३७५८६०९३० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १६११६७५२७ (१२ प्रतिशत) दोश्रो त्रैमासिकमा रु. २३५८५६३७१ (१७ प्रतिशत) तेश्रो त्रैमासिकमा रु. ३८२७४२९८१ (२८ प्रतिशत) चौथो त्रैमासिकमा रु. ५९६०९७७५१ (४३ प्रतिशत) र आषाढमा मात्र रु. ३३९०२९४८६ (२५ प्रतिशत) खर्च भएको पाईयो । आषाढ महिनामा मात्र २५ प्रतिशत खर्च देखिनुले वर्षान्त तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने, प्राविधिक जनशक्तिको अभाव हुन जाने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा आएर खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी स्विकृत कार्यक्रमअनुसार त्रैमासिक रुपमा संन्तुलीत खर्च हुने गरी कार्यक्रम स्विकृत एवं कार्यान्वियन गरिनुपर्दछ ।

१४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा कार्यविधि स्विकृत गरेर विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष विविध खर्च शिर्षकमा मात्र कुल जम्मा रु.६७,१७,८४९ भुक्तानी भएको छ । जुन पालिकाको आन्तरिक आय रु.३३३९१८०१४ को २.१ प्रतिशत हुन आउँछ । यस्ता स्वविवेकिय खर्च निश्चित खर्चको मापदण्ड नहुँदा अत्याधिक अनुत्पादक खर्च हुने सम्भावना रहने हुँदा खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । विविध खर्च भुक्तानीका केहि उदाहरण निम्नानुसार छन् ।

मिति	भौ. नं.	विवरण	खर्च रकम
०५/२९/२०८०	७५	विभिन्न मितिमा खाजा उपलब्ध गराए बापत के.एफ.सी फाष्टफुडलाई भुक्तानी	२,०८,२०७.००
०६/२१/२०८०	१५८	कार्यालयमा खाजा तथा खाना उपलब्ध गराए बापत के.एफ.सी. फाष्टफुडलाई भुक्तानी	१,००,८५४.००
०६/२६/२०८०	२४४	भवन उद्घाटन मा भएको खाजा खर्च	१,३९,३५५.००
०७/०१/२०८०	३३९	नगरपालिकामा खाना उपलब्ध गराए बापत नवदुर्गा क्याटरिङ सर्भिसलाई भुक्तानी	१,१८,६५०.००
११/२९/२०८०	१३७२	कार्यक्रममा खाजा खुवाए बापत टोखा फिटनेश एण्ड रिक्रियशनलाई भुक्तानी	१,९४,७२७.००
१२/०८/२०८०	१४७९	ना पा मा खाजा उपलब्ध गरे बापतको रकम स्मार्ट महल लाई भुक्तानी	१,६४,७९०.००

१५ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको वजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी वजेट विनियोजन गरेको र निश्चित विधि र मापदण्ड वेगर अन्य संस्था सहायता शिर्षकवाट सहायता लगायतमा आर्थिक सहायता वितरण वापत नगरप्रमुखको तोकादेशका आधारमा अति विपन्न, सिमान्तकृत र लक्षित वर्गको सिफारिसका आधारमा आर्थिक सहायता वापत ९० जनालाई रु.५००० देखि १००००० सम्मका दरमा रु.२४,९७,२४७ र अन्य सामाजिक सुरक्षा आकस्मिक सहयोग अनुदान समेत १०१ जनालाई रु.१००० देखि ५०००० सम्मका दरमा रु.१९,९४,३६३ समेत कुल जम्मा ४४९१६१० खर्च भएको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु.३३३९१८०१४ को

१.४ प्रतिशत हुन आउँछ । यसरी आर्थिक सहायता लगायतका सिमा नतोकिएका शिर्षकमा वजेट खर्च बढी हुँदै जाँदा पालिकाको विकास निर्माण तथा सामाजिक विकास जस्ता महत्वपुर्ण क्षेत्रमा बजेटको अभाव हुन सक्दछ । अत: अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण गर्न मापदण्ड र कार्यविधि तयार गरी खर्च व्पवस्थित गर्नुपर्दछ ।

१६ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेखमर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको पेश गरेको अभिलेख अनुसार करिव १४०० रोपनी जग्गा र विष्णुमति करिडोरको करिव ९ किलोमिटर ट्र्याकको जग्गा थप अतिक्रमण हुनवाट जोगाई संरक्षण गरी राखेको र थप जग्गा अतिक्रमण हुन आ व २०८१।८२ को निति कार्यक्रममा नै व्यवस्था गरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी गराई सोको अभिलेख व्यवस्थित राख्नु पर्दछ । ऐनले तोकेको कार्यविधि अवलम्बन गरी संरक्षित जग्गाहरूको लगत अध्यावधिक गर्ने र अतिक्रमित जग्गाको खोजी कार्य समेतलाई नगरपालिकाले नतिजा हासिल हुने गरी थप निरन्तरता दिनुपर्दछ ।

१७ **जिन्सि निरिक्षण प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा प्रत्येक कार्यालयले जिन्सी निरिक्षण गरी जिन्सि सामानको मौज्दात् तथा अवस्था देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सम्पत्ति तथा जिन्सीको मौजुदा अवस्थाको निरिक्षण गरी प्रतिवेदन तयार गरेको छैन । त्यस्तै नगरपालिकावाट वडा कार्यालय तथा अन्य संस्थाहरुमा हस्तान्तरण गरेको जनाएकोमा रितपूर्वकको हस्तान्तरण फाराम समेत पेश भएको छैन । जिन्सी निरिक्षण गरी सरकारी सम्पत्तिको अद्यावधिक अवस्था यकिन गरेर जिन्सी संरक्षण गर्नुपर्दछ ।

१८ **सहकारी सञ्चालन र नियमन**

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका,२०७८ को बुँदा नं ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकिकृत सुचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र सहकारी संचालनमा रहेका सहकारी संस्थाको अद्यावधिक अभिलेख राखेको छैन । ऐनको व्यवस्था अनुसार नगरक्षेत्रमा दर्ता भएका सहकारी संस्थाको अनुगमन पनि गरेको छैन । पालिकाले उपलव्ध गराएको विवरण अनुसार केहिको आंशिक विवरण पेश भएको र केही निष्कृय रहेको जनाएको छ । पालिकाभित्रका सहकारी संस्थाहरुले एकिकृत सुचना व्यवस्थापन प्रणालीवाट मासिक विवरण दाखिला गर्ने गरेको पाईएन । त्यसैगरी पालिकावाट अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन समन्वय समेत गर्ने गरेको छैन । क्षेत्रगत उद्धेश्यगत सहकारी दर्ता सञ्चालन निष्कृय रहेका सहकारीको अद्यावधिक विवरण माग गरेकोमा नगरपालिकावाट विवरण पेश भएन । जसले गर्दा सहकारी सञ्चालनको अवस्थावारे अध्ययन गर्न सकिएन । पालिकाले विभिन्न समस्या आइसकेका र समास्याउन्मुख सहकारी संस्थाहरुको वारेमा उजुरी परेका सहकारीका बचत कर्ताहरुको बचत फिर्ता गर्न नसकि संस्थाको कार्यालय नियमित संचालनमा नरहेका सहकारीका वचतकर्ताको वचत समेत जोखिममा परेको जानकारी दिएतापनी सोको आधिकारीक विवरण उपलव्ध गराउन अनुरोध गरेकोमा विवरण उपलव्ध भएन ।

तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा नगरपालिकाभित्र कारोवार गर्दै आएका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, वचत रकमको सुरक्षाका लागी लगानी लगायतका कारोवारको अनुगमन गरी जनताको वचत रकमको सुरक्षा हुने गरी आवश्यक व्यवस्थाको लागी विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय गर्ने व्यवसायीसँग व्यवसाय कर उठाउने व्यवस्था छ । नमुना परीक्षणका क्रममा नगरपालिकाका निम्नानुसारका करदाताले हालसम्म कर नतिरेको र पालिकाले समेत

व्यवसाय कर उठाउने प्रयत्न गरेको छैन । कर तिर्न बाँकि करदाताको विवरण अद्यावधिक र अन्तिम मुल्यांकन गरी सम्वन्धितवाट व्यवसाय कर असुल गर्नुपर्ने देखिएको रु.

आ.व २०८०/८१ र हाल सम्म व्यवसाय कर तिर्न बाकी करदाताको विवरण सिस्टम अनुसार				
करदाता नं.	नाम	ठेगाना	आ.व २०८०/८१ को बाकी रकम	हाल सम्मको बाकी रकम
07-33-0066	लर्ड प्यालेस होटल्स एण्ड बेङ्क्वेट्स प्रा ली	टोखा ०७	१९९०८३	३४४५०८
05-04-2010	एस ओ एस म्यानपावर सर्भिस प्रा लि	टोखा ०५	८४५७५	२५५२१३
09-24-2017	ईन्फिनिटी बुल होलडिङ्स प्रा लि	टोखा ९	३२०२५	४७०२५
03-35-0588	उत्साह सुन चाँदी गहना पसल	टोखा ३	११६५५	१९१५५
03-35-0081	गुँरास स्कुल	टोखा ३	२६९५०	३०७००
00-06-0034	क्रियटिभ अनलाईन सपिङ प्रा लि	टोखा ३	६७२०	८३७०
05-36-0069	एपेक्स किड्स पूर्व प्राथमिक विद्यालय	टोखा ०५	३६७५०	४०५००
05-18-2007	डा नारायण बहादुर थापा (ईसान बाल अस्पताल)	टोखा ०५	१७३२५	३९८२५
00-34-0004	सोविज ट्रेन्ट मिडिया एण्ड आई टि कन्सल्टिङ प्रा	टोखा ९	९२९३	१६७९३
03-35-0181	एस एस निर्माण एण्ड सप्लाई कम्पनी	टोखा ३	५५९२५	६५९२५
	जम्मा			८६८०१४

असुल गर्नुपर्ने	८,६८,०१४

२० **सम्पत्ति कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ मा पालिकाले आफ्नो क्षेत्रभित्र सम्पत्ति कर उठाउने व्यवस्था छ । नमुना परीक्षणका क्रममा नगरपालिकाका निम्नानुसारका करदाताले हालसम्म सम्पत्ति कर नतिरेको र पालिकाले समेत कर असुलीमा थप प्रयास गरेको देखिएन । कर तिर्न बाँकि करदाताको विवरण अद्यावधिक गरेर सो विवरणका आधारमा अन्तिम मुल्यांकन गरी सम्वन्धितवाट एकिकृत सम्पत्ति कर असुल गर्नुपर्दछ । पालिकाले कर समयमै वुझाउन सार्वजनिक सुचना जारी गरेको जनाएतापनी नमुना छनोटका आधारमा परिक्षण गर्दा निम्न करदाताको वक्यौता रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको छ ।

करदाता नं.	नाम	ठेगाना	आ.व २०८०/८१ को बाकी रकम	हाल सम्मको बाकी रकम
06-26-1933	प्रेसित इन्भेष्टमेन्ट प्रा लि	टोखा ६	५०३८४	६००७७
09-34-0088	वाइट हाउस बैङ्क्वेट प्रा.लि	टोखा ०९	३५५३३	५२१५६
08-06-0213	कर्मठ बचत तथा ऋण सहकारी संस्था लि	टोखा ८	१३९६२	२०५२६
03-30-1942	मखमली हाउजिङ एण्ड डेभलपर्स प्रा लि समेत	टोखा ३	१४४८८	२१४२०
06-01-2022	अम्बर बहादुर के सी (अपी स्कुल)	टोखा ६	३८९७७९	४६४०२३
03-35-0110	सि डि/मखमली हाउजिङ्ग एण्ड डेभलपर्स प्रा लि	टोखा ३	९८६०	१२१८३
01-26-2023	पार्कलेण्ड एग्रो टुरिजम प्रा लि	टोखा १	९२५१९	१२१८९०
11-04-2005	एल।एस ए ए मल्टी पर्पोज प्रा ली	टोखा ११	१९२४४	२८३१९

२१ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. ३३३९१८०१४, राजस्व बाँडफाँडवाट रु. ३५४३४५७१८ र अनुदान समेत कुल जम्मा रु. १३२२५८२१०७ आम्दानी भएकोमा चालु तर्फ रु. ५७३८२८४२३र पूँजिगत तर्फ रु. ६६१९९८१७९ र वित्तीय ब्यबस्था तर्फ रु. १५८४८२३५७ समेत रु. १३९४३०८९५९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २३.९४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा मात्र रु. १,५३,०२,८९७ खर्च भएको छ जुन आन्तरिक आयको २१.८२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४१ प्रतिशत चालु, ४७ प्रतिशतमात्र पूँजिगत निर्माणमा र १२ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

२२ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मती प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको सूविधामा पालिकाले विनियोजन गरेअनुसारका १४ वटा कार्यक्रम तथा विभिन्न शिर्षकमा १२ महिनामा पदाधिकारी सुविधा बापत रु.१,५३,०२,८९७ र अन्य पटके वैठक/अनुगमन लगायतका सुविधा समेतमा थप खर्च लेखेको देखिन्छ । उक्त खर्च पालिकाको आन्तरिक आय रु.३३३९१८०१४ को ४.६ प्रतिशत हुन आउँछ । पालिकाले पदाधिकारीहरुको सेवा सुविधामा आय श्रोत समेतलाई ध्यान दिई खर्चमा मितव्ययीता अवलम्वन गर्नुपर्दछ ।

२३ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ऐन, नियमावली, कार्यविधि लगायत २ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको समेत ऐन, नियमावली, निर्देशिका, कार्यविधी लगायतका ७० कानुन निर्माण गरी कार्यान्वियनमा आएको जानकारी प्राप्त भएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा/

कार्यपालिकाबाट स्वीकृत गरेतापनि केही कानूनहरु स्थानिय राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ स्विकृत भएका उक्त कानूनहरु स्थानिय राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको १९ गरी कुल २९ विवाद दर्ता भएकोमा २१ वटा फर्स्यौट् भएको र ८ वटा नै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२५ कृषि तथा पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ८९५ जनाको लागि रु. ६६,२७,००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ ।

कृषि कार्यक्रम

क्र. स.	कार्यक्रमको नाम	सेवाग्राही संख्या	परिमाण	अनुदान रकम (रु.हजारमा)	कैफियत
१	५० प्रतिशत अनुदानमा ७० जि. एस. एम. को प्लाष्टिक टनेल वितरण	३६	११२ थान	४५७	आन्तरीक अनुदान
२	५० % अनुदानमा स्प्रेयर वितरण ।	३२	३२ थान	१००	आन्तरीक अनुदान
३	५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण ।	२१	२१ थान	४९८	आन्तरीक अनुदान
४	५० % अनुदानमा खाधान्नको विउ धान, गहुँ विउ वितरण	४४१	१०६५७ के. जी.	७५०	आन्तरीक अनुदान
५	५० प्रतिशत अनुदानमा कम्पोष्ट मल	१७६	१७२०० के. जी.	३५०	आन्तरीक अनुदान
६	गत आ. व. मा स्थापना भएको तरकारी वाली पकेट विकास कार्यक्रमको निरन्तरता टोखा तरकारी पकेट संचालन समन्वयन समिति	३ जना	प्लाष्टिक वास विषादि, विउविजन, मलखाद र टनेल निर्माण गरि ब्यवसायिक तरकारी खेति भईरहेको ।	५००	संघिय शशर्त अनुदान
	जम्मा	७०९		२६५५	

पशु सेवा कार्यक्रम

कार्यक्रमको नाम	अनुदानको किसिम	अनुदान प्रप्ता गर्ने व्यक्ति वा संस्थाको नाम	संख्या	अनुदान रकम (रु हजारमा)	कैफियत
दुग्ध डेरी तथा मासु पसल व्यावसाय प्रवर्द्धन कार्यक्रम	५०%अनुदान	हातेमालो कृषि फार्म तथा मल्ट्रीप्रपोज (मासु व्यवसायी)	१ वटा	३००	आन्तरिक
युवा लक्षित कुखुरा पालन कार्यक्रम	१००% अनुदान	लोकल कुखुरा पालक कृषकहरु	२५ जना	३००	आन्तरिक
काउ म्याट वितरण कार्यक्रम	५०% अनुदान	कृषक	८ जना	१५०	आन्तरिक
पशु पंक्षीको गोठ खोर सुधार कार्यक्रम	५०% अनुदान	कृषक	६	४१२	आन्तरिक
बाख्रा प्रवर्द्धन कार्यक्रम	५०% अनुदान	कृषक	२	१५५	आन्तरिक
५०प्रतिशत अनुदानमा ७० जि. एस. एम. को प्लाष्टिक टनेल वितरण	५०% अनुदान	कृषक	११२	४५७	आन्तरिक
५० % अनुदानमा स्प्रेयर वितरण ।	५०% अनुदान	कृषक	३२	१००	आन्तरिक
५०प्रतिशत अनुदानमा मिनिटिलर वितरण ।	५०% अनुदान	कृषक	२१ थान	४९८	आन्तरिक
५० % अनुदानमा खाधान्नको विउधान, गहुँविउ वितरण	५०% अनुदान	कृषक	१०६५७ के. जी.	७५०	आन्तरिक
५० प्रतिशत अनुदानमाकम्पोष्ट मल	५०% अनुदान	कृषक	१७२०० के. जी.	३५०	आन्तरिक
टोखा नगरपालिकाको गत आ. व.मा स्थापना भएको तरकारी वाली पकेट विकास कार्यक्रमको निरन्तरता	५०% अनुदान	तरकारी पकेट संचालन समन्वयन समिति	प्लाष्टिक वास विषादि, विउ विजन,मलखाद र टनेलनिर्माण	५००	सशर्त
		जम्मा	१८६	३९७२	

उपरोक्त बमोजिम वितरीत अनुदानको पालिकाले व्यवस्थित अभिलेख नराख्दा एउटै व्यक्ति समूहले वर्षेपिच्छे दोहोर्याएर अनुदान जान सक्ने अवस्था छ । अनुदान वितरण सम्वन्धमा स्पष्ट स्थानिय अनुदान निति तथा कार्यविधि वनाई प्रभावकारी कार्यान्वियन हुनेगरी अनुदानको सदुपयोग हुने वितरणका आधार एकिन भएको देखिँदैन । यसरी अनुदान वितरण गर्दा लाभग्राहिले दोहोरो अनुदान नलिएको स्वघोषणा पत्र पेश गरेको देखिएन । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।लक्षित वर्गको कार्यक्रम कार्यान्वियनमा जाने करोडौं रकमको यस्ता अनुदानहरु उत्पादनको आधारमा वितरण गर्ने मोडेल अवलम्वन गरी लाभ लागत विश्लेषण समेतका आधारमा अनुदान रकमलाई थप उपलब्धीमूलक बनाउने, वितरणका नविनतम मोडेल अवलम्वन गरी अनुदान वितरणको पद्धतिलाई पारदर्शी बनाउनुपर्दछ ।

२६ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) अनुसार २५ लाख रुपैया सम्मको औषधीजन्य खरिद उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नमुना परिक्षणको क्रममा पालिकाले स्वास्थ्य शाखा तथा पशु विकास शाखावाट निम्नानुसारको औषधि खरिद गर्दा पटके कोटेशनवाट सोझै खरिद गरेको देखिएको छ ।

मिति	भौ. नं.	विवरण	डेबिट
०८/१५/२०८०	४८१	औषधी खरिद गरे बापत अजम्बरी फर्मास्युटिकललाई भुक्तानी	८७,४०५
०९/१७/२०८०	७०३	औषधी खरिद गरे वापतको रकम भिमदेवी मेडीसिन सप्लायर्स प्रा ली लाइ भुक्तानि । -	४८२,३८७
०९/१८/२०८०	७३३	औषधि खरिद गरे बापत अजम्बरी फर्मास्यूटिकल्सलाई भुक्तानी	१,३९७,२२५
१०/०४/२०८०	८८५	औषधी खरिद गरे बापत आरु ट्रेडर्स तथा भिमदेवी मेडिसिन सप्लायर्सलाई भुक्तानी	६६,२९६
१०/१०/२०८०	९७३	औषधी खरिद भिमदेवी मेडिसिन सप्लायर्स र भिमदेवी मेडिसिन सप्लायर्स प्रा.लि	१८९,३७५
			२,२२२,६८८

औषधि खरिदमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

• औषधिको आपूर्तिपछि, भुक्तानि अघि गुणस्तर र स्पेशिफिकेशन अनुसारको समान भए नभएको मूल्यांकन समितिको प्रतिवेदनका आधारमा यकिन गरी भुक्तानि दिनुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धि कार्य भएको देखिएन ।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएकोले औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ ।

• आपूर्ति भएका औषधिहरु डव्ल्यू एच ओ, जि एम पि प्रमाणित हुनुपर्नेमा सो को अवस्था एकिन हुन नसकेको, उत्पादन स्थिति व्याच नं, औषधि विक्रिको लागी होईन निशुल्क वितरणको लागी जस्ता व्यहोरा प्याकेजिङ्गमा नखुलाएको, औषधि तथा सर्जिकल सामान स्टोर दाखिला पूर्व स्पेशिफीकेसन अनुसार परीक्षण हुने नगरेको अवस्था छ । औषधीको inspection पश्चात् मात्र भुक्तानी हुनुपर्दछ ।

• औषधी खरीद आपूर्ति जिन्सि दाखिला खर्च अभिलेख अद्यावधिक गरी वफर स्टक समेतलाई मध्यनजर गरी औषधिको वितरण समेत खुल्ने गरी अभिलेख राख्ने वर्षान्तमा मौज्दात् वाँकि औषधिको जिम्मेवारी भौतिक परीक्षण समेत गरी जिन्सि अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

२७ पेश्की वाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ । पालिकाको विद्युतिय लेखा प्रणाली सुत्रको विवरण अनुसार यस वर्षको निम्नानुसार पेश्कि वाँकी रहेको देखिन्छ । नियमावलीको व्यवस्थाअनुसार वाँकि पेश्कि असुल फछ्यौंट् हुनुपर्दछ ।

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिनेको नाम	जम्मा बाँकी पेश्की		
				म्याद ननाघेको	म्याद नाघेको	जम्मा
२०८०/०८/२६	१३७	विष्णुमति करिडोर जागरण टोल देखि मनोहर तिर्थसम्म सडक पक्की	सद्भाव बिल्डर्स प्रा.लि.		१९,००,०००.००	१९०००००.
२०८१/०२/१८	५५४	विष्णुमति करिडोर जागरण टोल देखि मनोहर तिर्थसम्म सडक पक्की	सद्भाव बिल्डर्स प्रा.लि.		५,६१,०००.००	५६१०००.
२०८०/१०/०२	१८	एक विद्यालय एक नर्स कार्यक्रम संचालन	तिलिङ्गाटार माध्यमिक विद्यालय		१०,५१०.००	१०,५१०.००
२०८१/०२/२८	४०	एक विद्यालय एक नर्स कार्यक्रम	श्री सरस्वती मा. वि.		१०,५१०.००	१०,५१०.००
		जम्मा				२४८२०६०
					पेश्की	२४,८२,०२०

२८ **ठेक्का अभिलेख तथा व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ९ देखी ५० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक दररेट स्विकृत भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा दुविधा थपिएकोले एकिन गर्नसक्ने अवस्था, आधार, कारण उपलव्ध भएन । यस सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा ठेक्का कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

S.No.	Project Name	Estimate with VAT and PS	बोलपत्रदाताको नाम	कबोल अंक (VAT र PS सहित रु.)	घटी प्रतिशत
1	Ward-10 ko Mul ra sahayak sadak haru Overlay.	2,891,752.26	binaya nirman sewa	2,616,231.33	-9.61
2	Ward-09 ko bibhina Sadak haru Kalopatray	6,281,483.53	Bio Engineering Construction	5,330,607.90	-15.43
3	Sidhesor Mandir dekhi utar tarfa Manmaiju Pool samma Plum wall Nirman, ward-09	7,724,526.20	Papipet Nirman Sewa	4,167,645.00	-46.53
4	Tarkesor-11 ra Tokha-9 Bich Jodne Bishnumati Pool Nirman	37,981,148.63	New khandadevi-Suru J/V	30,324,182.40	-20.16
5	Jalupa Chowk-Baniyatar-Tamang Basti-Shree Swosthani Tol ra Melmilap Tol ma Sadak Kalopatray-ward-08	14,817,582.59	K.P Construction Udhyog	11,813,985.71	-20.41
6	Ward-11 ko Manohar Tirtha Grande samma ko Bato Upgrade.	28,988,800.92	Sugam-Freeman-Nabodita J/V, Kathmandu	18,935,790.66	-34.86
7	Chakretar-Sanubhai chowk Samma Jane Sadak Kalopatray, ward-1	7,244,041.19	Shiva Parasar Construction and Suppliers	5,744,033.33	-20.95
8	Ward 3 ko Bhatkeko Pool dekhi Villi hudai Bakhundol Niskane Sadak Upgrade	15,446,677.39	Warrior Builders	9,327,989.68	-39.96
9	Saibaba Chowk dekhi Bishnumati chapako (Sayako) Dobhan Sadak Upgrade, ward-3	28,908,714.18	Khandadevi-Royal Bishwojyoti J/V	23,796,236.45	-17.81
10	Sangam Tol ra Dupcheswor Tol ma Sadak Kalopatray,ward-08	4,635,181.08	Karmi Dada Nirman Sewa	3,109,670.09	-33.46
11	Bhatkeko Pool Villi Panchetar Road Upgrade, Tokha 2 and 3	5,120,213.79	binaya nirman sewa	4,589,444.69	-10.5
12	Ward vitra ka Sadak Marmat tatha Sadak Overlay ra Samudayak Bhawan hudai Omshanti Muni Sadka Kalopatray, Ward-11	2,898,549.73	Smriti & Company	2,066,903.98	-29.25
13	Road Upgrade and Entrance Gate Construction of Tokha Nagarpalika, ward-07	12,098,520.63	Specs Nepal	8,226,162.61	-32.41
14	Ward-6 antargat Bhanubhakta Gram-Krishna Basti-Dhunge Dhara Ganesh Mandir Area-Nanidevi Shiva Mandir Area ra Grande Hospital Sangaiko Bishnumati Sadak Upgrade	10,510,187.45	binaya nirman sewa	8,315,807.95	-21.19
15	Sidhesor Mandir dekhi utar tarfa Manmaiju Pool samma Plum wall Nirman Phase 02, ward-09	3,700,338.68	Shanti Sameer Construction & Suppliers	1,921,300.92	-48.59
16	Falful chowk dekhi Dahal Gauda hudai Krishna Mandir niskane Sadak Marmat tatha Overlay, Ward-07	1,922,195.05	Baudhik Engineers And Builders Pvt. Ltd.	1,723,159.93	-10.44
17	Manohar tirtha dekhi grande sammako baato upgrade baanki section, ward-11	9,752,191.62	Ultimate Builders Pvt.Ltd	4,939,332.47	-50.41
18	Gachhe Aagachhe Guthi Bhawan Purna Nirman Karya, ward-2	2,410,539.12	Specs Nepal Private Limited	1,653,429.40	-32.04
19	Dupcheswor Tolma Baalmaitri tatha jesthanaagarik park Nirmaan, Ward-08	2,814,333.68	First Group of Construction Pvt. Ltd.	1,650,189.08	-42.19
20	Manohar Ma.Bi. Ko Hall ma Partition board, jhyal, dhoka ra Finishing karya, ward-10	1,496,496.49	suhana construction	1,271,050.51	-15.07
21	Mul tatha Sahayak Sadak haru ma CC Camera jadan karya, ward-09	1,931,328.20	SECURE KNIGHT I.T	1,365,718.00	-29.29

			SOLUTION PVT. LT		
22	Ward ma Shanti Surachya ko lagi Mul tatha Sayak bato tatha basti haru ma CC camera Jadan Karya, Ward-10	1,447,558.25	SECURE KNIGHT I.T SOLUTION PVT. LTD	1,066,155.00	-26.35
23	Dhamaltar Shanti Batika ma Truss tatha Park Nirman Karya, Ward-03	1,931,451.01	suhana construction	1,607,486.99	-16.78
24	Ward-8 ra ward-11 jodne Baniyatar Poolko ward-8 pattiko bhagama Sadak Upgrade	5,336,897.82	Devend Construction	2,950,843.33	-45.35
25	Baudesor Ma.Bi. Bhawan ma Thap Kaxya Kotha Nirman Karya, Ward-01	1,448,348.12	Rameshwor Shiva Shakti Construction	896,033.08	-38.72
26	Bidari Gau Samudayak Bhawan Nirman, Ward-01	1,448,977.33	D and D Construction and Supplier	964,912.79	-33.92
27	Malung Ganesh Mandir Paty Nirman, Ward-01	1,930,466.09	D and D Construction and Supplier	1,295,607.29	-33.27
28	Nature club dekhi -krishna mandir jane road daphe basti sama overlay,ward-06	5,332,047.60	Success Construction and Developers	4,609,160.20	-13.73
29	Samudayak Sewa Samiti Gongabuko Bhawan Nirman, Ward-09	19,315,208.59	Oracle Engineering Solution	10,719,737.76	-44.86
30	Tokha Prahari Prabhag dekhi Tallo bhagko Jhudol Tarfa Jane Pool Aapas Bishnumati Corridor ma Wall Nirman Karya.	40,186,799.38	Om Bajra-Kayam JV	21,290,397.50	-47.77
32	Multipurpose Building with Ward office at Tokha Municipality-08	78,383,482.28	Bishranti Construction Pvt.Ltd,Kathmandu	57,167,528.09	-27.6
31	Bandevi Community Multipurpose Building at Tokha Municipality.	67,632,319.20	D.S/S.R Builders J.V.,Gokarneshwor-9,Kathmandu (J)	43,299,999.38	-36.78

२९ **सफ्टवेयर खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले कर प्रणाली तथा अन्य प्रयोजनका लागी निम्नानुसारका सफ्टवेयरहरु सञ्चालनमा ल्याएको पाईयो ।

मिति	भौ. नं.	विवरण	डेबिट
१२/१८/२०८०	४०६.	कर संकलन प्रणाली र फेसियल विद्युतिय हाजिर को A M C कार्य गरे बापत को रकम सफ्टेक इन्फोसिस प्रा.ली. लाई भुक्तानी	१४३५१०.
०३/२३/२०८१	८१०.	सुचिदर्ता सोफ्टवेयर को A M C कार्य गरे बापत को रकम होराईजन इन्फोटेक लाई भुक्तानी	२५,०००.००
०३/२३/२०८१	८१४.	ब्यबसाय दर्ता अभियान कस्तुमाईजेशन कार्य गरे बापतको रकम सफ्टेक इन्फोसिस प्रा.ली. लाई भुक्तान	९६,०५०.००
०७/०२/२०८०	३७९.	ipayroll softwareको मर्मत सभार शुल्क रकम गभर्नेन्स अटोमेसन सोलुसनलाई भुक्तानी	१२११८३.
०१/१६/२०८१	१७६३.	जनचेतनामुलक सरुन मिडिया प्रा.लि लाई भुक्तानी	४५२०००.
०३/१२/२०८१	२३५५.	खानेपानीको सफ्टवेयर निर्माण गरे वापतको रकम दियनलो टेक्नोलोजि प्रा ली	२९८४९९.
जम्मा			११३६२४२

विभिन्न शाखासँग सम्वन्धित कामको लागी जम्मा रु.११३६२४२ मुल्य वरावरका सफ्टवेयर खरिद गरेकोमा ति सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत समेत लिएको देखिएन । सफ्टवेयर खरिदको आवश्यकता, सो को लागत अनुमान, त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

३० **भ्रमण खर्च तथा प्रतिवेदन**

भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा भ्रमण किफायति हुनुपर्ने उल्लेख छ, त्यस्तै नियम २१ मा अनुसुचि ६ अनुसारको तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न समयको दैनिक भ्रमण भत्ता वापत निम्नानुसारमा भ्रमण कार्यक्रम र पटके भ्रमण समेतका विभिन्न व्यक्ति तथा कर्मचारीलाई भुक्तानी दिएको छ । पालिकाले दैनिक भ्रमण खर्चमा १ करोड ६ लाख ३५ हजार वजेट विनियोजन गरी ७० लाख ३२ हजार खर्च गरेको छ । पालिकाले दैनिक भ्रमण भत्ता भुक्तानीमा आवश्यक्ताको आधारमा भ्रमणमा खटाएर मात्र खर्च लेख्नुपर्दछ ।

विवरण	बजेट	खर्च
विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	५००००००	८६११६
नेपाल घुमौं नेपाल चिनौं अभियानको लागि भ्रमण खर्च (भ्रमण काज) (२४२)	४००००००	२३९४४००
ज्येष्ठ नागरिक एकल महिला भिन्न रुपमा सक्षम मानवहरुको सम्मान तथा भ्रमण (३८४)	६०००००	५९९५५७
बाल क्लवका सदस्यहरुलाइ अध्ययन अवलोकन भ्रमण (स १४८)	२०००००	२०००००
सहवज जिवन संचालनको लागि प्राकृतिक योग तथा धार्मिक भ्रमण (जेष्ठ नागरिकहरुका लागि) (स १३४)	२५००००	२४८०००
जेष्ठ नागरिक धार्मिक स्थल अवलोकन भ्रमण (एकल महिला अपाङगता भएका व्यक्तीहरुको लागि) (७१४)	३०००००	२०६०००
वालमैत्री घोषणा भएको स्थानीय तह अवलोकन भ्रमण (स ९६)	१८५०००	१७०९३५
ज्येष्ठ नागरिक विविध कार्यक्रम एवं धार्मिक भ्रमण (६४६)	३०००००	२९०४४०
स्वास्थ्य शिविर तथा स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण (स ८५)	२५००००	२५००००
स्वास्थ्य शिविर तथा स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण (स ८५)	५००००	४१८८४
भ्रमण खर्च (जनप्रतिनिधि कर्मचारी स्वास्थ्य स्वयंम सेविका लगायत)	२००००००	१४३८७३४
अन्तर जिल्ला/ पालिका भ्रमण (जनप्रतिनिधि कर्मचारी महिला स्वंयम सेविका)	२००००००	११०६०००
जम्मा	१०६३५०००	७०३२०६६

३१ **ईन्धन खर्च**

३१.१ नगरपालिकाको आन्तरिक कार्यसञ्चालन निर्देशिका २०७९ को वुँदा नं ९ को अनुसुचि १ अनुसार ईन्धन वापतको सुविधा प्रदान गर्ने र सोहि अनुसारको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । पालिकामा ३ शिर्षकहरु ईन्धन पदाधिकारी र ईन्धन कार्यालय प्रयोजन र इन्धन अन्य प्रयोजन समेत गरी कार्यक्रम शिर्षक बाहेकका ३ वटा शिर्षकमा मात्र प्रहरी कल्याण कोष पेट्रोल पम्पलाई कुल जम्मा रु.७४,०२,७४९ खर्च लेखेको छ । पालिकाले सवारी साधनलाई कार्य वोझका आधारमा परिचालन गर्ने प्रयास गरिएको जनाएतापनी वडा कार्यालय वाहेकको ईन्धनमा भएको उल्लेखित खर्च रु.७४,०२,७४९ आन्तरिक आय रु. ३३३९१८०१४ को २.३ प्रतिशत हुन आउँछ । आन्तरिक आयलाई समेत ख्याल गरी ईन्धन खपतको नर्मस् स्विकृत भएअनुसार ईन्धन खपतमा मितव्ययीता कायम गर्नुपर्नेमा प्रयोजन नै नखुलाई सवारी साधन समेतको व्यवस्थित लगवुक समेत नराखी खर्च गरेको ईन्धनको भुक्तानी उपयुक्त देखिएन ।

३१.२ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ लाई संशोधन गर्न वनेको ऐन २०७६ को दफा ३ को अनुसुचि १ क (ख) अनुसार नगर प्रमुख र उपप्रमुखले १००।१०० लिटर ईन्धन सुविधा पाउने उल्लेख छ । पालिकाले नगर प्रमुखले पाउने ईन्धन सुविधा वार्षिक १२०० लिटर पेट्रोल रहेकोमा जम्मा ३६४० लिटर (सवारी साधन नं बा २ झ १६५१) खर्च भएको पाईयो । यसरी नगर प्रमुखले नियमानुसार पाउने सुविधा भन्दा बढी २४४० लिटर पेट्रोलको औषत दर १७५ ले हुने वार्षिक जम्मा रु.४,२७,००० बढी खर्च भएको देखिन्छ । नियममा तोके अनुसारको प्रमुखले पाउने ईन्धन सुविधा भन्दा बढी ईन्धन सुविधामा खर्च भएको नियमसम्मत देखिएन । यस सम्वन्धमा पालिकाले उपयुक्त र यथार्थपरक जवाफ पेश गरेको छैन । सुविधा सम्वन्धि ऐनले तोकेको सिमाभन्दा बढी सुविधा उपलव्ध गराउन मिल्ने आधार नदेखिएको ईन्धन खर्च अनियमित देखिन्छ । ऐनले दिएका सुविधा विपरित भुक्तानी हुने यस्ता थप सुविधा नियन्त्रण हुनुपर्दछ ।

महिना	लिटर
बैशाख	३७०
जेठ	२९५
आषाढ	३४५
श्रावण	२५०
भाद्र	२५०
असोज	३५०
कार्तिक	१५०
मंसिर	१५०
पुष	२९५
माघ	३९०
फागुन	३४०
चैत्र	३९५
जम्मा	३५८० लि
औषत १७५ प्रतिलिटरका दरमा जम्मा रु.६२६५०० खर्च भएको	
पेज नं १,२,३, १७१ को अभिलेख अनुसार जम्मा ३५८० लिटर खर्च भएकोमा कानुनले तोकेभन्दा बढी २४४० लिटरको औसत १७५ का दरमा रु४२७००० बढी खर्च लेखिएको ।	

३१.३ पालिकाको आन्तरिक कार्यसञ्चालन निर्देशिका २०७९ अनुसारको सुविधा अन्तर्गत कर्मचारीलाई मासिक १० लिटर का दरमा ईन्धन सुविधा प्रदान गरीने उल्लेख छ । सुचना प्रविधि अधिकृत वसन्त पाठकको ईन्धनको लगवुक तथा अभिलेखको पेज नं २६ मा उल्लेख भएअनुसार वार्षिक ५०० लिटर पेट्रोल खपत गरेको अभिलेख पेश भएको छ । प्रतिमहिना १० लिटरका दरमा १२० लिटर सुविधा पाउनेमा आन्तरिक कार्यसञ्चालन निर्देशिका तथा नगरसभाको निर्णय विपरित ३८० लिटर बढी ईन्धन खर्च भएको देखिन्छ । औसत १७० प्रतिलिटरका दरमा ३८० लिटरको ६४६०० बढी सुविधा दिएको नियमसम्मत देखिएन । सुचना प्रविधि अधिकृत सवै वडाहरुमा जानुपर्ने, प्रविधि सम्वन्धि समस्या समाधान गर्नको लागी निरन्तर खटिनुपर्ने भएकोले ईन्धन सुविधा बढी देखिएको पालिकाले जनाएतापनी लगवुक अद्यावधिक गरी ईन्धन खर्चमा मापदण्ड अनुसार खर्च गर्ने गरी मितव्ययीता अपनाउनुपर्दछ ।

३२ तालिम कार्यक्रम सञ्चालन

पालिकाको आ व २०८०।८१ को वजेट तथा कार्यक्रममा प्रत्यक्ष लाभान्वित हुने र प्रतिस्पर्धा हुने गरी कार्यक्रम कार्यान्वियन गर्ने उल्लेख छ । पालिकाले यस वर्ष निम्नानुसारका कम्तिमा ९२ वटा तालिम प्रतिस्पर्धा वेगर सोझै सम्झौता गरी कार्यक्रम सञ्चालकको वजेट प्रस्ताव अनुसारकै लागतमा कार्यक्रम सञ्चालन गरी विभिन्न संघ संस्था फर्म तथा परामर्शदातालाई रु.२ करोड २० लाख भुक्तानी गरेको छ । यस प्रकारका तालिम विगत देखि नै सञ्चालनमा रहेको वार्षिक योजना तथा प्रगती प्रतिवेदनहरुवाट देखिएको छ । यसरी प्रत्येक वर्ष मागको प्रक्षेपण नगरी स्विकृत हुने यस्ता कार्यक्रमको सम्झौता गरी वाह्य फर्महरुवाट तालिम कार्यक्रम सञ्चालन हुने तर लाभान्वित तथा सरोकारवालहरुको अद्यावधिक विवरण र प्रभाव मुल्यांकन (Impact analysis) समेत पालिकाले नगरेको र उद्धेश्यअनुरुप कार्यक्रम सञ्चालन भएनभएको यकिन गरी यस्ता तालिम कार्यक्रमको प्रभाव मूल्याङ्कन, अनुगमन समेत हुने गरेको देखिँदैन। स्वरोजगारी सिर्जना गर्ने मुख्य उद्देश्यबाट सञ्चालित यस्ता सीपमूलक तालिमहरू सम्पन्न भए पश्चात सहभागीहरू स्वरोजगार भए नभएको तालिमबाट

सिकेको सीपको उत्पादकत्व वृद्धि हुने गरी लगानीको प्रभाव मूल्याङ्कन गर्ने गरेको समेत नदेखीँदा तालिम कार्यक्रम र सोको प्रभावकारीता मापन हुन सकेको देखिएन । स्वरोजगारी सृजनाको मुख्य उद्धेश्य राखी प्रत्येक वर्ष सञ्चालित यस्ता कार्यक्रमको फलोअप मुल्यांकन समेत हुन सकेको छैन । यस्ता तालिमहरु जनशक्ति उपलव्ध भएसम्म पालिकावाटै सञ्चालन गर्ने अन्यथा प्रतिस्पर्धात्मक विधि प्रकृया अवलम्वन गरेर मितव्ययी विधिवाट सञ्चालन गर्नुपर्दछ ।

सि नं	मिति	गो भौ नं	विवरण	खर्च रकम
१	०५/२४/२०८०	८	EPS तालिम	२५४९५
२	०६/१५/२०८०	१२०	राजस्व /पंजीकरण तथा सामाजिक सुरक्षा सम्बन्धित तालिम	४११६५६
३	०६/१८/२०८०	१४१	वडा नं ६ मन्टेश्वरी तालिम क्वालिटी मल्टिपर्पोज प्रा.लि	३९९५००
४	०६/२३/२०८०	१९३	अचार तालिम संचालन वडा सचिव नवराज पनेरु	२५००००
५	०६/२५/२०८०	२२८	तालिम चैतन्य एकेडेमी नेपाल	९०४००
६	०७/१६/२०८०	३९२	वडा नं.३ व्यटिसियन तालिम संचालन श्री धनेश्वर सुर्यदर्शन महिला समाज	२०००००
७	०७/१९/२०८०	३९७	सामुदायिक विद्यालयका बालबालिकाहरुलाई कम्प्यूटर तालिम स्काइ भिजन फउण्डेशन	१६३०००
८	०८/०६/२०८०	४४७	वडा नं.४ मा आत्मरक्षा सम्बन्धि तालिम वडा सचिब रमिला बुढा	६९९५०
९	०८/१०/२०८०	४५४	तालिम सहकारी कमला कार्की	३०००००
१०	०८/१७/२०८०	४८८	वडा नं.५ मा अचार बनाउने तालिममा नवराज पनेरु	२९९९२०
११	०८/२७/२०८०	५५७	मेसन तालिम सचालन गरे वापत स्किल डेभलपमेन्ट एण्ड भोकेशनल ट्रेनिङ	३९७९२९
१२	०९/०२/२०८०	६०४	राष्ट्रिय योजना आयोगबाट संचालित PROJECT BANK को तालिम	१०७००
१३	०९/०२/२०८०	६२३	नगर प्रहरी लाइ तालिम (स.प्र.ब.ने.को च.न.८४२ को पत्र) स.प्र.ह.पुष्कर के.सी.	४०००००
१४	०९/०४/२०८०	६४५	५ न वड सचिवलाइ तालिम	१०००००
१५	०९/१६/२०८०	६९४	वडा नं. १० तोफु तालिम अष्टलक्ष्मी हालेमालो महिला टोल विकास संस्था	१०००००
१६	०९/१८/२०८०	७१५	तालिम संचालन टोखा साहित्य दबु	२०००००
१७	०९/१९/२०८०	७८४	मन्टेश्वरी तालिम वडा सचिव रमिला बुढा	३५००००
१८	०९/२०/२०८०	७९०	सहकारी व्यवस्थापन तालिम सुवास सापकोटा	३४४४८६
१९	०९/२२/२०८०	८००	एक महिने कुक तथा वेकरी तालिम को रकम स्वरोजगार तालिम केन्द्र प्रा.ली	४९७९९१
२०	१०/०२/२०८०	८५९	बेकरी एडभान्स तालिम राजन सेढाइ	२४००००
२१	१०/०४/२०८०	८९५	वडा न १ को क्रिस्टलको पोते बनाउने तालिम बिक्रम सम्बाहाम्फे	१२५३०३
२२	१०/१०/२०८०	९७९	प्राविधिक शाखा को कर्मचारी को तालिम स्मार्ट सि.ए.डि. एकेडेमी प्रा.लि.	३००००
२३	१०/११/२०८०	१०१३	तालिम को भत्ता भुक्तानी	२४४००
२४	११/०३/२०८०	११४४	सार्वजनिक खरिद सम्बन्धि तालिम लंका रेष्ट एण्ड रिफ्रेस हाउस	७०७१५
२५	११/१८/२०८०	१३१८	सहकारी सम्वन्धी तालिम कार्यक्रम संचालन गर्नका लागि सुवास सापकोटा	२५००००
२६	११/२३/२०८०	१३४३	५ न वड सचिवलाइ वार्षिक कार्यक्रमको सि न ६४० र ६४३ तालिम कार्यक्रम सचालन	४०००००
२७	११/२७/२०८०	१३६९	वडा नं. ३ मखमली जुत्ता तालिम धनेश्वर सुर्यदर्शन महिला समाज	२९९६१०
२८	१२/०६/२०८०	१४३७	वेकरी तालिम क।अ.राजन सेढाइ	२९१६३०
२९	१२/०८/२०८०	१४६५	ढाका बुनाइ तालिम उ.वि.स. रोश्नी तामाङ	३०००००
३०	१२/०८/२०८०	१४६९	वडा न १ को सी न ३०२ को अचार बनाउने तालिम वडा सचिव बिक्रम सम्बाहाम्फे	१०००००

३१	१२/०८/२०८०	१४७०	वडा नं.४ मा कपडा को झोला बनाउने तालिम तपाइको सृजना हाम्रो	२९९२५०
३२	१२/१२/२०८०	१४९०	कर्मचारी तालिम खर्च काठमाडा महानगर	१५८५९८
३३	१२/१९/२०८०	१५९१	वडा न १० को प्रस्तावना तालिम संचालन गौरी के सी	१५००००
३४	१२/२०/२०८०	१६११	भाषा तालिम संचालन ग्वाहाली पुच	१९४१८१
३५	१२/२७/२०८०	१६४१	कौशी खेती तालिम प्रा. स. लक्ष्मी गुरुङ	३०००००
३६	१२/२७/२०८०	१६४९	मन्टेश्वरी तालिम संचालन सुरेखा प्रोफेसनल ट्रेनिङ्ग सेन्टर प्रा ली	३९७९५०
३७	१२/२८/२०८०	१६६३	सम्झौता अनुसार सि.न ८८२ उत्घोषण तालिम किङ्स इन्टरनेशनल कलेज प्र.ली	१९५०१९
३८	०१/०२/२०८१	१६९१	बुटिक प्रशिक्षण तालिम गोसाईकुण्ड पोली टेक्निकल इन्स्टिच्युट	२९९१६७
३९	०१/०२/२०८१	१६९६	नेतृत्व विकास तालिम अधिकृत निर्मला रेग्मी	२५००००
४०	०१/०३/२०८१	१७०१	पिजा मेकर तालिम स्वरोजगार तालिम केन्द्र प्रा.ली	३४९०५७
४१	०१/१२/२०८१	१७३४	कौशी खेति तालिम अधिकृत धन कुमारी कोईराला	२७५०००
४२	०१/१३/२०८१	१७४४	वित्तिय व्यवस्थापन तालिम शा.अ कमला कार्की	२०००००
४३	०१/१७/२०८१	१७६७	अचार तालिम गंगा जमुना जनजाति समाज	२९९४००
४४	०१/२७/२०८१	१८२२	व्यक्तित्व विकास तथा सिपमूलक तालिम धापासी फ्रेण्डसिप क्लब	११३२००
४५	०१/२७/२०८१	१८२७	वडा नं. ४ उद्धोषण तालिम ड्रिमपोइन्ट एजुकेशन एण्ड ट्रेनिङ इन्स्टिच्युट	२६७२५६
४६	०१/२७/२०८१	१८२८	प्रशिक्षण तालिम संचालन हिमालय सेफ्टी सोलुसन प्रा.लि	३३४३६१
४७	०१/२८/२०८१	१८३४	बेकरी बनाउने तालिम संचालन सुपर डाईनमिक ट्रेनिङ्ग एण्ड एजुकेशनल	४९७०००
४८	०१/३०/२०८१	१८३६	मन्टेश्वरी तालिम संचालन उत्पला एजुकेशन अर्गनाईजेशन	२९९०००
४९	०२/०१/२०८१	१८५९	वडा नं ८ मा झोला तालिम संचालन वडा सचिव शोभा शर्मा	९७७००
५०	०२/०२/२०८१	१८७४	कुसन बनाउने तालिम मन्दिरा अर्याल	८००००
५१	०२/०२/२०८१	१८७७	बेकरी तालिम वडा सचिव गौरी के.सी	३०००००
५२	०२/०२/२०८१	१८७९	बाटेको धुप बनाउने तालिम वडा सचिव गौरी के.सी	८००००
५३	०२/०२/२०८१	१८८०	अचार बनाउने तालिम मन्दिरा अर्याल	८००००
५४	०२/०४/२०८१	१९१९	प्रजनन शिक्षा सम्बन्धी तालिम संचालन मानव विकास तथा जागरण मञ्च	२४९७८०
५५	०२/०६/२०८१	१९३४	कौशी खेती तालिम अधिकृत सुमित्रा पाठक	३०००००
५६	०२/०७/२०८१	१९३९	वडा नं १० सेल्फ मेकअप तालिम ब्लुम ब्युटी होम	२१८५९३
५७	०२/०७/२०८१	१९४१	कम्प्युटर तालिम वडा सचिव बिक्रम सम्बाहाम्फे	१५००००
५८	०२/०७/२०८१	१९४४	एडभान्स ब्यूटिपार्लर तालिम संचालन गोङ्गबु ब्यूटिपार्लर सेन्टर	३५६५८७
५९	०२/०९/२०८१	१९५२	कौशी खेति तालिम अधिकृत धन कुमारी कोईराला	३३९०६१
६०	०२/१८/२०८१	२०२२	तालिम संचालन अधिकृत कमला कार्की	१०००००
६१	०२/२०/२०८१	२०२६	एड्भान्स ब्युटिपार्लर तालिम ब्युटीफ्लाई ब्यटी एकेडेमी एण्ड मेकअप स्टुडियो	४३३२३४

६२	०२/२०/२०८१	२०२९	ब्युटी पार्लर तालिम संचालन नेपाली नारी आवाज	४५०३२९
६३	०२/२२/२०८१	२०५८	वडा नं. ११ मा कफी तालिम संचालन नेशनल इन्स्टिच्युट अफ भोकेसनल ट्रेनिङ्ग	२९८५१२
६४	०२/२२/२०८१	२०६९	मेलमिलाप सम्बन्धी तालिम चन्द्र प्रकाश श्रेष्ठ	२५०००
६५	०२/२५/२०८१	२०९७	तालिम संचालन गर्नका लागि सुवास सापकोटा	३०००००
६६	०२/२७/२०८१	२११५	वाद्यवादन तालिम धनेश्वरी आमा समाज	२६७२१०
६७	२०८१/०२/२९	२१७२	अचार तालिमका लागि शारदा पौडेल	१०००००
६८	०३/०५/२०८१	२२२७	वडा न ११ मा नेतृत्व विकास तालिम सामाजिक कल्याण संरक्षण सोसाईटी	१८०५७०
६९	०३/०६/२०८१	२२३३	वडा न ३ मा मोबाइल मर्मत तालिम यूनाइटेड टेक्निकल टेनिङ्ग एजुकेशनल प्रा.लि.	१९८०७२
७०	०३/०७/२०८१	२२४९	बोनसाई तथा उन्नत जातको फलफूल सम्बन्धी तालिम धन कुमारी कोईराला	२०००००
७१	०३/०८/२०८१	२२५३	एस ई ई विद्यार्थी लाई तालिम नेशनल इन्स्टिच्युट अफ भोकेसनल ट्रेनिङ्ग	४९८६६९
७२	०३/११/२०८१	२३०८	ECO SYSTEM सम्बधित तालिम डिप्लोमा ईन्जिनियर्स एशोसिएसन नेपाल	१००००
७३	०३/११/२०८१	२३१९	स्काउट सम्बन्धि तालिम संचालन तुख्य: क्लब	३७७११६
७४	०३/११/२०८१	२३२३	वडा नं.११ एड्भान्स ब्यटिपार्लर तालिम न्यू व्यवसायिक प्रशिक्षण केन्द्र	३९६१०४
७५	०३/१२/२०८१	२३५०	शिक्षक तालिम संचालन सुरेखा प्रोफेसनल ट्रेनिङ्ग सेन्टर	९९३००
७६	०३/१३/२०८१	२३६९	वडा नं. ११ सिलाई तालिम संचालन नव जागरण समाज नेपाल	३४९३२०
७७	०३/१६/२०८१	२४०८	वडा नं १० जीवन व्यवस्थापन सम्बन्धि तालिम अन्नपूर्ण प्रोडक्सन एण्ड ट्रेड	२३९२४०
७८	०३/१८/२०८१	२४५४	घुम्ति तालिम संचालन सुमित्रा पाठक	८००००
७९	०३/१८/२०८१	२४६२	आलु चिप्स बनाउने तालिम संचालन टाँसी डाँडा महिला कृषक समुह	१७८३५५
८०	०३/१९/२०८१	२४८४	अभिमुखिकरण तालिम संचालन अनुषा शर्मा	५३२९०
८१	०३/१९/२०८१	२४८८	तालिम संचालन वडा सचिव शोभा शर्मा	९८०००
८२	०३/१९/२०८१	२४९२	एड्भान्स मन्टेश्वरी तालिम संचालन सिचु पाठशाला एण्ड ट्रेनिङ सेन्टर	३८४४४९
८३	०३/२१/२०८१	२५६०	तालिम संचालन खगेन्द्र सिंह धामी	८८६००
८४	०३/२२/२०८१	२५८२	सिलाई कटाई तालिम संचालन गण्डकी पोलिटेक्निक इन्ष्टिच्यूट	४७३५३०
८५	०३/२२/२०८१	२६११	कम्प्युटर तालिम संचालन साइराम भोकेशनल एण्ड टेक्निकल कलेज	३९३४४७
८६	०३/२३/२०८१	२६२९	मन्टेश्वरी तालिम संचालन क्वालिटी मल्टीपर्पोज	३६४७००
८७	०३/२३/२०८१	२६३७	युवा उद्यमी सुरु तालिम सर्वकल्याण समाज	१४१३७९
८८	०३/२३/२०८१	२६८४	खानाका परिकार बनाउने तालिम रमिला बुढा	५५३४०
८९	०३/२४/२०८१	२७१८	disaster resilient and physical तालिम डिप्लोमा ईन्जिनियर्स एशोसिएसन नेपाल	१००००
९०	०३/२४/२०८१	२७३१	डिजिटल मार्केटिङ्ग तालिम संचालन वडा सचिव नवराज पनेरु	२८०५००
९१	०३/२४/२०८१	२७३९	तालिम संचालन अनुषा शर्मा	५६९९९
९२	०३/२४/२०८१	२७५२	कम्प्यूटर तालिम संचालन शिक्षा प्रमुख बाबुराम गौतम	९४७२४१

			कुल जम्मा	२,२०,०१,३५१

३३ **सार्वजनिक परिक्षण**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई दिगो भरपर्दो र प्रभावकारी वनाई स्विकृत कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण गर्नुपर्ने व्यवस्था वमोजिमको कार्य भएको देखिएन । ऐनमा तोकिएबमोजिम सञ्चालन भएका योजना कार्यक्रमहरुको सार्वजनिक परिक्षण सहितको सार्वजनिक सुनुवाई गरी पालिकावाट हुने आर्थिक कारोवारमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

३४ **विमा नगराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

क्र.स	वडा नं.	टोल विकास संस्था वा उ.सको नाम	योजना तथा कार्यक्रमको नाम	लागत अनुमान	भुक्तानी रकम	मुल्याङ्कन रकम
१	३	सलखुशी /चख्खु चोक सडक तथा ढल निर्माण उपभोक्ता समिति	भत्केको पुल देखि चखु चोक चोक सम्म सडक स्तरोउन्नती (ढल,मंगाल,वाल,ग्राभेल)	८९८८६६८	७८२९०७१	८७९९७४१
२	७	समृद्ध टोल विकास संस्था	दाहाल गौडा जडिवुटी पार्क निर्माण	८८९१६०८	७५३४८४८	८३१४६७७
३	१	झोरमहाँकाल बुद्ध मुर्ति निर्माण उपभोक्ता समिति	झोरमहाँकाल वुद्ध पार्कमा वुद्ध मुर्ति स्थापना	८८२०२६२	५४८७३५९	६१२६५७४
४	११	प्रगतिशिल उपभोक्ता समिति	वानियाँटार पुल देखि फ्लोरोसेन्ट स्कुल सम्म खोलामा वाल निर्माण तथा सडक उठाउने कार्य	८५८१५११	३३९८७०४	८५४९२७६
५	९	कैलाश मार्ग टोल विकास संस्था	वसपार्क अगाडिको गोगंवुँ तर्फको विष्णुमति करिडोर सडक ढलान	६५४०७१४	५२८२६८०	६३९८६११
६	१	पदेरो टोल उपभोक्ता समिति	वडा कार्यालयदेखि स्वास्थ्य चौकी सम्म बाटो स्तरोउन्नती	५६१६२२७	४९७५३७२	५५८८५६३
७	१	ढाँडखोला टोल विकास संस्था	राधाकृष्ण मन्दिर देखि दुलालगाउँ हुदै विडारी गाउँ सम्म मोटरबाटो स्तरोउन्नती	५५६८९२७	५००००००	५५९४९०४
८	२	चण्डेश्वरी मा.वि. भौतिक निर्माण उपभोक्ता समिति	चण्डेश्वरी मा.बि. भौतिक निर्माण (वडा गौरवको)	५५६५६९९	१५२५२४७	५५४८३१९
९	७	समृद्ध उपभोक्ता समिति	दाहाल गौंडा जडिवुटी पार्क निर्माण	५५५६७८१	१९३३७४९	२१४९०८४
१०	१	वोडे गाउँ सडक निर्माण उपभोक्ता समिति	कुलाडिल वंधेली खोला सम्म सडक स्तरोन्नती (तल्लाघरे)	५०२८०३९	३४७३२००	३८८०७५३
११	४	लाम्पाखा पार्क उपभोक्ता समिति	लामपाखा पार्क निर्माण	५०१३७६०	२५८८७१४	२८८४२६५
१२	१०	श्री महेन्द्रेश्वर विकास उपभोक्ता समिति	महेन्द्रेश्वर शिव मन्दिरमा ताम्रपत्र,मन्दिर प्राङ्गण वाल निर्माण	५००४४०३	४५०००००	५०१८४२९

३५ **उपभोक्ता समिति परिचालन सम्वन्धमा**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१) मा एक करोड रुपैयासम्मको लागत अनुमान भएको सोहि आर्थिक वर्षमा सम्पन्न हुन सक्ने निर्माण लगायतका जनचेतनामुलक कार्य उपभोक्ता समितिवाट गर्न सकिने व्यवस्था छ । पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् ।

क) उपभोक्ता समिति दर्ता - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अुनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(ख) योजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

(ग) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको मेशिन प्रयोग गर्नु अगाडी प्राविधिकवाट स्विकृति लिनुपर्नेमा नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । सार्वजनिक निर्माणमा अनिवार्य रुपमा कानुनको परिपालना गर्नुपर्दछ ।

(घ) जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ५३० भन्दा बढी योजनाहरुमध्ये आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् कार्यान्वयन गराएको छ । उपभोक्तासँग पूँजिको अभाव हुने, जोखिम वहन गर्ने प्रत्याभुति नहुने, दक्ष प्राविधिक नहुने, संरचना निर्माणमा प्रयोग हुने हेभि इक्विपमेन्ट, मेशिन नहुने यथार्थलाई ध्यानमा राख्दा संझौताका आधारमा योजना कार्यान्वयन गर्न सक्ने क्षमता समितिसँग देखिँदैन । तसर्थ यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

(ङ) मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न योजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न योजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित योजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

(च) धरौटीको व्यवस्था - उपभोक्ता समितिबाट गरेको निर्माण कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

(छ) उपभोक्ता समितिलाई म्याद थप : पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना नआएको सुनिश्चितता देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । कार्यपालिकाको पटके वैठकले अधुरा अपुरा उपभोक्तासँग भएका सम्झौताहरुलाई विना आधार पटक पटक म्याद थप गर्दै आएको स्थिति छ । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

ज) उपभोक्ता समितिका वील भरपाईहरु

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समिती मार्फत संचालित निर्माण कार्यको को प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा एकिन गरेर निर्माण कार्यको विल भुक्तानी गर्नुपर्दछ ।

उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु.अ. कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।

झ) सब कन्ट्रयाक्टरः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट गराउन नसकिने उल्लेख छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत् काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब कन्ट्रयाक्टरले पेश गरेको माल मटेरियल सहितको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्ययभार परेको देखियो । सम्वन्धित फर्म र सप्लायर्सको १ मात्र विल संलग्न गरी वास्तविक ज्यामि ज्याला रकम समेत प्राविधिक विलसँग मेल नखाने गरी भुक्तानी भएको देखिन्छ । उपभोक्ता समितिसँगको सम्झौता एवं कार्यान्वयन पक्षको अनुगमन गरी उपभोक्ता सँग भएको सम्झौता विपरित सव कन्ट्रयाक्टरवाट भएको कार्य नियन्त्रण गर्नुपर्दछ ।

३६ टोल विकास संस्था मार्फत् स्वास्थ्य संस्था भवन निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मिक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराई खर्च लेख्नु नियमसम्मत देखिएन । पालिकाले संरचना निर्माणका प्रकृयामा सुधार गर्नुपर्दछ ।

मिति/ गो भौ नं	विवरण	काम गर्ने समुह	भुक्तानी रकम
५४६।२।१६	नगर पुर्वाधार विशेष कार्यक्रम वडा नं ३ स्वास्थ्य चौकि भवन, टोखा सरस्वती	सुसुख्यो टोल विकास संस्था	१०५४०१७
७३४।३।१८	नगर पुर्वाधार विशेष कार्यक्रम वडा नं २ स्वास्थ्य चौकि भवन,	सुसुख्यो टोल विकास संस्था	१३११६८२
	जम्मा		२३६५६९९

३७ **टोल विकास संस्थावाट भएका कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (१) अनुसार मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुहलाई सहभागी गराएर गर्न सकिने व्यवस्था छ । पालिकाले टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ को अधिनमा रहि विधान तयार गरि सोहि विधान वमोजिम संस्थाहरु दर्ता गरेको छ । नगरपालिकाले संगठित संस्थाका रुपमा दर्ता भएका त्यस्ता संस्थाहरुको विधानमा नगरपालिकाको योजना तर्जुमा, अनुगमन र मुल्यांकन प्रक्रियामा सहभागिता जनाउने प्रमुख उद्येश्य रहेको देखिन्छ । विधानमा संस्थाले निर्माणसंग सम्वन्धित कार्य गर्ने सम्वन्धमा उल्लेख गरेको छैन । यस वर्ष पालिकाले उक्त संस्थालाई टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि तथा संस्थाको विधान विपरित उपभोक्ता समिति वा लाभग्राहि समुह सरह मान्यता दिइ प्रतिस्प्रर्धा वेगर १०३ वटा टोल विकास संस्थालाई रु १६ करोड ९५ लाख ५२ हजारको सम्झौता बमोजिमको निर्माण कार्य गराई भुक्तानी दिएको छ । विधमान सार्वजनिक खरिद कानुनले उपभोक्ता समिति वा लाभग्राहिको रुपमा पहिचान नगरेको संस्थाको निर्माण सम्वन्धि कार्य गर्ने क्षमता र संरचना समेत नदेखिएको अवस्थामा यस्तो निर्माण कार्य संस्थाले निर्माण व्यवसायीवाट गराउनुपर्दछ । विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधिको समेत विपरीत हुने गरी प्रतिस्प्रर्धा वेगर गराएको उक्त निर्माण कार्य नियम संगत देखिएन । टोल विकास संस्थावाट भएका कार्यको केहि उदाहरण निम्न छन् ।

क्र.स	वडा नं.	टोल विकास संस्था वा उ.सको नाम	योजना तथा कार्यक्रमको नाम	लागत अनुमान	भुक्तानी रकम	मुल्याङ्कन रकम
१	७	समृद्ध टोल विकास संस्था	दाहाल गौडा जडिबुटी पार्क निर्माण	८८९१६०८	७५३४८४८	८३१४६७७
२	९	कैलाश मार्ग टोल विकास संस्था	वसपार्क अगाडिको गोगंवुँ तर्फको विष्णुमति करिडोर सडक ढलान	६५४०७१४	५२८२६८०	६३९८६११
३	१	ढाँडखोला टोल विकास संस्था	राधाकृष्ण मन्दिर देखि दुलालगाउँ हुदै विडारी गाउँ सम्म मोटरबाटो स्तरोउन्नती	५५६८९२७	५००००००	५५९४९०४
४	७	दाहाल गौडा टोल विकास संस्था	दाहाल गौडा पार्कमा सार्वजनिक शौचालय वाँकी स्थानमा ढुगाँको वाल निर्माण	४८९१२९४	२९८७७०६	३३२१३०७
५	९	कैलाश मार्ग टोल विकास संस्था	विष्णुमति करिडोर अन्तर्गत ढुगाँको जिर्ण वाल निर्माण/रिटेनिङ्ग वाल	४४६७८६३	४००००००	४४७९४३५
६	६	नैनदेवी हरिहर टोल विकास संस्था	नैनदेवी हरिहर आश्रमको वाँकी कार्य सम्पन्न एवं कृयापुत्री भवनको लागि बोरिङ तथा खानेपानी व्यवस्थापन	४४४९२४२	३६०००००	४०२९८१२
७	७	ढिकुरे टोल विकास संस्था	भू.पु प्रहरी संगै पार्क र ढुगाँको वाल निर्माण	४४४५७६६	२६३२१९२	२९२५५२८
८	८	गैह्रीगाउँ टोल विकास संस्था	गमलाको घर देखि यूरो स्कुल सम्म सडक स्तरोन्नती	४४४४६२८	३९८२५९७	४४२५२९१
९	८	दुप्चेश्वर टोल विकास संस्था	दुप्चेश्वर टोलमा ढल तथा खानेपानी व्यवस्थापनको	४०८९००९	२०८२५१३	३९८४७७८
१०	३	टोखा मेघा सिटी टोल विकास संस्था	मेघासिटी हाईट टोलवाट साङ्गला जोडिने मोटरवाटो सडक/ढल स्तरोन्नती	३८८३०७७	३४८४३४२	३८६५७०५
११	७	साउथ वेष्टर्न मार्ग टोल विकास संस्था	चक्रपथ देखि एन आई सी एसिया वैक सम्म सडक ढलान (३३४००००)	३७११७३६	३२८२९२१	३६४८३०५
१२	४	धापासी हाईट टोल उपभोक्ता समिति	वडा कार्यालय सर्नको लागि हाल विद्यालय भवन रहेको स्थल मर्मत	३४८९६२०	२८८२१०९	३२२५२४४
१३	२	श्री कालीमाता मन्दिर संरक्षण समिति	चण्डेश्वरी मन्दिर परिषर निर्माण व्यवस्थापन	३४६६७११	३०९२८५८	३४४३१७४
१४		नैनद्वी हरिहर टोल विकास संस्था	हरिहर मन्दिरको उत्तर पुर्व सार्वजनिक क्षेत्रको पहिरो नियन्त्रण	३३४६७०९	५०००००	३३३५९४०

१५	६	नैनदेवी हरिहर टोल विकास संस्था	नैनदेवी हरिहर आश्रम धार्मिक वन क्षेत्रको निशा अधिकारीको घर तलको पहिरो रोकथाम	३३४६७०९	२९७३५४१	३३१७१९२
१६	३	जालपादेवी टोल विकास संस्था	ग्राण्डी अस्पताल पछाडी विष्णुमति नदी किनारको आवश्यक स्थानमा नदी नियन्त्रण/ रिटेनिङ्ग वाल	३३४४६१९	३००००००	३३५३६०२
१७	१	झोर महाँकाल टोल विकास संस्था	झोर चौतारादेखि बुद्धमुर्ति पार्क जाने मोटरबाटो पक्की	३३४२१७४	२९१३१३७	३३३१९९४
१८	९	मुक्तेश्वर महादेव मन्दिर संरक्षण समाज	मुक्तेश्वर महादेव मन्दिरको भजन घर निर्माण/ व्यवस्थापन	३३४०६०१	५७५८७८	३३६३६४८
१९	३	धमल टार टोल सुधार विकास संस्था	पुरानो धमलजाने बाटो स्तरोन्नती	३३३५९५२	२९८७६०२	३३२२१६६
२०	१०	कार्य विनायक टोल विकास संस्था	वडा भित्र फुटपाथ व्यवस्थापन तथा स्तरोउन्नती	३११११९६९	२८००००००	३१२०६८५
२१	३	धनेश्वर मन्दिर टोल विकास संस्था	धनेश्वर मन्दिर परिसरमा सामुदायिक भवन निर्माण	२८४४९३९	२४१३७७३	२७५८७१२
२२	8--3	श्री स्वास्थ्थानी वासुकी टोल विकास संस्था	जालपा खानेपानी वोरिङ्ग देखि वानियाँटार हाईटको मगर वस्ती सम्म दुवैतर्फ खानेपानी पाईप जडान कार्य, टोखा-८ र ३ काठमाडौं	२७९३३४८	२२४८८०४	२४४४७२७
२३	१	भिरकाली टोल विकास संस्था	गैह्रीगाउँ भित्री मोटरबाटो स्तरोन्नती	२७८००३१	२४८८८७५	२७६७६६०
२४	८	पिचासेश्वर महादेव टोल विकास संस्था	ग्राण्डी भिल्लाको पूर्वतर्फ विष्णुमति पुलको लाले श्रेष्ठको घरदेखि माथितिर नदी नियन्त्रण तथा संरक्षण कार्य	२७५२६८०	२४३७८३०	२६८४२२६
२५	३	च्वक्छे टोल विकास संस्था	बाँफ चोक देखि सरस्वती मा.बि. सम्म ढुङ्गा ंइट्टा सोलिङ्ग	२२७०८१३	१७३६२२८	१९७१३२४
२६	१	ओम शान्ती टोल विकास संस्था	ओमशान्ति भवन निर्माण क्रमागत	२२४३३६१	१९८७२०६	२२२९०१०
२७	३	जालपादेवी टोल विकास संस्था	क्रियापुत्री भवनमा ग्रिलबार, भर्याङ्ग छानामा गटर र वाल निर्माण	२२४२४०७	१९९३४५४	२२३५०६७
२८	२	चोबुली टोल विकास संस्था	दुवु विश्वराज श्रेष्ठको घर जाने बाटो स्तरोन्नती	२२३५०५९	२००००००	२२४३३२१

२९	४	विश्रान्ति टोल विकास संस्था	विश्रान्ति टोलमा बाटो स्तरोन्नती	२२२५८५३	१९३००७८	२१४८०३५
३०	३	देक्वो दाजुभाई टोल विकास संस्था	ईकगल ह्युमपाईप विस्तार	२२२४४१९	१९४९८४८	२१६८६३९
३१	३	लाम्ने टोल विकास संस्था	सरस्वती मा.वि. देखि लाम्ने सम्म ह्युम पाईप विस्तार ईट्टा, ढुगाँ सोलिङ	२२१६५३७	१८७३६३०	२०७६४८५
३२	३	सदावहार टोल विकास संस्था	सदावहार टोलमा खानेपानी पाईपलाईन तथा वाटो ढलान	२२१३०५२	१६५५३७२	१८३१७१२
३३	३	मसानकाली टोल विकास संस्था	भूतखेल चौरको प्राङ्गणमा अपाङ्गमैत्री फुटपाथ निर्माण	२००५१७१	१७९६८०५	२००१६११
३४	३	जुनतारा टोल विकास संस्था	वडा नं. ३ स्थित जुनतारा टोलमा सडकको वाल निर्माण तथा सडक ढलान कार्य	१७७२६४५	१६२७४२९	१५२९८००
३५	१	लालवारी टोल विकास संस्था	भाईलाल सरको घरदेखि भङ्गाल सम्मको मोटरबाटो स्तरोन्नती	१६८४६८५	१४९६५६८	१६८०८३०
३६	४	धापासी फैमालचुली टोल विकास संस्था	चक्र बहादुर श्रेष्ठको घर देखि लक्ष्मी निवास सम्मको बाटो स्तरोन्नती	१६८१६३०	१३७७३५५	१५४४१३७
३७	३	टोखा मेघा सिटी टोल विकास संस्था	गलिंडो सडक स्तरोन्नती	१६७४९२१	१५०००००	१६९२८३३
३८	५	धापासी देवी गुठी टोल विकास संस्था	श्री धापासी देवी प्रवेशद्धार निर्माण सहित गेट निर्माण	१६७२१४४	१५०००००	१६७३४३९
३९	३	वखुन्डोल प्रगतिशील टोल विकास संस्था	बखुन्डोल सडक स्तोन्नती	१६७१०१८	१४०११४४	१५६०८९१
४०	३	नयाँ टोल विकास संस्था	साङ्ला खोला करिडोरमा थप वाल निर्माण	१६७०२०६	१४९८२०१	१६६८२०२
४१	३	लाम्ने टोल विकास संस्था	भख्योहिटी फल्चा देखि मरनपाटी जाने सडक स्तर उन्नती	१६६९४३३	१५०००००	१६७०२९६
४२	३	शितल वस्ती टोल विकास संस्था	शितलवस्ती टोलमा ढल तथा वाटो स्तरोउन्नती	१६६८५६३	१५०००००	१६७९९४२
४३	३	मेलमिलाप टोल बिकास संस्था	मेलमिलाप टोल सडक स्तोउन्नती	१६६२४१४	१५०००००	१६७३९२९
४४	३	ससुख्यो टोल	सरस्वती स्वास्थ्य चौकी, टोखा-३ सवालीकरण	१६१२५५३	१३११६८२	१४६३७७७

		विकास संस्था				
४५	३	आदर्श टोल विकास संस्था	झुडोल कुवाँ देखि पश्चिम तर्फ निस्कने सडक सिमाङ्कन	१५५९८०१	८२७९९४	१३६८१६२
४६	५	लालीगुराँस टोल विकास संस्था	ओमकार खनालको घरजाने बाटो स्तरोन्नती	१३४४१२७	९७७३३६	१०९४७२०
४७	३	पिचाशेश्वर महादेव टोल विकास संस्था	पिण्डेश्वर महादेव मन्दिर भौतिक संरचना निर्माण	११४४०१२	१००००००	११४४५७१
४८	३	अपर मेघासिटी टोल विकास संस्था	दुधांढ्ढ सडक स्तरोन्नती	११२८९९७	९८२४५७	११०९१९१
४९	१	खोला खेत टोल विकास संस्था	बौड्डगाउँ सिढी निर्माण	१११६७२४	७५९३६९	८४८००६
५०	३	मिलिजुली टोल विकास संस्था	मिलिजुली टोल सडक स्तरोन्नती	१११५५५८	८५८८९५	९५८१४८
५१	१	समृद्ध झोर टोल विकास संस्था	जाउनेफाँट मोटरबाटो ड्रेन निर्माण	१११३८४१	७३७७०४	८२१६२९
५२	३	बखुन्डोल प्रगतिशिल टोल विकास संस्था	बखुन्डोल हाईट सडक स्तरोन्नती	१११३३०४	९३६७८३	१०४२९२४
५३	१	नयाँ वस्ती टोल विकास संस्था	बौडेश्वर मा.बि. देखि भण्डारे सम्म सडक बाटो स्तरोन्नती	१११२५६७	९८५७६२	१०९६७२६
५४	५	पृथ्वी टोल विकास संस्था	नानीमैया केसीको घर देखि बद्री घिमिरेको घरसम्मको बाटोमा ब्लक विछ्याउने	१११२३२८	१००००००	१११५०८५
५५	३	पिचासेश्वर महादेव टोल विकास संस्था	वडा नं. ८ र ३ को सिमानामा रहेको पिण्डेश्वर मन्दिर प्राङ्गण परिसर निर्माण र मन्दिरको विद्युतिय कार्य सम्पादन गर्ने	११११८३९	१००००००	११११९२५
५६	२	भिल्ली टोल विकास संस्था	मालुङ देखि भिल्ली पन्चेटार चोक सम्म खानेपानी पाईपलाईन विस्तार	११११२३१	७६६३२८	८५१५६७
५७	३	ईन्द्रायणी टोल विकास संस्था	मिमिचा गायः पोखरी निर्माण	११०८९०४	१००००००	११११९९१
५८	१०	कार्य विनायक टोल विकास संस्था	कार्य विनायक मन्दिरमा गेट, तोरण लगातय सजावट तथा फिन्सिङगको काम	१०५६१९८	६०००००	१०७२०३९
			जम्मा	१५१२४६२४१	१२०७५१८३४	१४२९४७२८७

३८ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा स्वास्थ्य ईन्जिनियरिङ्गतर्फ नवौँ, आठौँ, प्रशासन स्वास्थ्यतर्फ चौथो, पाँचौँ, छैटौँ सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र तोकिएका पदमा स्विकृत दरवन्दि वाहेकका पदमा बढी संख्यामा कर्मचारी काज तथा फाजिल रहदाँ विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । पालिकाले कार्यक्रमतर्फका करार र आन्तरिक करार समेतको पारिश्रमिक करार सेवा शुल्क तथा अन्य सेवा वाट विभिन्न १०२ कर्मचारी करार तथा ज्यालादारी रुपमा भर्ना गरी रु.३,८४,३७,४१४ खर्च लेखेको पाईयो ।आन्तरीक आय श्रोतका आधारमा सहायकस्तरका अत्यावश्यक सेवा प्रवाहका लागी रिक्त दरवन्दी समेतलाई विचार गरेर अत्यावश्यक पदमा मात्र करार सेवामा जनशक्ती राखी खर्चमा मितव्ययीता अपनाउने र अनावश्यक कर्मचारी करारमा लिने कार्य नियन्त्रण हुनुपर्दछ।

३९ **ज्यालादारी कर्मचारी**

स्थानीय सेवाको गठन तथा सञ्चालन ऐन २०७९ को दफा १६ मा करार र ज्यालादारीमा कर्मचारी नियुक्त गर्न नपाइने कुरा उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को उपदफा १ मा नगरपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने उल्लेख छ। त्यस्तै उपदफा २ मा सो संगठन संरचनामा सबै वडाको संगठन संरचना समेत समावेश भएको हुनुपर्ने उल्लेख छ। तर यस पालिकाले दरबन्दी भन्दा बाहेकका सव ईन्जिनियर लगायत विभिन्न पदमा १८ जना ज्यालादारी कर्मचारी वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा समेत नियुक्त गरी ४६२३३९८ ज्यालाबापत भुक्तानी गरेको नियमसम्मत देखिएन । कार्य विवरण समेत स्विकृत गरेर मात्र यस्ता कर्मचारी काममा खटाई कार्य प्रगती, अनुगमन प्रतिवेदनका आधारमा करार ज्यालादारीमा अत्यावश्यक कर्मचारी मात्र नियुक्त गरी भुक्तानी गर्नुपर्दछ ।

४० **सडक ट्राफिक व्यवस्थापक**

पालिकाले ओ एण्ड एम पारित गरेपश्चात् समेत उक्त प्रतिवेदन वाहेक सडक ट्राफिक व्यवस्थापक पदमा बैकुण्ठ अधिकारी समेत ५ जनालाई १२ महिना ज्यालादारी नियुक्त गरी रु.१४९१७९२ र सव ईन्जिनियर पाँचौ तहमा २ जनालाई नियुक्त गरी रु.८०५६५६ समेत उल्लेखित पदमा कुल जम्मा रु.२२९७४४८ खर्च लेखेको छ । पालिकामा भर्ना गरिएका १७ जना नगरप्रहरीलाई उक्त कार्यमा खटाउनुपर्नेमा नगरप्रहरी परिचालन नगरी पुन: उल्लेखित ५ कर्मचारी थप गरी वार्षिक रुपमा खर्च लेखेको नियमसम्मत देखिएन । पालिकाले कार्यवोझ समेत यकिन मुल्यांकन नगरी औचित्य पुष्ट्याई समेत नहुने गरी करारमा थप जनशक्ति राखी थप व्ययभार पारेको उचित देखिएन । मितव्ययी रुपमा आवश्यकता र औचित्य पुष्टि हुने आधारमा मात्र करारका जनशक्ति व्यवस्थापन गरेर खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

४१ **कर कट्टी**

आयकर ऐन २०५८ को दफा ८७ मा सेवा शुल्कको भुक्तानी गर्दा १५ प्रतिशतका दरमा कर कट्टि गर्नुपर्ने उल्लेख छ । पालिकाले दरवन्दि वाहेकमा परामर्श सेवा वापत कानुनी सल्लाहकार नियुक्त गरी खर्च लेखेकोमा सामाजिक सुरक्षा कर वापत १ प्रतिशत मात्र कर कट्टा गरी भुक्तानी गरेको छ । ऐनमा व्यवस्था भएअनुसार उक्त भुक्तानीमा नपुग १४ प्रतिशत कर सम्वन्धितवाट असुल गर्नपर्ने रु.

नाम	भुक्तानी	कुल खर्च	नपुग कर
कृपा पोख्रेल	२६१४७७	२६४११८	३६९७७
वेख डंगोल	२६०६२६	२६३२५९	३६८५६
विक्रम खत्री	२६०६२७	२६३२६०	३६८५६
			११०६८९

असुल गर्नुपर्ने	१,१०,६८९

४२ **अनुगमन भत्ता**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ बमोजिमको सुविधा पाउने उल्लेख छ त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक श्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिका क्षेत्रमा आव २०८०।८१ मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत पदाधिकारी तथा कर्मचारी समेतलाई अनुगमन भत्ता खर्च रु.१७,१७,१७५ भुक्तानी गरेको पाईयो । यस प्रकारको अनुगमनको लागी भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले खर्चको भुक्तानी नियन्त्रण हुनुपर्दछ । केहि उदाहरण निम्न छन् ।

मिति	गो भौ नं	अनुगमन भत्ता	कर कट्टी गरी भुक्तानी रकम
०२/०७/२०८०	४२	अनुगमन तथा व्यवस्थापन भत्ता भुक्तानी ।	१०१०००
११/१०/२०८०	१०१६	योजना को अनुगमन भत्ता को रकम भुक्तानी	१०८०००
०८/११/२०८०	११९०	बैठक तथा अनुगमन भत्ता	१५६५००
१०/०३/२०८१	२२९९	योजना को अनुगमन भत्ता को रकम भुक्तानी	३०२०००
१६/०३/२०८१	२४०३	१२ कक्षा परिक्षा को अनुगमन भत्ता भुक्तानी	१०००००
२३/०३/२०८१	२६७३	अनुगमन भत्ता भुक्तानी ।	१५६०००
			९२३५००

४३ **तलवी प्रतिवेदन पारित नभएको**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय तह अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन आन्तरिक लेखापरीक्षकवाट पारित गराई खर्च लेख्नुपर्ने उल्लेख छ । त्यस्तै बागमति प्रदेशको स्थानिय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ६९(५) अनुसार प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाई कार्यालयवाट तलवी प्रतिवेदन पारित नगराई तलव भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले तलबी प्रतिवेदन पारित नगरी तलब पारिश्रमिक रु.४ करोड ३० लाख विनियोजन भएकोमा रु.४,२९,९६,६४८.५९ अर्थात् ९९.९९ प्रतिशत खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा ग्रेड लगायतका थप सुविधा बढी भुक्तानी हुने सम्भावना रहन्छ । त्यसैले तलबी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ ।

४४ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी

चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमति प्रदेश "स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागी कुनै पनि कर्मचारी करारमा राख्न नपाईने उल्लेख छ । उक्त व्यवस्था अनुसार स्वकिय सचिव राख्न मिल्ने देखिदैन । टोखा नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को अधिकार प्रयोग गरी बनेको टोखा नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०७९ को वुँदा नं १८ मा नगर प्रमुख र उपप्रमुखले ३२००० का दरमा व्यक्ति वा एकमुष्ठ सचिवालय सुविधा तोकेको पाईयो । सो अन्तर्गत नगरप्रमुखले स्वकिय सचिव प्रशान्त अधिकारीलाई श्रावण देखि असोज महिनासम्म रु.९५,०४० र नगरउपप्रमुखले स्वकिय सचिव निरञ्जन डंगोललाई पुरा आर्थिक वर्ष रु.५३०६३४ समेत कुल जम्मा रु. ६२५६७४ खर्च लेखेको छ ।दरवन्दि भित्रका पदमा मात्र करारमा कर्मचारी राख्न पाउने नियममा भएको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा भुक्तानी गरेको अनियमित देखिएको रु.

अनियमित भएको	६,२५,६७४

४५ आन्तरीक पर्यटन काज

टोखा नगरपालिकाका कर्मचारीको आन्तरीक पर्यटन काज कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०८० को वुंदा नं ७ मा पर्यटन काजमा जाने कर्मचारीले अनुसूची २ मा उल्लेख भए बमोजिम वर्षको एकपटक मात्रका लागि प्रतिदिनका दरले बढिमा १० दिन सम्मको भ्रमण खर्च रकम भुक्तानि पाउने र यसरी भ्रमणमा सहभागि हुने कर्मचारीले आफूसँग एकाघर परिवारको थप एक जना सदस्यलाई समेत निज कर्मचारीले पाउने सरहको अनुसूची २ मा उल्लेख भए बमोजिमको भ्रमण खर्च रकम पाउने व्यवस्था उल्लेख छ । यस आ.व.मा आन्तरीक पर्यटन काज तर्फ ८५ जना कर्मचारीलाई पर्यटन काज स्वीकृत गरेर (नेपाल घुमौं नेपाल चिनौं अभियानको लागि भ्रमण खर्च) कूल रु. २३९४४०० खर्च भएको छ ।यसरी पालिकालाई वार्षिक रु २३९४४०० थप आर्थिक दायित्व थपिएको देखिन्छ ।उक्त कार्यक्रमबाट आन्तरीक पर्यटन प्रर्वद्धनमा बढोत्तरी भएको पालिकालाई अप्रत्यक्ष फाईदा समेत उल्लेख गरी भ्रमणमा संलग्न कर्मचारीले तोकिएको ढाँचामा प्रतिवेदन समेत नदिएको, संघिय सरकारले समेत उक्त कार्यक्रम कार्यान्वियनका लागी ल्याई नतिजा दिन नसकेको निष्कर्ष सहित लागत बढी लागेको समेत जनाई खारेज गरेको सन्दर्भमा पालिकाले पुन: उक्त कार्यक्रममा गरेको खर्च अनुत्पादक देखिन्छ । पालिकाले यस्ता औचित्य पुष्टि हुन नसक्ने कार्यक्रम बार्षिक कार्यक्रमवाट हटाई नतिजा मापन मुल्यांकन गर्न सकिने प्रतिफल दिन सक्ने कार्यक्रमको कार्यान्वियन गर्नुपर्दछ ।

४६ गरिवसँग विश्वेश्वर कार्यक्रम

पालिकाले प्रस्तावित कार्यक्रम कार्यान्वयनको लागी आवश्यक कर्मचारी तथा जनशक्तिको दरवन्दि स्विकृत गरेर मात्र नियुक्त गर्ने तथा कार्यसम्पादनका आधारमा करारका कर्मचारीलाई मासिक पारिश्रमिक भुक्तानी गर्नुपर्दछ । गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत नवराज अधिकारी र विक्रमराज श्रेष्ठलाई यस वर्ष पारिश्रमिक वापत मात्र रु.४११८४० भुक्तानी गरेको र अन्य विविध भुक्तानी समेत नवराज अधिकारीलाई रु. १२,०५,९५० र विक्रमराज श्रेष्ठलाई रु.२०७०८७ समेत रु.१४१३०३७ खर्च लेखेको पाईयो । सो कार्यक्रमको शुन्य प्रगती रहेको, निजहरुलाई कार्यक्रम र तोकिएको करार शर्त अनुसार काम भएको नदेखिएकोले शुन्य प्रगति भएको अर्थात् उक्त कार्यक्रम नै कार्यान्वियन नभएको अवस्थामा जनशक्ति भर्ना गरी तलव तथा अन्य खर्च लेख्नु उचित होईन । कार्यक्रम कार्यान्विय वेगर अनावश्यक जनशक्ति भर्ना गरी तलव लगायतका सुविधा खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४७ वितरण भर्पाई पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने तोकेको छ ।पालिकाले देहायका खर्च शिर्षकहरुबाट विभिन्न सामाग्रि खरिद गरी विभिन्न वडामा सामाग्रि हस्तान्तरण गरेकोमा सम्बन्धित वडाले सो सामाग्रि वितरणको वितरण भर्पाई पेश नगरेकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल उपर हुनुपर्ने रु.

भौन र मिति	खर्च शिर्षक	बुझेको सामाग्रिको नाम	वडा नं . र कर्मचारीको नाम	खरिद रकम
२२४४।३।६	वाद्यवादन सामाग्रि खरिद	धिमे बाजा ४ थान लगायत ४ किसिमका बाजा	वडानं ५ (वडा सचिव नवराज पनेरु)	१९८०८९
२७५६।३।२४	पुस्तक प्रकाशन	ज्येष्ठ नागरिक जीवनी नामक पुस्तक १४८ थान	उत्प्रेरणा समाज नेपाल	१४८०००
			जम्मा	३४६०८९

प्रमाण पेश नगरेको	३,४६,०८९

४८ **तालिम कार्यक्रम** (२४०६-२०८१-३-१६):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।सहकारी व्यवस्थापन तालिम वापत कमला कार्किलाई रु १४८२३० भूक्तानि भएकोमा कार्यक्रमको प्रस्ताव,ना सहभागिताको आधार तथा देहायका प्रशिक्षकहरुले प्रशिक्षक भत्ता बुझेकोमा सोको कार्यपत्र लगायतका प्रमाण कागजात पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

प्रशिक्षकको नाम	सेसन संख्या	दर	जम्मा रकम रु	रकम रु (कर कट्टि पश्चात
कमला कार्कि	४	२०००	८०००	६८००
हरिकृष्ण श्रेष्ठ	२	२०००	४०००	१७००
		जम्मा	१००००	८५००

प्रमाण पेश नगरेको	८,५००

४९ **बढि दरमा अनुगमन भत्ता**

टोखा नगरपालिकाको ०८०।८१ का लागि कार्यालय तथा अन्य संस्था मार्फत संचालन हुने विविध कार्यक्रमको खर्चको मापदण्ड नगरसभा बैठकको निर्णय नं १४ सँग सम्बन्धित बुंदा २६ मा योजना, तालिम तथा अन्य कार्यक्रम अनुगमन निरिक्षण जिन्सि निरीक्षण समेत भत्ता वापत रु १००० प्रति व्यक्ति पाउने उल्लेख छ । पालिकाले देहायका मितिमा विभिन्न योजना तथा कार्यक्रमको अनुगमन वापत भुक्तानि दिएको अनुगमन भत्ता रकमको दर बढि भएकोले बढि अनुगमन भत्ता रकम सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

भौन र मिति	कार्यक्रमको नाम	अनुगमन कर्ताको नाम	अनुगमन संख्या	भत्ता रकम रु.	दिनु पर्ने रकम रु.	बढि (कर कट्टि पश्चात)
२४९२।३।१९	एडभान्स मन्टेश्वरी तालिम	श्री सानु श्रेष्ठ	१	१५००	१०००	४२५
		श्री शान्ता राई	१	१५००	१०००	४२५
					जम्मा	८५०

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८५०

५० **दोहोरो भत्ता** (२७०१-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।वडासचिव आशिष ढुङ्गेलको व्यवसाय दर्ता अभियान वापत भएको सोधभर्ना भुक्तानीमा राजन सेढाईले खाजा र यातायात खर्च वापत रु. १६६५० बुझिलिएकोमा पुनः खाजा खर्च वापत रु. ३४०० र रुवि धिमिरेले खाजा र यातायात खर्च वापत रु. १६६५० बुझिलिएकोमा पुनः खाजा खर्च वापत रु. ५००० बुझेको दोहोरो भर्पाई पेश गरी भुक्तानी लिएकोले खाजा भत्तावापतको दोहोरो भुक्तानी रकम सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	८,४००

५१ **बढी भत्ता भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा भुक्तानी दिन अघि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने व्यहोरा उल्लेख छ । ९३३।२०८०।१०।०७ दन्त सिविर कार्यक्रम संचालन वापत दिपना उप्रेती स्मृती संस्था लाई ४९७२५० भुक्तानी भएकोमा २०८० पुष १३ गते टोखा नगरपालिका वडा नं १ को झोर महाकाल माध्यमिक विद्यालय र पुष १४ गते टोखा नगरपालिका वडा नं २ को चण्डेश्वरी मा वि मा २ दिन मात्र कार्यक्रम संचालन गरि ४ दिनको भत्ता वितरण गरेर्कोले बढी भुक्तानी भएको भत्ता सम्न्धित बाट असुल गर्नु पर्ने रु.

क्र सं	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	बढी भुक्तानी रकम कर कट्टि पछि
१	कल्पना घिमिरे	३४००	१७००
२	शोभा तामाङ	३४००	१७००
३	डा. सोफिया दाहाल	८५००	४२५०
४	डा. सबिता सिग्देल	८५००	४२५०
५	डा. सुनैना मानन्धर	८५००	४२५०
६	डा. प्रेरणा शाह	८५००	४२५०
७	डा. सुमित श्रेष्ठ	८५००	४२५०
८	दिपा दाहाल	५१००	२५५०
९	समुन दाहाल	५१००	२५५०
१०	प्रिया उप्रेती	५१००	२५५०
११	सम्यक सिग्देल	५१००	२५५०
१२	जेनिशा दाहाल	५१००	२५५०
१३	रञ्जिता सिलवाल	५१००	२५५०
	जम्मा		३९९५०

असुल गर्नुपर्ने	३९,९५०

५२ **प्रमाण कागजात**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले देहायबमोजिमका खेलकुद कार्यक्रम सञ्चालनका अतिरिक्त अन्य भुक्तानीमा विभिन्न व्यक्ति संस्थालाई भुक्तानी दिँदा खर्चलाई पुष्टि गर्ने प्रमाण संलग्न गर्ने गरेको देखिएन । पालिकाले निम्न कैफियत अनुसारका विल भरपाई जस्तैः कार्यक्रम कार्यान्वयनको लागी सहभागी छनौट, स्वीकृत कार्यक्रम सञ्चालन, सहभागीहरुको यकिन आधार, सो अनुरुपका खर्च, भ्रमण प्रतिवेदन कार्यक्रम सम्पन्न प्रतिवेदन, सहभागिहरुको भर्पाई, सामान वितरण भर्पाई जस्ता खर्च रकमलाई पुष्टयाई गर्ने प्रमाण संलग्न नगरी वर्षान्तमा हतारमा रकम भुक्तानी भएकाले तत् सम्बन्धी प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

भौ. नं . र मिति	कार्यक्रमको व्यवहोरा	भुक्तानी लिनेको नाम	भुक्तानी रकम	कैफियत
६०।६। २९	सिसिटिभि जडान	शुभम इलेक्ट्रोनिक्स एण्ड टेक्नोलोजिज प्रा	४८०२४४	कर विजक हातले लेखेको
१४०। ८।२८	बानियाटार पुल निर्माण	पुष्पाञ्जली राकुलादेवी जे भि	६००२७५	दोश्रो रनिङ्ग विलमा विमा वापत रु. ६००२७५ भुक्तानी भएकोमा विमा कर विजक तथा विमा पोलिसि समेत नभएको
१४४। ८।२९	सिसि क्यामेरा जडान	रोमान्टिक मल्टिप्रपोज	९७९३०४	कोटेशनमा सहि छाप नभएको स्पेशिफिकेशन नभएको जडान तथा कार्यसम्पन्न नभएको
२७३। ११।२	भैपरी मर्मत सम्भार	नयाँ टोल विकास संस्था	१७५०००	नापि किताव र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको
१६९१। १।२	तालिम	बुटिक प्रशिक्षण वापत गोसाईकुण्ड पो लीटेक्निकल ईन्स्टिच्युट प्रा ली	२९९१६७	निज फर्मसँग भएको सम्झौताअनुसार तालिमवाट उत्पादित सामाग्री र तालिमा सञ्चालन सामाग्री वडामा वुझाउने र दाखिला हुनुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि वडामा बुझाएको र दाखिला न भएको
१७३५। १।१२	सिलाईकटाई तालिम वडा नं १०	महेन्द्रेश्वर महिला टोल विकास संस्था	२४११६८	सहभागी छनोटको आधार पेश नभएको , सम्झौताअनुसार उत्पादित सामाग्री वडा कार्यालयमा दाखिला भएको प्रमाण पेश नभएको , तालिम सामाग्रि खरिद विलमा परिमाण दर नभई एकमुष्ट रकम मात्र भएकोले सम्झौता शर्त अनुसार तथा नियमानुसारका विल भरपाई पेश नगरी भुक्तानी भएको
२०२३। २।१८	वडा नं३ मा फाईवर सिरक वितरण कार्य	विन्ध्यवासिनि जनरल सप्लायर्स	६९००७९	भुक्तानी गरेकोमा सामान वितरण गरेको भरपाई पेश हुनुपर्ने
१४६६। १२।८	जनहितमा आधारित सुचना तथा सन्देश प्रवाह र दिगो विकास साझेदारी कार्यक्रम	रमिला वु ढा	९२३५०	नेपालको संविधान १५० थान खरिद गरे कोमा खरिद गर्ने प्रयोजन तथा वितरणको भरपाई पेश नभएको
५२९। ८।२५	वंगलादेशमा भएको तेक्वान्दो खेल	तुख्य तेक्वान्दो डोजाङ्ग	७८७००	वंगलादेशमा तेक्वान्दो खेलमा सहभागीको प्लेन टिकट पेश भएको तर वोर्डिङ्ग पास नभएको
	जम्मा		३६३६२८७	

प्रमाण पेश नगरेको	३६,३६,२८७

५३ मु.अ.कर समायोजन

मुल्य अभिवृद्धिकर ऐन २०५२ को दफा १४ बमोजिम मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म सँग तोकिएको ढाँचाको कर विजक लिई सामान सेवा तथा परामर्श सेवा खरिद गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा स्थायी लेखा नं र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेकासँग खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले तपशिलका उल्लेखित कार्यक्रम संचालन गर्न विभिन्न मु.अ.करमा दर्ता भएका आपूर्तकसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरेर रकम भुक्तानी गरेकोमा ऐनले तोकेबमोजिमको कर विजक पेश भएको छैन । पालिकाले कुल भुक्तानीमा एकमुष्ठ १५ प्रतिशत कर कट्टा गरेको भएतापनी कारोवारको मुल्य अभिवृद्धि कर समायोजन हुने गरी कर विजक संलग्न गर्नुपर्दछ ।

भौन र मिति	आपूर्तकको नाम	कार्यक्रम	विल रकम	मु अ कर
२३९८।३।११	ग्रामीण क्षेत्र संयूक्त क्षेत्र नेपाल	पाठेघर तथा मुखको क्यान्सर स्केनिङ्ग	२९१३६७	३७८७८
२३४०।३।१२	मानव विकास एंव जागरण मञ्च	कानुनी साक्षरता कार्यक्रम	२२५२७५	२९२८६
२३६४।३।१३	संयूक्त लक्ष्य नेपाल	स्वास्थ्य शिविर संचालन	५६२१४३	७३०७९
२३७४।३।१२	ड्रिम प्वाईन्ट एजुकेशन एण्ड ट्रेनिङ्ग ईन्स्टिट्यूट प्राली	नवप्रवर्द्धन कार्यक्रम सञ्चालन	४३५४४२	५६६०७
२५४३।३।२१	साईराम भोकेशनल एण्ड टेक्निकल कलेज प्राली	कम्प्यूटर तालीम	८१९१९	१०६४९
२६११।३।२२	साईराम भोकेशनल एण्ड टेक्निकल कलेज प्राली	कम्प्यूटर तालीम	९३४४७	१२१४८
२५८१।३।२२	समाज रुपान्तरण समाज	लागुऔषध दुर्व्यशन न्यूनीकरण तालीम	१८४३३१	२३९६३
२६०९।३।२२	नेपाल उद्यमशिल महिला संघ	सिलाई कटाई स्पेशल एडभान्स कोर्ष	४७२११४	६१३७५
२६०८।३।२२	धनकुमारी मेमोरियल ट्रष्ट	पाठरेघरको मुखको क्यान्सर परीक्षण	१९१८८४	२४९४५
				३२९९३०

५४ शिर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ बमोजिम खर्च गर्दा स्विकृत बजेट तथा सम्बन्धित शिर्षकबाट गर्नुपर्ने उल्लेख छ । त्यस्तै एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोही अनुसार खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले संकेत वर्गिकरणलाई आधार लिई नगरसभावाट अनुमोदन भएको वजेट रकम तथा विनियोजन अनुसारको शिर्षकवाट खर्च लेख्नुपर्दछ । पालिकाले देहायका कार्यक्रमहरुको भुक्तानीमा शिर्षक फरक पारी गरेको खर्च नियमसम्मत देखिदैन । नगर कार्यपालिकाका पटके रुपमा मिति २०८१ आषाढ ५, २०८१ जेष्ठ ३०, २०८१ जेष्ठ १६, २०८१ वैशाख २०, २०८० चैत्र २९ लगायत विभिन्न मितिमा कार्यक्रम संशोधन तथा रकमान्तर गर्ने निर्णयअनुरुप खर्च लेख्न रकमान्तर भएको र नगरसभाको मिति २०८१ आषाढ १० को निर्णय नं ३ वाट अनुमोदन भएतापनी सुत्रमा सो विवरण अद्यावधिक नगरेका कारण निर्णय भएतापनी सुत्र प्रणालीमा साविककै फरक शिर्षकवाट नै खर्च भएको देखिन्छ । कार्यपालिका तथा सभावाट भएका निर्णयहरु समयमै अद्यावधिक गरी खर्च व्यवस्थापन हुनुपर्दछ । केहि उदाहरण निम्न छन् ।

भौ. नं . र मिति	भएको खर्च शिर्षक	हुनुपर्ने खर्च शिर्षक	भुक्तानि रकम	कैफियत
२६७२। २०८१।०३। २३	राष्ट्रिय अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध	करार सेवा शुल्क	९८९७८९	नगर प्रहरीको पोषाक खर्च
२७११। २०८१।०३। २४	भु उपयोग क्षेत्र वर्गीकरण खर्च	बाजा खरिद	७२२०३६	विभिन्न बाजाहरु खरिद
२७४८। २०८१।०३। २४	कर्मचारीलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध	मेशिनरी तथा औजार खरिद	७४६९३०	ल्यापटप खरिद
८३८।३।२३	फर्निचर तथा फिक्चर्स	पानी पुनरभरण पोखरी/ ड्याम निर्माणको लागि सम्भाव्यता अध्ययन	९७५९५८	रिलेसन ग्रुप प्रा ली
८३६।३।२३	फर्निचर तथा फिक्चर्स		७८५६७४	केशिका ट्रेडर्स
२१७१।२।२९	विमा तथा नविकरण खर्च	परामर्श सेवा	४९२११५	आन्तरिक नियन्त्रण प्रणाली तयार, समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर
३८९।१२।१५	फर्निचर तथा फिक्स्चर्स	सार्वजनिक सम्पत्तिको मर्मत खर्च	३७७१७९	वडा नं ९ को सभाहल स्टेज निर्माण

५५ **धरौटी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) ले कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ बमोजिम दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्वन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा निर्माण व्यवसायी आपुर्तिकर्ता तथा सेवाप्रदायकले आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेपछि रिटेन्सन मनि फिर्ता दिनुपर्ने उल्लेख छ । धरौटीतर्फ गत बर्ष जिम्मेवारी सरी आएको रु १०५५१२५९२ यो बर्षको आम्दानी रु ७५९८१९० यो वर्ष फिर्ता खर्च भएको ५७०४०५४ घटाउँदा रु १२४४५३९५मौज्दात रहेको छ । नमुना परीक्षणको क्रममा पालिकाले निम्नानुसार फर्महरुको धरौटी फिर्ता दिँदा आय विवरण पेश गरेको प्रमाण/मु अ कर समायोजन प्रमाण वेगर भुक्तानि गरेको देखिएकोले मु अ कर समायोजन पेश गर्नुपर्ने रु.

गोभौ न	फर्मको नाम	धरौटी फिर्ता रकम	बैंक जमानत अवधि	बैंकको नाम	आर्थिक वर्ष
५८। १२। २२	मङ्गल दीप मल्टिपर्पोज प्रालि	१०२५०००	२०२४ ।८। २४	नबिल बैंक	२०७९।८०
२०।८०।७।२३	वायो ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन	१२०३२४८	म्याद सकिएको जमानत		
३६।९।२६	के टि एस निर्माण सेवा	३९५४०८	म्याद सकिएको जमानत		
४०।१०।९	रानीवन कन्स्ट्रक्सन	५३३५२४	म्याद सकिएको जमानत		
४२।१०।११	कसरा कन्स्ट्रक्सन	१५८४८७			
		३३१५६६७			

प्रमाण पेश नगरेको	३३,१५,६६७

५६ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले

अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । सोहि आधारमा यस प्रकारका खर्च आन्तरिक श्रोतवाट खर्च लेख्नुपर्ने देखिन्छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.५ को वुंदा नं. ७ मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धीत कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी कर्मचारी खँटाउदा बढिमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । तर पालिकाले एउटै कार्यक्रममा २६ जनासम्मको टोली अनुगमन गरेको जनाई संघिय सशर्त चालु शिर्षकवाट रु.१०१००० भत्ता भुक्तानी गरेको छ । नेपाल सरकार संघिय सशर्त चालु कार्यक्रमवाट अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका विपरित ३ जना भन्दा बढी संख्यामा अनुगमन भत्ता भुक्तानी भएकोले बढी संख्यामा अनुगमन भत्ता भुक्तानी भएको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
अनिता देवी घर्ति	३,४००.००
अनिल प्रसाद जोशी	१,७००.००
अनिल श्रेष्ठ	३,४००.००
इन्दिरा न्यौपाने	१,७००.००
कुवेर ढुंगाना	१,७००.००
कोष विलास बगाले	६,८००.००
गणेश प्रसाद कोइराला	१,७००.००
पवन कुमार साह	३,४००.००
बाबु राम पराजुली	३,४००.००
बिन्दु शर्मा	३,४००.००
मधुसुदन मिश्र	१,७००.००
रबिन्द्र श्रेष्ठ	१,७००.००
रविचन्द्र ढकाल	३,४००.००
राजेन्द्र खड्का	२,५५०.००
राधा कृष्ण श्रेष्ठ	३,४००.००
वविता लोहनी	३,४००.००
संजीव कुमार पटेल	३,४००.००
सन्तोष कुंवर	६,८००.००
सरिता शर्मा	३,४००.००
सुस्मा श्रेष्ठ	३,४००.००
जम्मा	६३७५०

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६,८००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	६३,७५०

५७ अनुगमन भत्ता (संघिय सशर्त कार्यक्रम)

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.५ को वुंदा नं. ७ मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धीत कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी कर्मचारी खँटाउदा बढिमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ ।तर यसरी खटाईएको टोलीलाई अनुगमन भत्ता दिने उल्लेख छैन । पालिकाले देहायका कार्यक्रमको अनुगमन वापत ३ जनाको टोलि खटाउनुपर्नेमा सो भन्दा बढि संख्यामा कर्मचारी खटाई अनुगमन खर्च लेखेको छ । अतः नियमविपरीत भुक्तानि लिएको अनुगमन भत्ता सम्बन्धितबाट असूलउपर हुनुपर्ने रु.

भौन र मिति	कार्यक्रमको नाम	अनुगमनकर्ताको नाम	अनगमन संख्या	रकम	(कर कट्टि पश्चात)
१५८।२।२५	(संघिय सशर्त कार्यक्रम)	ईन्दिरा न्यौपाने	२	२०००	१७००
		बाबुराम गौत्तम	३	३९००	३३१५
		नरोत्तम राणा	३	३९००	३३१५
९८।१०।२८	विद्यालयमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम, शिक्षा (संघिय सशर्त कार्यक्रम	गोपि कृष्ण पाठक	३	३९००	३३१५
		अनिल प्रसाद जोशि	३	३०००	२५५०
		पुजा सिंह	३	३०००	२५५०
		कमला कार्कि	१	१०००	८५०
		सागर केसि	१	१०००	८५०
		सिर्जना आचार्य	६	६०००	५१००
		विक्रम सम्बाहाम्फे	१	१०००	८५०
		ईन्दिरा न्यौपाने	१	१०००	८५०
		सन्जिता आचार्य	३	३०००	२५५०
		शान्ताकाजि श्रेष्ठ	१	१०००	८५०
१५६।२।१७	प्रधानमन्त्रि रोजगार कार्यक्रम योजना अनुगमन(संघिय सशर्त कार्यक्रम)	मन सिलवाल	१	१०००	८५०
			जम्मा		२९४९५

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३,३१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **३,३१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३,३१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२९,४९५

५८ **विपन्न नागरिक औषधि उपचार विवरण**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख छ ।नेपाल सरकारले यस्ता कार्यको लागी वार्षिक रुपमा बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार १७७ जनाको लागि रु.६९ लाख ६० हजार भुक्तानी गरेको, निर्देशिका २०८० अनुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रमतर्फ थप ७२ जनालाई निःशुल्क उपचारका लागि सिफारिस समेत गरेको छ । जसमा मुटुरोग ६० , क्यान्सर ६१, मृगौला ९, स्पाईनल ईन्जुरी २ र अल्जाईमर १ विरामी रहेको विवरण उपलब्ध भएको छ । विपन्न नागरिकलाई उपलव्ध हुने पालिकास्तरिय सेवा सुविधा तथा अनुदानलाई एकद्धार प्रणालीमा आवद्ध गरी बजेट कार्यान्वयन गर्नुपर्दछ ।

क्र. सं .	उपचारको किसिम	व्यक्ति संख्या	रकम रु. हजारमा
१	मृगौला प्रत्यारोपन गरेका	२८	१६८०
२	क्यान्सर विरामी	८८	५२८०
	जम्मा	११६	६९६०

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी वास्तविक औषधि तथा स्वास्थ्य परीक्षण प्रमाणका आधारमा सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ ।

५९ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाटआर्थिक वर्ष ०८०।८१ मा जारी गरेको सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिको तथ्यांकका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार सामान खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा बर्थिङ्ग सेन्टर नभएतापनि पालिकामा रहेका स्वास्थ्य चौकिहरु मार्फत सुत्केरी घर भेट कार्यक्रमका लागि पालिकाको आन्तरीक स्रोतबाट गत वर्ष ८९० थानको रु. ७९६५५० र यस वर्ष ८९० थानको रु. ७९६५५० मूल्य बराबरको न्यानो झोला खरिद गरेकोमा गतवर्ष ९०३ जना सुत्केरीलाई घरभेट भएको र यस वर्ष ९४४ जना सुत्केरीलाई घरभेट भएको गरी १८४७ जनालाई प्रसुति घरभेट कार्यक्रम गरी झोला वितरण गरेको अभिलेखबाट देखिन्छ । पालिकाले खरिद गरेका न्यानो झोलाको गुणस्तर परीक्षण गरेको देखिएन । स्वास्थ्य चौकिमा नियमित परीक्षण गर्ने गर्भवती महिलाको अभिलेखका आधारमा न्यानो झोला खरिदको लागत अनुमान स्वीकृत गरेर झोला खर्च हुने संख्या समेतका आधारमा खरीद योजना स्विकृत गरेर गर्भवती महिलाको तथ्यांकको आधारमा माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय न्यानो झोला खरिद एंव वितरण गर्नुपर्दछ ।

६० तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | यस आ.व.मा पालिकाले स्वास्थ्य तर्फका ४२ जना स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ३,१४,०७,८८३ र विभिन्न स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीको समेत तलबी प्रतिवेदन पारित नगरी रु. २३,९४,०७८ तलब खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाई भुक्तानी गरेको ग्रेड रकम यकिन गर्न सकिएन ।अतः स्थायी कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा तलबी प्रतिवेदन स्वीकृत भएको आधारमा तलब खर्च लेख्नु पर्दछ ।

६१ नर्म्स विपरीत भुक्तानि

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.१५ सि.नं. ४ अनुसार सबै प्रकारका सिप, विकास, तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा पालिकास्तर कक्षा सञ्चालन बापत रु. ७०० र कार्यपत्र वापत रु. ८०० तथा अधिकृत स्तरको तालिममा पालिका स्तरमा कार्यपत्र वापत रु.१००० र कक्षा संचालन वापत रु.६०० लिन पाउने उल्लेख छ । साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ ।साथै सम्बन्धित कार्यालयले संचालन गरेको कार्यक्रममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ साथै कार्यक्रम संयोजकको रु. ४०० र सहयोगी कर्मचारीको रु. ३०० पाउने व्यवस्था रहेको छ । यस पालिकाबाट निम्नअनुसारका तालिम सञ्चालन गर्दा नर्म्स विपरीत बढि भुक्तानि गरेको देखिएकोले उक्त बढि रकम सम्बन्धित प्रशिक्षकबाट असूल गर्नुपर्ने रु.

भौन र मिति	कार्यक्रमको नाम	प्रशिक्षकको नाम	कक्षा संख्या	दिएको रकम रु.	दिनु पर्ने रकम रु.	बढि (कर कट्टि पश्चात)
८२।१०।१०	HP-MSS कार्यक्रम	आ. प्र . कोष विलास वगाले	८	१२८००	८०००	४०८०
		आ. प्र . आशिका घिमिरे	८	१२८००	८०००	४०८०
		आ. प्र . संतोष कुँवर	८	१२८००	८०००	४०८०
		जम्मा				१२२४०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१२,२४०

६२ नक्सा पास तथा निर्माण सम्पन्न

टोखा नगरपालिकाले यस वर्ष भवनको स्वीकृत मापदण्ड अनुसार ६७ वटा सूचीकृत व्यक्ति/फर्मबाट तयार भएका २८१ भवनको नक्सा पास गरी भवन निर्माण कार्यको अनुमति प्रदान गरेको छ । निर्माण सम्पन्न भएका २१२ वटा भवनहरुको निर्माण सम्पन्न प्रतिवेदन जारी गरेको छ । त्यसैगरी ८७ वटा नक्सा नियमित गरेको २१६ वटा पूरानो भवनको नक्सा अभिलेखिकरण गरेको विवरण उपलब्ध भएको छ।पालिकाको कार्य क्षेत्र भित्र रही भवन नक्सा तयार गर्ने, नक्सा पास र निर्माण सम्पन्न गर्दा भू उपयोग ऐन कार्यान्वियन गरी जमिनको वर्गिकरण गर्न नसक्दा नगर क्षेत्रभित्र व्यवस्थित पूर्वाधार निर्माणको कार्य हुन नसकेको जानकारी दिएको छ । पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वियनलाई ध्यान दिंदै नक्सा पास, अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

६३ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । पालिकाले फोहर उत्सर्जन हुने श्रोतमा नै वर्गीकरणको व्यवस्था मिलाई कुहिने नकुहिने सिसाजन्य अस्पतालहरुबाट उत्पादित संक्रमित फोहरलाई उपयूक्त व्यवस्थपान गरेको छैन् । प्रविधिको समुचित उपयोग गर्न नसक्दा नगर क्षेत्रमा फोहरको व्यवस्थापन थप जटिल बनेको छ ।

६३.१ फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी नगरपालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ । (नगरपालिकामा फोहरमैला व्यवस्थापन चुनौतिको रूपमा रहेको छ) । अस्पतालजन्य फोहोर वाहेक दैनिक फोहोरमैला स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको व्यवस्थापनमा अस्पतालहरूको अग्रसरताको कमी, फोहोरमैलाको वर्गीकरण (Segregation), Reduce र Reuse को अभ्यास

समूदायस्तर र घरपरिवार स्तरमा प्रभावकारी नहुनु, Sanitary Landfill site को दीर्घकालीन व्यवस्थापन नहुनु, फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्र बढी नाफा केन्द्रित हुनु, फोहोरमैला व्यवस्थापन गर्ने जनशक्तिको स्वास्थ्य सुरक्षा तथा सामाजिक सुरक्षाको व्यवस्था गर्न नसकिनु, नकुहिने फोहोरमैला Upcycle गरी बजार व्यवस्थापन गर्न नसकिनु, फोहोर व्यवस्थापनको लागि आवश्यक सवारी साधन तथा उपकरणको कमी हुनु र भएका साधन तथा उपकरण पुराना भई बारम्बार मर्मत गर्नुपर्ने अवस्था रहनुले लागत थपिनु, सडक निर्माण तथा स्तरोन्नती जस्ता कार्यले शहरी सौन्दर्य कमजोर हुनुका साथै प्रदुषण बढनु औद्योगिक फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, जथाभावी फोहोर फाल्ने, प्लाष्टिक जलाउनेलाई जरिवाना/सजाय गर्न नसकेका जस्ता कारणले गर्दा फोहरमैला व्यवस्थापन चुनौति पूर्ण वनेको देखियो । पालिकाले समयमानै समस्या समाधानको दिर्घकालिन रणनीति वनाई फोहरमैला व्यवस्थापन गर्नु पर्दछ ।

(क) ऐनको दफा १३(१) अनुसार स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा पालिकामा अनुमति नलिई विभिन्न ९ वटा प्रा.ली./संस्थाहरुले नगर क्षेत्रको आफूखुशि फोहर उठाउने, फोहरबाट कवाडि छुट्याई विक्रि वितरण गर्ने, आवासिय घरधुरी तर्फ रु ५०० तथा व्यापारिक तथा अस्पतालबाट वार्षिक शुल्क बोलकबोल गरी शुल्क अनाधिकृत रुपमा असूल गरेको विवरणबाट देखिन्छ । नगर क्षेत्रमा वार्षिक १० प्रतिशत ले आवासिय व्यापारिक भवन निर्माण थपिदै गएको, अस्पतालहरु, हाउजिङ्ग अपार्टमेन्टहरु निर्माण संचालनमा वृद्धि भएको अवस्थामा नगरपालिकाको अनुमति नलिई आफू खुशि दररेटमा उठाएको वार्षिक असूली रकम यकिन गर्न तत् संस्थाको लेखापरीक्षण प्रतिवेदन माग गरी यकिन गरेको छैन । हाल पालिकामा अनुमती बेगर नै शुल्क असुली सँगै फोहरमैला संकलनको कार्य गरिरहेको जानकारी दिएको छ ।

६३.२ **(ख)** ऐनको दफा १५(१) अनुसार स्थानीय तहले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्ने र दफा १५(२) मा उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थाकको छनौट गर्दा त्यसका आधार समेत उल्लेख गर्नुपर्ने तोकेको छ । तर पालिकाको क्षेत्रभित्र प्रतिस्पर्धा बेगर नै ९ निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरि २५७२४ आवासिय घरधुरीबाट रु.४ करोड ६४ लाख ५३ हजार शुल्क अनधिकृत रुपमा असूल गरेको व्यवस्थापकिय आँकडा प्राप्त भएको छ ।

(ग) ऐनको दफा १५(४) अनुसार उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधिनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्ने व्यवस्था छ । तर पालिका क्षेत्र भित्र घरधुरीबाट अनुमति बेगर उक्त निजी कम्पनीहरुले सेवा शुल्क संकलन गरिरहेको अवस्था छ ।आवासिय घर तर्फ रु ५०० सम्म व्यापारिक कम्प्लेक्स हस्पिटल तर्फ दुई पक्षिय सम्झौता शर्त अनुसार मासिक रु १० हजार सम्म लिने गरेको जानकारी प्राप्त भएको छ । यसमा न त पालिकाले न्युनतम शुल्क तोकि व्यवस्थापकलाई उठाउने अनुमति दिएको छ न शुल्क उठाउने निर्देशन नै दिएको छ । अनाधिकृत रुपमा शुल्क उठाउने कार्य गैहृकानुनी मानिन्छ । यस्तो असुली नियन्त्रण हुनुपर्दछ ।

६३.३ **(घ)** ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकेको तथा सोबाट कुनै पनि आम्दानी समेत प्राप्त गरेको छैन ।पालिकाले फोहर संकलन शुल्क नतोक्दा अनाधिकृत रुपमा प्राली वा संस्थाले स्वेच्छिक रुपमा यस्तो शुल्क असूल गर्दै आएका छन् ।यस्तो शुल्क लगाउने व्यवहारिक आधार समेत देखिएको छैन । यसले गर्दा नगरबासिले थप दायित्त्व व्यहोर्नुका साथै पालिकाले प्राप्त गर्नुपर्ने आम्दानी गुमेको छ । यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६३.४

(ङ) ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वियनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।

६३.५ **(च)** पालिकाबाट प्राप्त विवरण अनुसार पालिका भित्र ९ निजी कम्पनीले आ.व ०८०।०८१ मा देहाय बमोजिम न्युनतम शुल्कका आधारमा रु. ४ करोड ६४ लाख २ हजार संकलन गरेको देखिन्छ ।उक्त शुल्कमा अस्पताल अपार्टमेन्ट हाउजिङ्गको दर पारस्परिक रुपमा तोक्ने हुँदा उक्त आम्दानीमा समावेश देखिदैन पालिकाको अनुमति तथा प्रचलित कानुन व्यवस्था विपरित फोहरमैला व्यवस्थापन तथा सेवा शुल्क संकलन गर्दा त्यसबाट पालिकाले प्राप्त गर्ने आन्तरीक आयमा परेको नोक्सानी एवम् असरको विश्लेषण गर्दै ऐन बमोजिम फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई सोबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापनमा उपयोग गर्नुपर्दछ ।

क्र.सं.	संस्थाको नाम	कार्यरत वडा	घरधुरी	शुल्क दर	जम्मा रकम
१	हिमालयन वातावरण संरक्षण प्रा.लि.	३, ४ , ५ , ६ , ७	३५५०	४००	१७७५००००
२	मेट्रो वेस्ट म्यानेजमेण्ट सर्भिस प्रा.लि.	१, २ , ३ , ६ , ८	१९८०	४००	२००३०००
३	नेप्सेम्यक सेवा प्रा.लि.	४	४५४	४००-५००	४६००००
४	हातेमालो सरसफाई सेवा प्रा.लि.	९	८५०	४००-५००	२८३५०००
५	नेपाल फूलवारी सेवा प्रा.लि.	३, ६ , ७ , ८ , १० , ११	४०००	३००-४००	१४०४००००
६	विनायक फोहोरमैला व्यवस्थापन प्रा.लि.	२, ३ , ७ , ८ , ९ , १० , ११	३००५	२००-५००	४४३२९६८
७	टोखा गोगंबु सरसफाई सेवा प्रा.लि.	२, ३	१८५०	३५०-४००	२८०५६३५
८	स्वच्छ समाज सुधार विकास केन्द्र प्रा.लि.	१०, ११	३५	२५०-५००	१२६०००
		जम्मा	१५७२४		४६४५२६०३

उपरोक्त बमोजिम फोहोर संकलन संस्थाले उपलब्ध गराएको तथ्याङ्क आकडा समेत अधुरोअपुरो रहेको देखिन्छ । घरधनीसँगबाट दशैं खर्च समेत गरी १३ महिना बराबरको रकम संकलक संस्थाहरुले असूल गर्दै आएको अवस्था छ । जसअनुसार १५७२४ घरधुरीबाट वार्षिक (१५७२४*१३*४००) औसत रु ८ करोड १७ लाख ६५ हजार शुल्क वापत आम्दानी गरेको देखिन्छ । यसका अतिरिक्त हस्पिटल हाउजिङ्ग व्यापारिक कम्प्लेक्सको आय फोहर संकलक संस्थाहरुले विवरणमा नदेखाई छुट्टै आय आर्जन गरेको स्पष्ट देखिन्छ । यस क्षेत्रको शुल्क करिव १५ करोड भन्दा बढि हुने अनुमान रहेकोले पालिकाले यथाशक्य फोहोर संकलन शुल्क तोकि प्रतिस्पर्धा विधिबाट फोहोर संकलन गर्ने गराउने र यस क्षेत्रको आय व्यवस्थित पारदर्शी गराउनुपर्दछ ।

६४ वितरण मुखि कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले निम्म बमोजिमका वितरणमुखि कार्यक्रमहरु सञ्चालन गरी खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको बजेट विनियोजन गर्दा नै ध्यान दिनु पर्दछ ।

गो.भौ.नं र मिति	वितरण सामाग्रि	रकम	कैफियत
	इलेक्ट्रीक जग	३१३२३६	वडा नं १० मा ज्येष्ठ नागरिक एकल महिला र अपाङ्गता भएका लाई
	डाबर च्याबनप्रास	७९१९८	वडा नं ८ मा वितरण
१०९९।०८०।१०।२५	ज्याकेट	५७१६१०	वडा नं १ मा ज्येष्ठ नागरिक एकल महिला र अपाङ्गता भएका र दलित वालवालिका

६५ टुक्रे खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोभै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ पटक पटक एउटै समयमा निम्नानुसारको सोझै खरिद गरेको देखियो । पालिकाले खरिदलाई प्रतिस्पर्धि एवं मितव्ययीता कायम हुने गरी कार्यान्वयन गर्नुपर्दछ ।

गो भौ नं	विवरण	रकम
२१६, १८८ , ७९३	तरकारीको विउविजन खरिद	१७०९४५८
९४, ५९८ ५९४ ,	विषादि तथा पोशक तत्व खरिद	१२८५६७५
३८२,३८३	मसलन्द सामान	१६५६०६९

६६ अनुगमन भत्ता

टोखा नगरपालिका को बार्षिक नगर बिकास योजना २०८०।०८१ को स्वीकृत खर्चको मापदण्डमा नगरपालिका तथा अन्तर्गतका कार्यालय मार्फत संचालन हुने कार्यक्रमको अनुगमन गरे बापत रु १००० पाउने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नं २६४ । २०८०।०६।२९ वाट रेबिज रोग नियन्त्रण र ९१० ।१०।०५ वाट जुनेटीक रोग नियन्त्रण कार्यक्रमको अनुगमन गरे बापत रु १५०० को दरले भुक्तानि गरेको देखिन्छ । मापदण्डमा उल्लेख भए भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित बाट असुल गर्नु पर्ने रु.

नाम	दिन	वढी भुक्तानी (कर कट्टि पश्चात्)
कमला कार्कि	१	४२५
ज्ञान बहादुर अधिकारी	३	१२७५
रमेश खत्रि	१	४२५
जम्मा		२१२५

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२२** को निर्णयले रू **४२५** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,१२५

६७ **शिक्षक दरबन्दी र पदपूर्ति**

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामूदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दिको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने उल्लेख छ । यस आ.व.मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ ।

विद्यालयको संख्या	दरबन्दी	पदपूर्ति संख्या	स्थायी पदपूर्ति	पदपूर्ति मध्ये करार	रिक्त पद	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
८	१५१	१४८	१०८	४०	३	६२७०	४२.३६

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:४३ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

६८ **संस्थागत विद्यालयद्धारा निःशुल्क शिक्षा विवरण**

नेपालको संविधानको अनुसूची (८) अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार ओसिस पव्लिक एकेडेमी टोखा -२, विद्यानन्द पव्लिक स्कूल टोखा ८, गोंगवु, चन्द्रबिन्दु ई.बो.मा.वि. टोखा ५, वसुन्धरा, र द ह्वाइट माउण्टेन स्कुल टोखा ६, धापासीले शिक्षा ऐनमा भएको व्यवस्था बमोजिमको न्यूनत्तम संख्यामा समेत छात्रवृत्ति उपलब्ध गराएको देखिएन ।तथा पालिका रहेका ७५ वटै संस्थागत विद्यालयहरुले नियमावली बमोजिम विद्यार्थीको नाम, ठेगाना र रकम सहितको विवरण सार्वजनिक गरेको देखिएन । तसर्थ शिक्षा ऐन तथा नियमावली बमोजिम पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु, गराउनु पर्दछ ।

क्र.सं.	विद्यालयको नाम	ठेगाना	जम्मा विद्यार्थी सङ्ख्या (ECD - १२)	छात्रबृत्ति पाएका विद्यार्थी सङ्ख्या	छात्रबृत्ति पाएका विद्यार्थी प्रतिशत
१	पव्लिक मा.वि.	टोखा—१, झोर	४३७	३०	६.८६
२	त्रिवेणी सदन ई.मा.वि	टोखा—१, झोर	३५२	७७	२१.८८
३	ओसिस पव्लिक एकेडेमी	टोखा—२, टोखा	३३०	०	०
४	लक्ष्मीपुर ई.मा.वि.	टोखा—२, टोखा	२६८	५०	१८.६६
५	गणेश मा.वि.	टोखा—२, टोखा	२९७	३०	१०.१
६	डिभाइन स्कूल	टोखा—२, टोखा	४०१	६२	१५.४६
७	विन्ध्यवासिनी मा.वि.	टोखा—३, टोखा	४५४	४७	१०.३५
८	सत्यसाई शिक्षा सदन	टोखा—३, टोखा	४१२	४२	१०.१९
९	अमर मा.वि.	टोखा—३, टोखा	४७६	४३	९.०३
१०	नितेन मेमोरियल मा.वि.	टोखा—३, टोखा	४३६	४५	१०.३२
११	एडु समिट ई स्कूल	टोखा—३, गोंगबु	५६५	५८	१०.२७
१२	न्यू मालश्री ई.स्कूल	टोखा—३, गोंगबु	३७९	४०	१०.५५
१३	क्युपिड चिल्ड्रेन होम एकेडेमी	टोखा—३, गोंगबु	२३९	२५	१०.४६
१४	एञ्जल प्याराडाइज स्कुल	टोखा—३, गोंगबु	३९२	२८	७.१४
१५	किड्स केयर एलिमेन्टरी स्कुल	टोखा—३, गोंगबु	१८५	१९	१०.२७
१६	प्रज्ञान एकेडेमी	टोखा—३, गोंगबु	३३३	३३	९.९१
१७	नव दीक्षित पाठशाला	टोखा—३	२३२	२१	९.०५
१८	इडनव्रिज एकेडेमी	टोखा—४, धापासी	४३५	५४	१२.४१
१९	चिल्ड्रेन हेराल्ड ई.स्कुल	टोखा—४, धापासी	१५०	१६	१०.६७
२०	मिल्सबेरी स्कुल	टोखा—४, धापासी	९१३	१४२	१५.५५
२१	माउण्टग्लोरी ई.बो.मा.वि.	टोखा—५, वसुन्धरा	६०७	८३	१३.६७
२२	ओडिसी ई. एकेडेमी	टोखा—५, वसुन्धरा	२४८	२५	१०.०८
२३	पृथ्वी बो.मा.वि.	टोखा—५, वसुन्धरा	३३५	३४	१०.१५
२४	द स्काइलार्क.मा.वि.	टोखा—५, वसुन्धरा	५४४	६१	११.२१
२५	वसुन्धरा नेशनल एकेडेमी	टोखा—५, वसुन्धरा	३२९	४९	१४.८९
२६	चन्द्रबिन्दु ई.बो.मा.वि.	टोखा—५, वसुन्धरा	२२८		०
२७	एक्टिभ एकेडेमी मा.वि	टोखा—५, वसुन्धरा	३२३	३३	१०.२२
२८	नेपाल मोडेल स्कुल	टोखा—५, वसुन्धरा	७१२	९७	१३.६२
२९	युनिभरसिटी स्कुल	टोखा—५ , वसुन्धरा	१२२	१३	१०.६६
३०	सोभिनियर बो. मा.वि	टोखा—६, धापासी	१९६	२३	११.७३

३१	द ह्वाइट माउण्टेन स्कुल	टोखा—६, धापासी	२४०		०
३२	त्रियोग मा.वि.	टोखा—६, धापासी	१३०४	१२२	९.३६
३३	नमोवुद्ध ई.मोडेल मा.वि.	टोखा—६, धापासी	२५३	४३	१७.
३४	अपी स्कुल	टोखा—६, धापासी	१००९	१३५	१३.३८
३५	गोल्डेन बड्स एकेडेमी	टोखा—६, धापासी	४३	३	६.९८
३६	एशिया प्यासिफिक स्कुल	टोखा—६, धापासी	८३१	८६	१०.३५
३७	हेराल्ड इन्टरनेशनल मा.वि.	टोखा—७, धापासी	१५६६	१६०	१०.२२
३८	किङ्गडम हिमालयन बो.मा.वि.	टोखा—७, धापासी	३०८		०
३९	पञ्चायन सेलेष्टियल मा.	टोखा—७, धापासी	२४८	२२	८.८७
४०	कुसुम ई. एकेडेमी	टोखा—७, धापासी	१००	१०	१०.
४१	साउथवेस्टर्न स्कूल मा.वि	टोखा—७, धापासी	११४९	१०४	९.०५
४२	अंकुर पदवी शिक्षा सदन	टोखा—७, धापासी	२४६	२५	१०.१६
४३	हनी बि स्कुल	टोखा—७, धापासी	१७१	१८	१०.५३
४४	ग्रिनल्याण्ड आ.मा.वि.	टोखा—८, गोंगवु	१३८७	१४०	१०.०९
४५	प्यारामाउण्ट एकेडेमी मा.	टोखा—८, गोंगवु	५४१	७२	१३.३१
४६	रोना इन्टरनेशनल एकेडेमी	टोखा—८, गोंगवु	१८७	२०	१०.७
४७	विद्यानन्द पब्लिक स्कूल	टोखा—८, गोंगवु	६१		०
४८	हिमालयन भ्याली ई.बो. मा.वि	टोखा—८, गोंगवु	३४२	३४	९.९४
४९	काठमाण्डौ विद्याकुञ्ज मा.वि.	टोखा—८, गोंगवु	३९६	४०	१०.१
५०	फ्लोरोसेन्ट . मा.वि.	टोखा—८, गोंगवु	१८१०	१८५	१०.२२
५१	चिल्ड्रेन हेभेन ई. स्कुल	टोखा—८, गोंगवु	९९	१०	१०.१
५२	किड्स स्कुल	टोखा—८, गोंगवु	३२८	३३	१०.०६
५३	काठमाडौँ युरो स्कूल	टोखा—८, गोंगवु	३२८	२९	८.८४
५४	लिटल रोज चाइल्ड केयर एण्ड मन्टेस्वरी बेस्ड स्कुल	टोखा—८, गोंगवु	१२२	११	९.०२
५५	दिपज्योती मा.वि.	टोखा—९, गोंगवु	१९१	२८	१४.६६
५६	विष्णुमती आ. मा.वि.	टोखा—९, गोंगवु	६८५	६२	९.०५
५७	कान्तिपुर ई.एकेडेमी मा.वि	टोखा—९, गोंगवु	४८२	६२	१२.८६
५८	नेशनल मोडेल साइन्स मा. वि.	टोखा—९, गोंगवु	५५	६	१०.९१
५९	कामना . मा.वि.	टोखा—९, गोंगवु	२७८	५८	२०.८६
६०	दिव्यकान्ति बो.मा.वि.	टोखा—९, गोंगवु	३०३	२९	९.५७

६१	गुडस्टार्ट एकेडेमी मा.वि	टोखा—९, गोंगवु	१२४	१७	१३.७१
६२	स्वेतसदन . मा.वि.	टोखा—९, गोंगवु	४०९	४४	१०.७६
६३	लार्के आवाशिय मा.वि.	टोखा—९, गोंगवु	४१६	६५	१५.६३
६४	सौर्यकुञ्ज मा.वि	टोखा—९, गोंगवु	१७१	२०	११.७
६५	नेशनल पिस आ.मा.वि.	टोखा—१०, गोंगवु	१००	२०	२०.
६६	नेचर ई.बो.मा.वि	टोखा—१०, गोंगवु	२३८	२५	१०.५
६७	नवजीवन स्कुल एण्ड कलेज	टोखा—१०, गोंगवु	३७४	२७	७.२२
६८	ज्ञान संस्कार मा.वि.	टोखा—१०, गोंगवु	१२५	१५	१२.
६९	अध्ययन स्कुल	टोखा—१०, गोंगवु	४२७	४१	९.६
७०	काठमाण्डौं ग्लोबल स्कुल	टोखा-१०, गोंगबु	८०१	१३३	१६.६
७१	बेबील्याण्ड इ.मा.वि.	टोखा—११, गोंगवु	२६६	३२	१२.०३
७२	निर्मल बाटिका बो. स्कूल	टोखा—११, गोंगवु	४०६	३९	९.६१
७३	निम्वल मा.वि.	टोखा—११, गोंगवु	१५१	१७	११.२६
७४	स्कोलाष्टिक नेशनल एकेडेमी	टोखा—११, गोंगवु	२१०	२०	९.५२
७५	माउण्ट रेडियण्ट ई.वो मा.	टोखा—११, गोंगवु	३०५	३२	१०.४९
जम्मा औषत छात्रवृत्ति			३०९१६	३३७४	१०.९१

उपरोक्त बमोजिम कतिपय विद्यालयले यस्तो छात्रवृत्ती उपलब्ध नै नगराएको कतिपयले न्यूनत्तम मापदण्डभन्दा घटि उपलब्ध गराएको कतिपयले बढि विद्यार्थी संख्या भएपनी न्यूनत्तम १० प्रतिशतमा मात्र उपलब्ध गराएको देखिन्छ ।ऐनले तोकेको छात्रवृत्ती वितरणमा पालिकाले अनुगमन गरी घटि वितरण गर्ने तथा वितरण नै नगर्ने विद्यालयलाई कानुनले तोके बमोजिम आवश्यक कारवाहि गर्नुपर्दछ ।

६९ विद्यालय अनुदानको अनुगमन

विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयंन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न ९ वटा विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, ओजेटि अनुदान, आईसिटि ल्याब अनुदान, नमूना विद्यालय भौतिक निर्माण लगायत अन्य विभिन्न शिर्षकवापत रु. ४,३१,१८,००० अनुदान निकासा दिएकोमा सम्पूर्ण अनुदान खर्चको अनुगमन गरेको देखिएन । अनुदान रकम खर्च गरेको विद्यालयको लेखापरीक्षण प्रतिवेदन समेत उपलव्ध नहुँदा अनुदान रकमको उपयोग तोकेबमोजिम भएको देखिँदैन । नियमित अनुगमन भएको प्रतिवेदन पेश नभएको तथा सम्वन्धितको लेखापरीक्षण प्रतिवेदन अनुसारको व्यहोरा एकिन नगरी तोकिएको विषयहरुमा अनुदान रकम खर्च भए नभएको र मौज्दात् रहे नरहेको सम्वन्धमा यकिन गर्न सकिएन ।तसर्थ पालिकाले नियमित अनुगमन गरी विद्यालयलाई दिएको अनुदान रकम प्रयोगको सुनिश्चितता हुनुपर्दछ ।

७० दिवा खाजा

कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ को कार्यक्रम नं. २.७.११.१ मा पालिका भित्रका सामूदायिक विद्यालयमा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई ईमिसको डाटा र उपस्थित दरलाई सत्यापन गराई प्रति विद्यार्थी प्रति दिन रु. १५ का दरले (विद्यालय सञ्चालन भएको दिन र परीक्षामा सामेल भएको दिन समेत) गरी कूल १८० दिन ननाघ्ने गरी दिवा खाजा वापत

निकासा दिने उल्लेख छ । पालिकाले संघिय शसर्त कार्यक्रममा व्यवस्था भएको दिवा खाजा वापत रु. ६२८२९७५ अनुदान निकासा खर्च गरेतापनि पालिकाको निर्णयवाट आन्तरीक स्रोतबाट पालिकाले पालिका अन्तर्गतका सबै सामूदायिक विद्यालयहरुमा कक्षा १ देखि ५ सम्मका विद्यार्थिको संघिय शसर्तबाट निकासा हुने रकममा प्रति विद्यार्थी रु. ५ का दरले थप गरेर रु.२०९४३२५ र कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु.२० का दरले थप गरी रु ८२०१५०० समेत कूल रु. १०२९५८२५ थप भुक्तानि भएको छ । यस्तो अनुदानको अनुगमन गरी प्रतिवेदनका आधारमा नपुग दिवा खाजा वितरणको अवस्था समेत यकिन गरेको देखिएन । संघीय कार्यक्रममा तोकिएको दर भन्दा थप दरमा दिवा खाजाका लागी विद्यालयलाई अतिरिक्त खाजा खर्च भुक्तानी दिँदा पालिकालाई रु. १०२९५८२५ थप दायित्व सृजना भएको छ । संघिय सरकारले तोकेको स्तर अनुसारको खाजा कार्यक्रममा थप भुक्तानी दिनु पर्ने आधार कारण वेगर विद्यालयलाई थप खाजा खर्च निकासा दिई पालिकालाई थप व्ययभार पारेको उचित देखिएन ।

७१ **सेनेटरी प्याड व्यवस्थापन**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीला ाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ.व. मा विभिन्न ८ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका १७७९ जना छात्राका लागि प्रति छात्रा २ थान १० महिनाका लागि जम्मा ३५५८० थान स्यानिटरी प्याड रु २३,७६,७४४ मा खरिद गर्ने लागत अनुमान बनाएकोमा भौ.न.र मिति ११८।१२।७ मार्फत प्रोफेशनल ट्रेड लिंकबाट १२८०० थान स्यानिटरी प्याड ठेक्कामार्फत कूल रु. ९,५८,९६३ (मु.अ.कर सहित) मा खरिद गरेको र पुनः भौ.न. र मिति १८२।३।१३ वाट रु. १०,३९,६५६ विभिन्न ८ वटा विद्यालयलाई निकासा गरेको छ ।पालिका तथा विद्यालयहरुद्धारा खरिद भएको स्यानिटरी प्याड सम्बन्धि देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

(क) सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस आ.व. मा विभिन्न ८ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका १७७९ जना छात्राका लागि प्रति छात्रा २ थान १० महिनाका लागि जम्मा ३५५८० थान स्यानिटरी प्याड रु २३,७६,७४४ मा खरिद गर्ने लागत अनुमान स्वीकृत गरेकोमा १२८०० थान स्यानिटरी प्याड रु. ९,५८,९६३ (मु.अ.कर सहित) को ठेक्काबाट खरिद गरेको तथा रु. १०,३९,६५६ विभिन्न ८ वटा विद्यालयलाई निकासा दिएकोमा नियमावली बमोजिम बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा टुक्रा-टुक्रा पारि सोझै खरिद गरेको नियम सम्मत देखिएन । पालिकाले संघिय सशर्त अनुदानतर्फको रकम समयमा निकासा नभएकोले एकै पटक वोलपत्र मार्फत् खरिद गर्न नसकिएको जनाएतापनी सम्वन्धित पक्षले खरिदमा मितव्ययिता कायम गर्नेतर्फ ध्यान दिई ऐनले तोकेबमोजिम प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन गरी खरिद ऐन एवं प्राप्ति हुनुपर्दछ ।

(ख) विद्यालयहरुले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा अधिकांश विद्यालयहरुले वर्षान्तमा खरिद गरि एकै पटक वितरण गरेको देखिन्छ । तसर्थ कार्यक्रमको उद्धेश्य अनूरुप समयमै स्यानिटरी प्याड खरिद गरी मासिक रुपमा नियमित विद्यालयहरुलाई छात्रा संख्याका आधारमा वितरण हुनुपर्दछ ।

(ग) स्यानिटरी प्याडको आपूर्ति पछि गुणस्तर र स्पेशिफिकेशन अनुसारको समान भए नभएको मूल्यांकन प्रतिवेदनका आधारमा यकिन गरी भुक्तानि दिनुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धि कार्य भएको देखिएन ।साथै पालिकाद्धारा निःशुल्क वितरणका लागि भनि स्यानिटरी प्याडको प्रत्येक स्ट्रिपमा विवरण समेत उल्लेख गरी कारोवार गरेको छैन । अत: न्युनतम स्वीकृत मापदण्डको पालना गरी नियमित रुपमा छात्रालाई यस्ता हेल्थ हाइजनिक सामाग्री वितरण गरी पठनपाठन कार्य नियमित गराउनु पर्दछ ।

७२ **प्राविधिक शिक्षा सञ्चालन अनुदान** (१७१-२०८१-३-११):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तहमार्फत अनुदान वितरण मापदण्ड, २०८० को बुंदा २ मा अनुदान प्राप्त गर्ने शिक्षालयको योग्यता सम्बन्धि व्यवस्था उल्लेख छ । जसअनुसार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको सम्बन्धन लिई प्रि डिप्लोमा तह वा डिप्लोमा तहको कुनै एक कार्यक्रम सञ्चालनमा रहेको सामुदायिक विद्यालय वा गैर नाफामूलक संगठित संस्था भएको र चालु शैक्षिक सत्रमा प्रशिक्षार्थी भर्ना कम्तिमा एक कार्यक्रममा तोकिएको कोटाको कम्तिमा ५० प्रतिशत रजिष्ट्रेशन अनिवार्य कायम भएको हुनुपर्ने उल्लेख छ ।पालिकाले श्री तिलिङ्गाटार माविलाई CTEVT को मापदण्ड बमोजिम सामूदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान वापत रु. ७ लाख निकासा गरेकोमा विद्यालयले एक कार्यक्रममा तोकिएको कोटाको कम्तिमा ५० प्रतिशत रजिष्ट्रेशन कायम गर्न नसकेको अवस्थामा समेत पालिकाले अनुदान निकासा दिएको उचित देखिएन ।अतः उक्त निकासा रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघिय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

विद्यालयको नाम	विवरण	विद्यार्थी कोटा संख्या	रजिष्ट्रेशन कायम संख्या	अपुग रजिष्ट्रेशन संख्या
तिलिङ्गाटार मावि	आई. सि . टि .	४०	१६	४
	सिभिल ईन्जिनियरिङ्ग	४८	२०	४
			जम्मा नपुग	८
			असुल गर्नुपर्ने	७,००,०००

७३ स्वंयम सेवक शिक्षक

विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार पालिकाले आफ्नो क्षेत्र भित्रका स्विकृत दरवन्दि अनुसार शिक्षक कर्मचारीको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट दरवन्दिको ओ एण्ड एम समेत नगरी आ.व. २०८०।८१ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ७ वटा सामुदायिक विद्यालयहरुमा ८१ जना शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेर तलवमा कुल रु. १,७५,६३,११५ खर्च लेखेको छ । एकातर्फ विद्यालयमा विद्यार्थीको संख्या घटि रहेको छ भने अर्को तर्फ आवश्यकता यकिन हुने आधार वेगर स्वंयसेवक शिक्षक करारमा नियूक्त गरी काममा खटाउँदा पालिकालाई थप व्ययभार पर्ने देखिन्छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था यकिन गरी विद्यार्थिहरुको कक्षागत संख्या तथा शिक्षक अनुपात समेत मापन मुल्यांकन गरी आवश्यकताको आधारमा ओ एण्ड एम गरेर मात्रै योग्य शिक्षकलाई नियुक्ति गर्नुपर्दछ ।

७४ प्रति विद्यार्थी लागत

पालिकामा कार्यरत शिक्षकहरुको दरवन्दि एंवम पदपूर्तीबाट कायम संख्या र विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या कार्यान्वियन पुस्तिकाले तोकेको अनुपातमा रहने उल्लेख छ ।यद्धपि कतिपय विद्यालयमा न्यून विद्यार्थी संख्या रहेको विद्यालय नजिकमा रहेको अर्को विद्यालयमा मर्ज समेत नसकेको अवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत रु.
तीनै तहका सरकारबाट जम्मा	२०१८३७०००	१७५०११०००	६२७०	२७९१२

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. २७,९१२ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

७५ **शैक्षिक गुणस्तर सुदृढिकरण अनुदान** (९८-२०८०-१०-२८):

(गो भौ नं ९८।२०८०।१०।२८)शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिकाको कार्यक्रम नं. २.७.१३.१३(९.८) मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान वापत शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा विद्यालयमा १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय रु. ४५ लाख अनुदान उपलब्ध गराउने र उक्त रकम विद्यालयले गुरुयोजना बमोजिम खर्च गर्ने र सोको कार्य प्रगति सहितको प्रतिवेदन स्थानीय निकायमा पेश गर्नुपर्ने उल्लेख छ ।पालिकाले तिलिङ्गाटार नमुना विद्यालयलाई यस आ.व.मा सो बमोजिमको अनुदान रकम रु ४५ लाख उपलब्ध गराएको छ । विद्यालयले उक्त अनुदानवाट स्मार्ट वोर्ड खरिद गर्ने लगायतका शैक्षिक सामाग्री खरिद गर्न पेश गरेको प्रस्तावना अनुसारको प्रगति प्रतिवेदन तथा प्रमाण कागजातमा स्मार्ट वोर्ड खरिद गरेको जनाएको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।विद्यालयले स्मार्ट एक्सट्रेक्टिभ प्रा.लि. विशालनगर (प्यान नं. ६१०४५११५९) , काठमाण्डौबाट रु. १२ लाखको ५ थान स्मार्ट बोर्ड शिलवन्दि दरभाउपत्रको माध्यमबाट खरिद गरी भुक्तानि गरेको छ । उक्त सामाग्री जडान भए नभएको, मर्मतको वारेन्टि यकिन नभएको कारण खरिद कार्य पारदर्शि देखिएन । स्मार्ट वोर्ड विधिवत रुपमा हस्तान्तरण समेत भए गरेको नदेखिएको अवस्थामा खरिद कार्य प्रतिस्पर्धात्मक वनाई मितव्ययी खरिद गर्नुपर्दछ । उक्त आपूर्तकको गत आ.व. ०७९।८० को मु.अ.कर विजक मिति २०८०।१।२० विजक नं. ०६४ बाट भुक्तानी लिएको देखियो । अतः असान्धर्भिक विजक राखी भुक्तानी भएको मु.अ.कर रु.१३८०५३ को समायोजन प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,३८,०५३

७६ **व्यक्ति/आपूर्तकको नाममा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । त्यस्तै सरकारी खाता संचालन निर्देशिका २०७६ परिच्छेदमा खर्च भएको रकम सम्बन्धित पार्टीको नाममा जम्मा हुने व्यबस्था रहेको छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता बमोजिमको अन्तिम विल भुक्तानि गर्दा सम्झौता अनुसार नबढ्ने गरी प्राविधिक प्रमाणित विलका आधारमा भुक्तानि दिनुपर्नेमा सामानको विल बमोजिमको आपूर्तकलाई र मस्ट रोलको (डोर हाजिरमा) उल्लेखित रकममा श्रमदानको अंश कट्टी गरी बाँकि हुने रकम मात्र उपभोक्ता समितिलाई भुक्तानि दिएको देखियो ।यसरी सम्झौतामा व्यवस्था नभएको असम्बन्धित आपूर्तक पार्टिलाई विलका आधारमा भुक्तानि दिनु उपयूक्त देखिएन । सम्झौता अनुसार कार्यसम्पन्न भए बमोजिमको उपभोक्ता समितिलाई बैङ्किङ्ग प्रणालीमार्फत भुक्तानी हुने व्यवस्था कार्यान्वियन गरी नगरपालिकाबाट व्यवहोर्ने रकममा वित्तिय अनुशासन र खर्च प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । उपभोक्तासँगको सम्झौता अनुसार मूल्याङ्कनबाट भुक्तानीका लागि सिफारिस गरेको रकम सम्बन्धित उपभोक्ता समितिलाई नदिई ठेक्का कार्यान्वियन गराएका केही उदाहरण निम्नानुसार छन्।

गौ. भौ . नं र मिति	उपभोक्ता समिति	आपूर्तकको नाम	रकम रु.	कैफियत
५।०२।०३	जोगिकुटि चिल्ड्रेन पार्क सडक स्तरोन्नति	बौडेश्वर ईन्टरप्राईजेज	१२२०२३३	प्रदेश पूँजीगत
१६।०३।२१	वासुकि टोल विकास संस्था (जाल्पा खा . पा .)	आदर्श विल्डर्स	१५८५१६४	संघिय पूजिगत
		प्रकृति एण्ड प्रदिना कन्स्ट्रक्सन	२९३६३२	

७७ **डिपिआर निर्माण तथा कार्यान्वियन**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। सोहि ऐनको दफा २९(क) बमोजिम यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा वाह्य श्रोतवाट परामर्श लिई वजेट खर्च लेखेको पाईयो । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना, डीपीआर

लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । नगरपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नानुसारका योजनाको DPR तयार गरेर परामर्श शुल्क बापत परामर्शदातालाई रु.२१ लाख ४७ हजार भुक्तानी गरेको छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको, प्रतिवेदनमा अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम समेत सिफारिस गरेको छ ।

कामको विवरण	वजेट रकम	खर्च रकम	परामर्शदाता
Preparation of DPR of Multipurpose Building at ward -08 Tokha municpality	1394640	863936.28	Pabandut consultant pvt.ltd
Preparation of DPR of Multipurpose Building at ward -08 Tokha municpality	1394640	370258.41	Pabandut consultant pvt.ltd
COnsulting services for Preparation of details Project of different Krishi Sadak	500000	408766	
वडा न ६ हात्तीचोकमा सामूदायिक बहुबर्षिक भवन निर्माण र वडा नं ७ स्थित ज्येष्ठ नागरिक भवन निर्माण कार्यको स्तकचरल Analysis desgin तथा drawing निर्माण कार्य	99900	86913	Ma.Chandeshwori nirman sewa pvt.Ltd Tokha
Detailed Engineering survey master plan and preparation of detail project report DPR of Bishnumati park at tokha municpality -03 kathmandu	499683.6	417210	Alisha engineering works and consultancy service pvt.Ltd Kathmandu.

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम लागत अनुमान तयार गरी खर्च गरेको उपयुक्त देखिएन । मौजुदा जनशक्तिवाट हुने यस्ता प्राविधिक प्रतिवेदन तथा डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । यसरी खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता प्रतिवेदन तयारीमा परामर्श सेवा लिदा मौजुदा प्राविधिक जनशक्तिको क्षमता दक्षताले नभ्याउने परामर्शका कार्य मात्र कार्यक्रमलाई वजेट स्वीकृत हुने निश्चिततााका आधारमा मात्र यस्ता खर्च लेख्नु पर्दछ । परामर्शवाट प्राप्त यस्ता प्रतिवेदन कार्यान्वियनमा लैजना नसकिएको र सो को अभिलेखमा समेत अद्यावधिक गरे भएको देखिएन । आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने निश्चित आयोजनाको मात्र डिपिआर तयारी गरी कार्यान्वियन गर्नुपर्दछ ।

७८ **विज्ञापन वोर्ड**

विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले सुचना प्रकाशन (छपाई समेत) मा कुल जम्मा रु.७५ लाख खर्च लेखेको छ । विज्ञापन खर्चको भुक्तानीमा उक्त व्यवस्था बमोजिम विज्ञापन बोर्ड कोषमा जम्मा गरेको देखिएन । नियममा भएको व्यवस्थाबमोजिम छपाई बाहेक विज्ञापनको भुक्तानी पालिकाले यकिन गरी उक्त रकम सम्वन्धित खातामा पठाउनुपर्ने देखिन्छ ।

७९ **कर विजक**

(भौ नं ६५।६।३०) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा मा सरकारी रकमको भुक्तानीमा सक्कल विल संलग्न गरी रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । त्यस्तै मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा आपुर्तक वा निर्माण व्यवसायीले तोकिएको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ९ का सडक कालोपत्रे कार्यको मिति २०७८।१०।६ मा स्विकृत भएको लागत अनुमान रु.१९९९६५२, ठेक्का नं ३८/०७८।७९ वाट निर्माण व्यवसायी कर्मिडाडा निर्माण सेवा रसुवा (pan no.500065169) सँग मिति २०७९।२।१८ मा रु.१४७३५३८ मा सम्झौता भई मिति २०७९।३।२० सम्म सम्पन्न गर्ने गरी कार्यादेश भएको देखिन्छ । निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न गर्न नसकेपश्चात् २०७९।३।१६ को निर्णयानुसार २०७९।१२।३० सम्म पहिलो पटक म्याद थप भएको, त्यस्तै म्याद थपको कारण उल्लेख नगरी २०७९।१२।३० को प्राविधिकको रायअनुसार २०८०।३।३ मा २०८१।२।३१ सम्म पुन: म्याद थप हुने गरी दोश्रो पटक निर्णय भएको देखिन्छ । उक्त निर्माण व्यवसायीले २०८०।२।२९ मा अन्तिम विल भुक्तानीको लागी निवेदन पेश गरेको तर २०८०।७।२९ मा ०१-७।२९ नंवरको रु.१६५७६२५(मु अ कर समेत रु.१९०७००) को कर विजक जारी गरेको तर निर्माण व्यवसायिको अन्तिम विल पेश भएको ४ महिना

पछी पालिकाले भुक्तानी गरेको देखिन्छ । यसरी उक्त निर्माण व्यवसायीले २०८०।७।२९ मा कर विजक जारी गरेको तर कार्यालयवाट कर विजक जारी गर्नुभन्दा १ महिना पहिले नै भुक्तानी गरेको देखिन्छ । यसरी कर विजक जारी हुनुभन्दा पहिले नै पालिकावाट भुक्तानी भएको नियमसम्मत देखिएन । खरिद प्रकृयामा विल भरपाई रितपुर्वक रहे नरहेको यकिन नगरी निर्माण व्यवसायीलाई दिएको मुल्य अभिवृद्धि कर सहितको उक्त भुक्तानी को मुल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९०,७००

८० **बढी दरमा भुक्तानी**

Standard specification for roads and bridge work revision 2078 को Section 1300 (page 13-15) को table 13.10 मा rate of application of tack coat को लागी non-bituminous को लागी 0.5-0.6 kg/sqm र over pavement bituminous को लागी 0.5-0.7 रहने उल्लेख छ । नगरपालिकामा over pavement bituminous को काम नभई non-bituminous को काममा १ लिटर ट्याक कोटमा १.०३ kg bituminous रहने स्टयान्डर्ड अनुसार 0.५८२ ltr/sqm कायम हुने देखिन्छ । तसर्थ उल्लेखित नर्मस् अनुसार अधिकतम ०.५८२ रहने हुनाले density समेतलाई आधार मान्दा अधिकतम rate of spray ०.६० लि/व.मि को दरमा भुक्तानी दिनुपर्नेमा नगरपालिकाले ०.६५ देखि ०.९० लि/व.मि का दरमा भुक्तानी भएकोले बढी भुक्तानी रकम पालिकाले थप छानविन गरि सम्वन्धित प्राविधिक समेतलाई जिम्मेवार वनाई निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु. १००९०२४

ठेक्का नं	योजना	निर्माण व्यवसायी	नापि भएको ट्याक कोट व मि	भुक्तानी हुनुपर्ने लि	भुक्तानी भएको ट्याक कोट Ltr	बढी ट्याक कोट लि	कवोल दर	बढी भुक्तानी (vat समेत)
	वडा नं ८ का सडक कालोपत्रे	कर्मिडाडा निर्माण सेवा रसुवा	८६८	५२१	८६८	३४७	१६०	६२७३८
२८। ७९। ८०	वडा नं ९ का सडक कालोपत्रे	कर्मिडाडा निर्माण सेवा रसुवा	१५८०	९४७	१५८०	६३३	१७०	१२१५९९
१३। ७९। ८०	वडा नं १० का सडक कालोपत्रे	कर्मिडाडा निर्माण सेवा रसुवा	२९६४	१७७८	२९६४	११८६	१५०	२०१०२७
३७। ७९। ८०	यु आकार सडक कालोपत्रे	थान निर्माण सेवा	५२१	३१२	५२१	२०९	१२३	२९०४९
	गोरक्षमार्ग सडक कालोपत्रे	ग्रेट वाल विल्डर्स	३४७	२०८	३४८	१३८	१४८	२३०७९
२।८०। ८१	वडा नं १० मुल सडक	विनय निर्माण सेवा	१५७२	९४३	१५७२	६२९	२१५	१५२८१६
	वडा नं ८ गैह्रिंगाउँ जाल्पाचोक सडक	हेलो नेपाल कन्स्ट्क्सन	६३१	३७८	६३१	२५३	१४५	४१४५४
	जाल्पाचोक वानियाटार सडक	हाईल्याण्डर कन्स्ट्रक्सन	४२६	२५५	४२६	१७१	१५५	२९९५१
१६। ७७। ७८	भण्डारी चोक ओमशान्ति सडक	पुष्पाञ्जली वौडेश्वर जे भि	१२४४	७४६	१२४४	४९७	११५	६४५८५
१७। ८०। ८१	भानुभक्त ग्राम ग्रान्डि विष्णुमति किनार सडक	विनय निर्माण सेवा	३४७४	२०८४	३४७४	१३९०	१८०	२८२७२६
					जम्मा			१००९०२४

असुल गर्नुपर्ने	१०,०९,०२४

८१ विद्युत प्राधिकरण अनुदान तथा खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको स्विकृत वजेट खर्च गर्दा सो सँग सम्वन्धित विल भरपाई कागजात सहितका प्रमाण संलग्न गरी भुक्तानीको आवश्यक निर्णय गर्नुपर्ने तोकेको छ । टोखा नगरपालिकाको अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७६ बमोजिम लेखापरीक्षण प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्ने गरी नेपाल विद्युत् प्राधिकरणलाई अनुदान निकासा गरेकोमा लेखापरीक्षण अवधिसम्म पनी नगरकार्यपालिकाको मिति २०८१।२। १६ को १४ औ वैठक लगायतका विभिन्न वैठकवाट निर्णय अनुरुपका विद्युत प्राधिकरणलाई दिएको कामको स्विकृत लागत अनुमान, खरिद प्रकृयाका कागजात, निर्माण मर्मत कार्यको विल भरपाई सहितको कार्यसम्पन्न प्रतिवेदन लगायतका अनुदानको खर्च एकिन हुने कागजात तथा विल भरपाई पेश भएको छैन । नियमानुसार तथा सम्झौतामा उल्लेख भएअनुसारमा नेपाल विद्युत प्राधिकरणवाट तोकिएबमोजिमका विल भरपाई तथा प्रमाण कागजातहरु पेश हुनुपर्ने रु.

संस्था	गो. भौ. न.	मिति	विवरण	भुक्तानी रकम
विद्युत प्राधिकरण महाराजगञ्ज	३३०	२०८०/११/२०	वडा न ३ को सिफारिस र ने वि प्रा च न ५००/२०८०/११/१५ अनुसार वडा न ३ मा पोल सार्ने	११,०२०.००
	५८८	२०८१/०२/२७	वडा न ८ को सिफारिस र ने वि प्रा च न ६४९/२०८१/०१/२४ अनुसार वडा न ८ मा पोल सार्ने	१,५१,६८८.९५
	७००	२०८१/०३/१७	वडा न ३ को सिफारिस र ने वि प्रा च न ६९५/२०८१/०२/१६ अनुसार पोल सार्ने भक्केको पुल तीनकुने	६,९७,८५०.३५
			जम्मा	८६०५५९।३०

प्रमाण पेश नगरेको	८,६०,५५९.३

८२ **बाँकि काम हुदा हुदै कार्यसम्पन्न**

८२.१ **(क)** सार्वजनिक खरिद नियमावली २०६४(एघारौँ संशोधन) को नियम ११७ को २(क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्वे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्विकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले पटक पटक म्याद थप भएकोमा सो अवधिमा समेत सम्पन्न नभई ढीला कार्य गरेकोले क्षतिपूर्ति लगाएकोमा समेत सम्झौताको नब्वे प्रतिशत भन्दा कम काम भएको अवस्थामा समेत कार्यसम्पन्न प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको पाईयो । प्राविधिकवाट फिल्ड विवादित भएको फिल्ड प्रतिवेदन पेश भएतापनी यसमा जनप्रतिनिधिवाट कुनै पहल नभएको देखिन्छ । यसरी पालिकाले नियममा भएको व्यवस्था विपरित कार्यस्विकार प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको अनियमित देखिएको रु.

ठेक्का नं	योजना	लागत अनुमान	सम्झौता	कार्यसम्पन्न	निर्माण गर्ने	वाकि काम प्रतिशत	वाकि काम
१६।७७। ७८	भण्डारी चोक ओमशान्ति सामुदायिक भवन सडक	११२१७८२५	५५२३३९८	३९९१६८९	पुष्पाञ्जली बौडेश्वर जे भि	२८ प्रतिशत	१५३१७०९
३९३।१२। १६	वडा नं ६ विविध पूर्वाधार कार्यक्रम		१९२१५६	१०९९३३	कुण्डलामाई कन्स्ट्रक्सन	४३ प्रतिशत	८२२२३
		जम्मा					१६१३९३२

अनियमित भएको	१६,१३,९३२

८२.२ **(ख)** पालिकाले निम्नानुसाका उपभोक्ता समिति तथा टोल विकास संस्थासँग सम्झौता गरेभन्दा ज्यादै न्युन काम भएकोमा समेत कार्य स्विकार गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । सम्झौता भएको भन्दा ९० प्रतिशतभन्दा कम मात्र कार्य भएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम भुक्तानी दिएको नियमसम्मत देखिएन । सम्झौताभन्दा न्युन कार्य गरी अधुरो निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन स्विकार गरी भुक्तानी सिफारिस गर्ने प्राविधिकलाई जिम्मेवार बनाई सम्झौतामा उल्लेख भएअनुसारको कार्य नगरी काम वाँकी रहने गरी पालिकावाट हुने भुक्तानी नियन्त्रण हुनुपर्दछ ।

गो भौ नं	योजना तथा समिति	लागत अनुमान तथा सम्झौता	कार्यसम्पन्न	वाकि काम प्रतिशत	वाकि काम
७१३।३। १७	टोखा शिवपुरी खानेपानी उपभोक्ता समिति	३३४४३७	१३६९४६	६१	१९७४९१
७७२।३। २१	पार्क र ढुगाँको वाल निर्माण गरे बापत ढिकुरे टोल विकास संस्था	४३१६२७७	२८४०३१७	३५	१४७५९६०
८४५।३। २४	सार्वजनिक धारा निर्माण टोल विकास संस्था	५५८१९२	३३८९३७	४०	२१९२५५
८५७।३। २४	मनकामना टोल विकास संस्था	१११५९२६	७३७१३९	३४	३८१७८७

८३ **काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई भुक्तानी**

टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा संचालन कार्यविधि २०७६ बमोजिम काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडलाई अनुदान रकम भुक्तानी गरेको छ । यसरी रकम भुक्तानी गर्दा दुईपक्षिय सम्झौता गरेको देखिएन । सो अनुदान परिचालन समितिको मिति २०८०।९।२२ लगायत विभिन्न मितिको निर्णयवाट गर्नुपर्ने कामको स्विकृत लागत अनुमान, कार्यान्वयनको मोडालिटी, कामको विवरण समेत एकिन नगरी पटक पटक खानेपानी विस्तार कार्यक्रम जनाई खरिदका प्रकृया अवलम्वन नगरी अनुदान गएको रकम तोकिएको कार्यमा प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्यसम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन लगायतका कागजातहरु पेश गर्ने गरी काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड महाराजगञ्जको नाममा अनुदान निकासा गराउने उल्लेख भएकोमा पालिकाको अन्तिम लेखापरीक्षणको अवधि सम्म पनि कुनै विल भरपाई प्रमाण कागजात पेश गरेको छैन । अनुदान व्यवस्थापन तथा संचालन कार्यविधि २०७६ र अनुदान परिचालन समितिको निर्णयअनुसारका तोकिएको कार्यसम्पन्न गरेको आधिकारिक प्रमाण कागजात पेश हुनुपर्ने देखिएको रु.

गो. भौ. न.	मिति	विवरण	भुक्तानी रकम
५२	२२/०६/२०८०	वडा न १० को सिफारिस तथा टोखा नगरपालिकाको अनुदान व्यवस्थापन तथा सचादन कार्यविधि २०७६ को मिति2080-06-15 को निर्णय अनुसार खानेपानी पाइपलाइन विस्तारको लागि के यु के ल	१११७९४३
२०२	२९/०९/२०८०	नगर प्रमुख ज्यूको तोक आदेश र६ न वडा को सिफारिस अनुसार kukl. माहाराजगंज लाई खानेपानी पाइपलाइन विस्तार को लागी अनुदान	८८८२७४.३५
२०३	२९/०९/२०८०	नगर प्रमुख ज्यूको तोक आदेश र ३न वडा को सिफारिस अनुसार kukl. माहाराजगंज को २०८०/०९/१२को च न १५२ लाई खानेपानी पाइपलाइन विस्तार को लागी अनुदान	२७४९०५५.६८
२०४	२९/०९/२०८०	नगर प्रमुख ज्यूको तोक आदेश र11 न वडा को सिफारिस अनुसार kukl.	५५४१२०८.०९
२८४	०६/११/२०८०	नगर प्रमुख ज्यूको तोक आदेश र ८ न वडा को सिफारिस अनुसार kukl. माहाराजगंज को २०८०/१०/११को च न १९०लाई खानेपानी पाइपलाइन विस्तार को लागी अनुदान	४१०४४१.७३
७२८	१८/०३/२०८१	टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा संचालन कार्यविधि २०७६ बमोजिम काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड	२६२७४४.६७
		जम्मा	१०९६९६६७.५२

प्रमाण पेश नगरेको	१,०९,६९,६६७.५२

८४ **अन्तर स्थानिय तह अनुदान** (२०१-२०८०-९-२९):

टोखा नगरपालिकाको अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७६ बमोजिम अनुदान परिचालन समितिको २०८०।९।२२ को वैठकले ककनी गाउँपालिकालाई डाफेखोला पुल निर्माण ककनी-८ मा बनाउने गरी कार्यविधि २०७६ बमोजिम कानुनअनुसार कार्यसम्पन्न प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन लगायतका कागजात पेश गर्ने गरी अनुदान निकासा उपलव्ध गराउने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म कुनै पनि प्रमाण तथा कामको प्रगतिको विवरण पेश भएको छैन ।अनुदान दिएको रकम तोकिएको कार्यमा खर्च भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१५,००,०००

८५ **काम सम्पन्न पश्चात् भएको विमाको सम्पुर्ण रकम भुक्तानी भएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएको वाहेक २० लाख रुपैया भन्दा बढीको निर्माण कार्य गराउँदा निर्माण व्यवसायीले सम्झौता मितिले १५ दिनभित्र मेशिनरी औजार तथा जनशक्तिको अनिवार्य विमा गराउनुपर्ने तोकेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने र कुनै सरकारी रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गर्दा पि एस आईटममा रहेको विमावापत भुक्तानी भएकोमा उक्त योजनाहरु सम्पन्न भएपश्चात् मात्र आएर पोलिसि एप्रुवल गरी विमा शुल्क तिरेको रसिदका आधारमा खर्च भुक्तानी भएको छ । सम्झौताअनुसारको सुरु काम समेत शत प्रतिशत रकमको कार्यसम्पन्न पश्चात् मात्र विमा गराई भुक्तानी दिएकोले जोखिमको अंकभार कम हुँदा समेत शत प्रतिशत सम्झौता अंकको लागी विमाको रकम भुक्तानी गर्नु उपयुक्त होईन । यसरी कार्यसम्पन्न पश्चात् (सुरु अवस्थाका ज्यामि समेत) विमा लागु भएको आधारमा भुक्तानी दिएकोले विमा वापतको रकम यकिन गरि असुल गर्नुपर्ने रु.

गो भौ नं	निर्माण व्यवसायी	योजना	भुक्तानी	विमा मिति	सम्पन्न मिति	विमा रकम
१६६।९।१७	वायो ईन्जिनियरिङ्ग ३।८०।८१	वडाका विभिन्न सडक कालोपत्रे (९१२)	५२८००५८	२०८०।९।६ प्रभु ईन्सुरेन्स	०८०।९।११	३८०४२
२७१।११।२	वाईसधारा विश्वजित निर्माण सेवा १०।७९।८०	लवु हुदै मालुङ्ग सडक	१०४३३४०१	०८०।१०।२३	०८०।१०।१८	८००००
	भानुभक्त ग्राम ग्रान्डी विष्णुमति किनार सडक	विनय निर्माण सेवा	६७५२९८०	२०८१।२।२४	२०८१।२।२४ ल्याव टेष्ट	३४८४६

असुल गर्नुपर्ने	१,५२,८८८

८६ **पूर्व निर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ (क) मा आपुर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईका कारणले खरीद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्वनिर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था उल्लेख छ । निर्माण व्यवसायीले सम्झौताको अवधिमा उक्त काम गर्न नसकेकोले ढिला गरी उक्त कार्य सम्पन्न गरेको प्रमाण पेश भएकोले तोकिएको अवधिभन्दा ढिला कार्यसम्पन्न भएकोले नियमावली बमोजिम सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत क्षतिपुर्ति असुल गर्नुपर्ने रु.

गो भौ नं	फर्म	योजना	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	सम्पन्न भएको मिति	ढीला अवधी	क्षतिपुर्ति रकम
५१७।२।२	एल के डि कन्स्ट्रक्सन	वडा नं ११ मंगाल तथा मेटल कभर राख्ने कार्य	२०८०।११।४		२०८०।१२।१५	२०८१।१।२०	३५ दिन	८३६९

असुल गर्नुपर्ने	८,३६९

८७ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत आपुर्तक दर्ता भएको आन्तरिक राजस्व कार्यालयको तोकिएको कोडमा सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा सम्पुर्ण मु अ कर सम्वन्धित फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

गो भौ नं	फर्म	भुक्तानी रकम	मु अ कर	३० प्रतिशत मु अ कर	कैफियत
१४४।८।२९	रोमान्टिक मल्टिपर्पोज	९६९३०४	११२६६३	३३७९९	०२।८।१३, ६१९७५७०७६
१६३।९।१६	एम एस एस कन्स्ट्रक्सन	९६३७६७	११०८७५	३३२६३	००३।७।१७, ६१०३२६५८३
१५९।९।१६	आईटैक ट्रेड ईन्टरप्राईजेज	९८७५१७	११३६०७	३४०८२	०६५।६।९
२०८।१०।४	एस वि मल्टिविजनेस प्रा ली	९९२१४०	११४१४०	३४२४२	
१६९।९।१८	शुभलक्ष्मि ट्रेडर्स	९२८८६०	१०६८६०	३२०५८	०४९।७।१७, ३०३६०८५७६
४२४।१२।२५	लाईनेक्स टेक्नोलोजि	९८०२२९	११२७६९	३३८३१	६११८५३९६७
८३६।३।२३	केशिका ट्रेडर्श (फर्निचर)	७८५६९४	९०३८७	२७११६	
	जम्मा			२२८३९०	

प्रमाण पेश नगरेको	२,२८,३९१

८८ **भुक्तानी वाँकिको अभिलेख वेगर गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका भुक्तानीमा भुक्तानी वाँकीको प्रमाणित अभिलेख वेगर भुक्तानी गरेको पाईयो । नियममा भएको व्यवस्था विपरित भुक्तानी वाँकी एकिन गरेको प्रमाणित अभिलेख वेगर भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

गो भौ नं	भुक्तानी पाउने	विवरण	भुक्तानी रकम
११।५।१६	आरु सप्लायर्स	फर्निचर लगायतका विभिन्न सामान	५०२८५
७२।७।१	कुल देवता संरक्षण समिति	२० प्रतिशत रकम वाकि यकिन नभएको	४२९१२७
		जम्मा	४७९४१२

अनियमित भएको	४,७९,४१२

८९ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था छ । नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २

प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गरेकोमा योजनागत प्रगतिका आधारमा कन्टिन्जेन्सी रकम एकिन गरी सो रकम खर्च गर्ने, अभिलेख राख्ने नगरी आवश्यक्ताका आधारमा वजेटका आधारमा कन्टिन्जेन्सीको रकम खर्च गर्दै आएको छ । क्रमागत योजनाको कन्टिन्जेन्सिको अभिलेख समेत अद्यावधिक नगरी यस्तो रकम खर्च गर्दै आएको छ । कार्यालयले यो वर्ष कन्टिन्जेन्सी तर्फ गरेको खर्चको विवरण तथा अभिलेख समेत राखेको देखिएन । योजनागत अभिलेख वेगर कन्टिन्जेन्सी खर्च लेख्नु उपयुक्त होईन । पालिकाले कन्टिन्जेन्सीको जम्मा वजेट रु.१८३२५७८७ कायम गरी सो मध्ये योजनागत अभिलेख वेगर परिआउने सवै खालका विलवाट कन्टिन्जेन्सी तर्फ रु.८८,२४,६७४ खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्।

(क) प्रत्येक योजनाबाट २ देखि ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टी गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले विवरण प्राप्त नहुँदा यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

(ख) पालिकाले गरेको कन्टिन्जेन्सी खर्चको विवरण खर्च शिर्षक तथा योजनागत राख्नुपर्नेमा सो अनुसार कुन खर्च शिर्षक वा कुन कार्यमा कति खर्च भएको हो यकिन हुने गरी खर्चको अभिलेख राखेको छैन ।

(ग) पालिकाले विभिन्न बजेट शिर्षकमा कन्टिन्जेन्सी खर्च गर्दा अभिलेख नराखेकोले तोकिएको भन्दा बढी खर्च हुन सक्ने स्थिति छ ।

(घ) सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनुपर्ने उल्लेख भएकोमा प्राविधिकले नापी कितावमा कन्टिन्जेन्सी खर्च नचढाई खर्च गर्ने गरेको, योजनागत कन्टिन्जेन्सीको अभिलेख खाता नराखी खर्च गर्ने गरेकोले नियमको परिपालना भएको छैन ।

चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ पनि पुन: यस्ता खर्च गर्दै आएकोले पालिकामा सम्वन्धित खर्च शिर्षकमा वजेट हुँदाहुँदै कन्टिन्जेन्सीवाट खर्च लेख्नुको औचित्य समेत पुष्टि हुने देखिदैन । कार्यक्रम, योजनागत कन्टिन्जेन्सि खाता र कार्य प्रगतीका आधारमा एकिन हुने कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी यस्ता खर्च तोकिएको सीमाभित्र रहि खर्च गर्नेतर्फ पालिकाले जिम्मेवार पदाधिकारीलाई उत्तरदायी वनाउनुपर्दछ ।

९० निर्माण स्थलको उपलब्धता नगरी ठेक्का स्वीकृत

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलवाट हटाउने सुनिश्चितता नभई मु आव्जा र क्षतिपुर्ति वितरण गर्नुपर्नेमा सोको वजेट सुनिश्चितता नभई र वातावरणिय अध्ययन प्रतिवेदन स्विकृत नगराई वोलपत्र आव्हान गर्न नहुने उल्लेख छ । ठेक्का नं 38/NCB/TMW/2080.081 निर्माण व्यवसायी सदभाव विल्डर्स प्राली सँग साविकमा सम्मानित सर्वोच्च अदालत विष्णुमति कोरिडोरको २० मिटर आसपास क्षेत्रमा संरचना बनाउन नपाईने आदेशबाट रोकिएको निर्माणको कार्य पुनः विष्णुमति कोरिडोर जागरण टोलदेखी मनोहर तिर्थ सम्मको सडक कालोपत्रे गर्ने कामको लागत अनुमान रु २ करोड ४२ लाख १० हजार स्वीकृत गरेर निज ठेक्केदारसँग रु १९०९७५९५ (भ्याट बाहेक) मा २०८०।०७।२४ मा सम्झौता गरेको छ । २०८१।०६।३० भित्र कालोपत्रे सडक सम्पन्न गर्नेगरी २०८०।०७।२४ मा कार्यादेश दिएकोमा निर्माण कार्यमा अन्य ठेक्काहरुको काम सोहि कोरिडोरमा हुँदै गएकोले साईट दिन नसकिएको भनी ठेक्केदारले२०८१।०६।०६ मा आएर १० महिना पछाडि म्याद थप गरिदिने पत्र पेश गरेको देखियो । ठेक्का कार्यान्वयनमा देखिएका ढिलाई सम्वन्धी थप व्यवहोरा निम्नाअनुसार छन्।

९०.१ **(क)** विष्णुमति कोरिडोरको उक्त सडक निर्माणमा ठे.नं. ४ तथा ठे.नं. १८ का प्याकेजहरुबाट ट्र्याक खोल्ने, plum wall लगाउने जस्ता ठेक्काका कार्यहरु सञ्चालनमा रहेको अवस्थामा हतारहतारमा काममा ओभरल्यापिङ्ग हुनेगरी ठेक्का सम्झौता गरी पालिकाले करिव १० महिनासम्म ठेक्केदारलाई साईट उपलब्ध गराउन नसकि ठेक्काको म्याद गुजारेको देखिन्छ ।

९०.२ **(ख)** सम्मानित सर्वोच्च अदातलबाट जारी आदेशको विपरीत पालिकाले विष्णुमति कोरिडोर क्षेत्रमा दाँयाबाट २० मिटर क्षेत्रका निर्माण कार्य नगर्ने आदेशको पालना नगरी ठेक्का सम्झौता गरी निर्माण कार्यको थप दायित्व सिर्जना गरेको छ ।

९०.३ **(ग)** पालिकाले उक्त निर्माण कार्यका लागि विभिन्न ठेक्काका प्याकेजको कार्यसम्पन्न नभएको, सर्वोच्च अदालतको आदेश समेतको कार्यान्वयन प्रयोजनका लागि फिल्ड प्रतिवेदन २०८०।११।१४ मा पेश भएको टिप्पणी सदर गरेको अवस्थामा ठेक्केदारले २०८१।६।६ मा आएर साईट उपलब्ध हुन नसकेको कारण सम्झौता अनुसारको सडक निर्माण कार्य शुरु गर्न नसकेको भनी २०८१।६।३० देखि लागु हुने गरी मिति २०८१।९।२९ सम्मको समय माग गरी म्याद थपको निवेदन पेश गरेकोले उक्त विवादित ठेक्काको प्रमुख प्रशासकिय अधिकृतले उपरोक्त विषयवस्तुको टुङ्गो नलाग्दै २०८१।६।२२ मा ६ महिनाको म्याद थप गरेको देखिन्छ ।

अतः उक्त ठेक्काको माथि उल्लेखित विषयहरु टुङ्गो नलागि ठेक्का कार्यान्वयन गर्न मिल्ने नदेखिदा उक्त निर्माण कार्य अधुरो रहने देखिन्छ ।

९१ सीमाभन्दा बढीको सम्झौता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्मको लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । त्यस्तो लागत अनुमानमा पालिकाको योगदान, उपभोक्ताको योगदान, मूल्य अभिवृद्धि कर, कन्टेन्जेन्सी, ओभरहेड समेत हुने उल्लेख छ । नगरसभाले ५० लाख भन्दा तलका लागत स्विकृत योजना मात्र उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने गरी नितिगत निर्णय गरेको छ । पालिकाको सभाले गरेको नितिगत निर्णय वेगर देहायका उपभोक्ता समितिबाट गराएको काममा पालिकाको योगदान मात्र रहेको अवस्थामा सबै विषय समावेश गर्दा रु. ५० लाख (ओभरहेड, मु अ कर र कन्टिन्जेन्सि वाहेक) नाघ्ने देखिन्छ । यसरी पालिकाले सभाको नितिगत निर्णय विपरीत तोकेको सीमाभन्दा बढीको काम गराएको अनियमित देखिन्छ । सभाको नीतिगत निर्णयको अनिवार्य कार्यान्वयन हुनुपर्दछ ।

वडा	योजना/ कार्यक्रम	टोल विकास संस्था उपभोक्ता समिति	मुल्यांकन रु. हजार	भुक्तानी रु. हजारमा
९	वसपार्क अगाडि गंगबुतर्फको विष्णुमति कोरिडोर सडक ढलान	कैलाश मार्ग टोल विस	६३९९	५२८३
७	दाहाल गौडा जडिबुटि पार्क	समृद्ध टोल विकास संस्था	८३१५	७५३५
	कैलाशमार्ग टोल विकास संस्था	विष्णुमति कोरीडोर सडक ढलान गोंगवु वसपार्क	६३९८	५२८२
	जागरुक टोल सुधार समिति	मनमैजु पुल उत्तर सडक टेवा पर्खाल शेयरवाल	१०८७८	९२८२

९२ ठेक्काका तयारी

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ ले तोकेका प्रकृया पुरा गरेर ठेक्काको सुचना आव्हान गर्नुपर्ने तोकेको छ । नगरसभाको १२ औ निर्णयका आधारमा देहायबमोजिमका बहुवर्षिय ठेक्का कार्यान्वयन गर्ने गरी कार्यक्रम स्वीकृत गरेको दखिन्छ । स्वीकृत कार्यक्रम अनुसार पालिकाले उक्त कार्यक्रमको ठेक्का पूर्व तयारी गरी ठेक्का आहवान समेत गरेपश्चात सम्मानित सर्वोच्च अदालतले नदि किनाराको दाँया बाँया २० मिटरको क्षेत्रमा पर्ने सार्वजनिक जग्गामा निर्माण कार्य निषेधित गरेको फैशला गरी निर्माण कार्य रोक्ने आदेश जारी भए पछि निर्माणको सम्झौता सम्पन्न भएपछि निर्माणको कार्य रोकिएको देखियो ।

ठेक्का नं	कार्यक्रम	लागत ईस्टिमेट रु	सम्झौता रकम	ठेक्का सम्झौता भएको निर्माण व्यवसायि
36/NCB/TMW/080.81	सामूदायिक सेवा समिति भवन	१६९५८१४९	९३५१५३७.९१	ओराकल ईन्जिनियरीङ्ग सोलुशन
38/NCB/TMW/080.81	टोखा प्रहरी प्रभागको तल्लो भाग भुन्डोल तर्फ जाने पूल आसपासको रिटेनिङ्ग वाल सडक निर्माण	२८२७८०३१	१८२८५७५०	ओम बज्र ख्याम जेभि

यस सम्बन्धमा देखिएका व्यवहोरा निम्न बमोजिम छन् ।

९२.१ **(क)** ठेक्का नं 38/NCB/TMW/080.81 को ओम बज्र ख्याम जेभिलाई १३ औ कार्यपालिकाको निर्णयबाट नदि किनारा आसपास लगायतका ठेक्काको जमानत वापतको रु ९१४२८७.५० फिर्ता दिएको देखिन्छ । तर ठेक्काको कारवाही अगाडि वढेको छैन । कानुनमा व्यवस्था भएबमोजिम ठेक्काको आवश्यक प्रकृया हुनुपर्दछ ।

९२.२ **(ख)** १३ औ नगर कार्यपालिकाको बैठक निर्णय अनुसार ठेक्का नं 36/NCB/TMW/080.81 को ठेक्का सम्झौता भई कार्यान्वियनमा गईसकेकोमा उजुरी परी अनियमित भएको व्यवहोरा छानविन प्रतिवेदनमा उल्लेख छ । जसअनुसार प्रस्तावित निर्माण कार्यको नक्सा ड्रईङ्ग डिजाईन भन्दा फरक किसिमको लागत अनुमान तयार गरेर ठेक्का स्वीकृत भएको शेयरवालको सट्टा ब्रिक वालले हुने प्राविधिक पुष्ट्याईहरु समेत दिएकोमा अनावश्यक रुपमा शेयरवाल प्रस्ताव गरी लागत बढाएको, पिसिसि फर आरसिसिको आवश्यक परिमाण ठेक्का सम्झौतामा स्वीकृत गरेको जस्ता विषयहरुमा अनियमितता भएको छानविन प्रतिवेदन कार्यान्वियन नगरी साविक बमोजिम नै नगरी ठेक्का कार्यान्वियन गरेको देखिन्छ । अतः सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ ले तोकिएअनुसारको ठेक्काको पूर्व तयारी नियमअनुसारको लागत अनुमान स्वीकृती गरेर ठेक्का सूचना प्रकाशन गर्ने तथा प्रतिस्पर्धात्मक विधिबाट निर्माण कार्यको सम्झौता अनुसार तोकिएको समयसीमा भित्र ठेक्का सम्पन्न गरी सेवा प्रवाहमा सहजता ल्याउनु पर्दछ ।

९२.३ **(ग)** आ.व. २०८१।८२ को तेश्रो कार्यपालिका वैठकले ठेक्का रद्ध गरी जमानत जफत/ फिर्ता दिने निर्णय भएकोमा लेखापरीक्षणको क्रममा जमानत जफत वा फिर्ता गरेको सम्वन्धमा कुनै प्रमाण पेश भएको छैन । जमानत जफत गर्ने निर्णय भएकोमा उक्त निर्णयअनुसारको कारवाहि प्रकृया अगाडि नबढाएकोले सार्वजनिक खरिद कानुन अनुसार कारवाहि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

९३ **परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ मा परामर्श सेवाको खरिद कार्य प्रतिस्पर्धात्मक विधिवाट छनोट गर्ने तोकेको छ । पालिकास्तरीय खानेपानी तथा सरसफाई योजना र(WASH) तयारीका लागि पालिकाले १९ लाख ५२ हजारको लागत अनुमान २०८०।११।१३ मा स्वीकृत गरी परामर्शका लागी प्रस्ताव पेश गर्न सूचना प्रकाशित गरेबमोजिम ४ वटा परामर्श सेवाका लागि प्राविधिक प्रस्ताव पेश भएको देखिन्छ । त्यसमध्ये ३ वटा प्रस्तावको आर्थिक प्रस्ताव खोली सिटिजन डेभलपमेन्ट सोलुशन प्रालीको भ्याट सहित रु १७१०५०० को प्रस्ताव स्वीकृत भएको देखियो । पालिकाले मिति २०८०।१२।२३ मा दिएको कार्यादेश अनुसार २०८१ असार मसान्तमा अन्तिम प्रतिवेदन पेश गर्ने गरी परामर्श सेवाको ठेक्का सम्झौता भएकोमा ०८१।३।२३ मा आएर सम्झौता बमोजिम inspection report पेश गरे पश्चात २० % ड्राफ्ट रिपोर्ट पेश गरे पछि ३० प्रतिशत र फाईनल रिपोर्ट पेश गरेपछि बाँकि ५० प्रतिशत भुक्तानी गर्ने शर्त बमोजिम ईन्स्पेक्सन रिपोर्टका आधारमा रु ३४२१०० भुक्तानी भएको देखिन्छ । उक्त ठेक्काको समय सकिएको, परामर्शदाताले म्याद थपको लागी सम्झौता बमोजिम निवेदन नदिएको, कूल १७२३९ घरधुरीको स्याम्पल लिई WASH रिपोर्ट विश्लेषण गर्नुपर्नेमा inspection रिपोर्टमा आंशिक ७६५९ घरको मात्र विवरण पेश गरेको, परामर्श ठेक्काको सम्झौता अनुसारको म्याद

गुर्जेकोले सार्वजनिक खरिद नियमावली २०६४ नियम १२० अनुसार तथा सम्झौताको शर्त बमोजिम सम्झौता रकमको अधिकत्तम १० प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति रु ११६९०० असूल गरेर आवश्यकताका अनुसार कानुनमा व्यवस्था भएबमोजिम म्याद थपि अन्तिम WASH प्रतिवेदनका आधारमा बाँकि रकम खर्च लेख्नुपर्दछ ।

९४ **भेरियशन**

ठेक्का नं 7NCB/TMW/080/081 मनोहर तिर्थदेखि ग्राण्डि हस्पिटलसम्मको सडक निर्माणको कार्य निर्माण व्यवसायि सुगम फ्रिम्यान नवोदित जेभि सँग ठेक्का रकम रु १६६२२८२३.५९(भ्याट र पिएस बाहेक)मा २०८० माघमा सम्झौता भएको देखिन्छ । सम्झौताअनुसार ०८१।४।९ मा कार्य सम्पन्न गर्नेगरी ठेक्काको कार्यदेश भएकोमा यस आव मा २ वटा रनिङ्ग विलबाट रु १६७८९७३६.०८ भुक्तानी भएको छ । प्रथम रनिङ्ग विल नगरपालिका पूँजीगतबाट रु ६६२०७२७.३५ तथा दोस्रो रनिङ्ग विल प्रदेश पूँजीगत तर्फबाट रु १०१६८९९९भुक्तानी भएकोमा दोस्रो रनिङ्ग विलको भुक्तानी हुँदा कन्स्ट्रक्सन वर्क तर्फ आईटम नं २ को earthwork को कार्य स्वीकृत BOQ अनुसार २१०१.६० घमी @ २०० स्वीकृत भएकोमा भेरियशन आदेश स्वीकृत नगरी २७८० घमी अर्थात ३२.३२ प्रतिशत बढि परिमाण कार्य गराई रु.१३५८४० (भ्याट बाहेक) भुक्तानी भएको देखियो ।निर्माण व्यवसायिले भ्याट समेत रु १८९३५७९०.६७ सम्झौता रकममध्ये रु १६७८९७२६.०८ भुक्तानी (८८.६४प्रतिशत) लिईसकेको तर ५०५ रनिङ्ग मिटर RM HDP Pipe laying and joint, २५२ cum Gabin construction कार्य ४२७.९८ KG Reinforcement सहितको ढलान कार्य, (३० घमी construction work) पूरानो रिटेनिङ्ग वाल भत्काई पुन निर्माणको कार्य लगायतका निर्माण कार्य अझै बाँकि देखिन्छ । सम्झौता अनुसारको कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

९५ **सोझै खरिद**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंवम एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छ ।

९५.१ क) पालिकाले यस आ.व. मा कार्यालयको दैनिक प्रयोगमा ल्याइने फर्निचर तथा फिक्स्चर्स र मेशिनरी तथा औजार तर्फ नमुना परीक्षण गर्दा निम्नानुसारको खरिद कार्य प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको पाईयो । अतः प्रतिस्पर्धात्मक विधि अपनाई खरीद सीमाभन्दा बढी रकमको खरिद प्रतिस्पर्धात्मक एवं पारदर्शि नभएको अनियमित देखिएको रु.

खरिद	मिति	भौ. नं.	विवरण	डेबिट
फर्निचर तथा फिक्स्चर्स	०९/१८/२०८०	१६९	श्री शुभ लक्ष्मी ट्रेडर्स लाइ भुक्तानी	९२८८६०
	११/१४/२०८०	३०४	मध्यपुर ट्रेडर्सलाई भुक्तानी	९९४८०६
	०१/०६/२०८१	४५१	ए.ए.ए. ट्रेडर्सलाई भुक्तानी	९०३३८५
	०२/११/२०८१	५४१	वडा नं. ११ प्रहरी चौकीमा कार्पेटिङ्ग पृथ्वी सप्लायर्स भुक्तानी	८९७०८४
			जम्मा	३७२४१३५
मेशिनरी तथा औजार	२०८०/०९/१६	१५९	आइटेक ट्रेड इन्टरप्राइजेजलाइ भुक्तानी	९८७५०७
	२०८०/०९/१६	१६३	एम एस एस कन्ट्रक्सन एण्ड सप्लायर्सलाइ भुक्तानी	९६३७६७
	२०८०/०९/१६	१६४	मोक्ष इन्फोटेक लाइ भुक्तानी	९९०७८४
	२०८०/१०/०४	२०८	एस वि मल्टी विजनेश कम्पनी प्रा ली लाइ भुक्तानि	९९२१४०
			जम्मा	३९३४१९८
			कुल जम्मा	७६५८३३३

अनियमित भएको	७६,५८,३३३

९५.२ ख) प्याकेज नवनाई निर्माणको कार्य सोझै खरिद भएको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नसकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने, १० लाख देखि २० लाख सम्म सिलवन्दि वोलपत्रको माध्यमवाट खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट प्रतिस्पर्धि खरिद गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले एउटै प्याकेज वनाएर गर्नुपर्ने कार्य टुक्र्याएर गरेको पाइयो । प्याकेज तयार नगरी सोझै खरिद गरेको, क्षेत्राधिकार भन्दा फरक रहेका कार्यालयहरुको समेत निर्माण कार्य गराएको, गैरसरकारी संस्थाको भवन समेत मर्मत गरेको, उस्तै प्रकृतिको कार्यको प्याकेज तयार गरी अधिकतम प्रतिस्पर्धा मार्फत खरिद गर्न ध्यान नदिएको र करिब एकै समयमा फरक फरक निर्माण व्यवसायीमार्फत एउटै स्थानमा रहेको काम गराएकोले कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन गरी मितव्ययीता कायम गरेको देखिएन । खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खुला कोटेशनको माध्यमवाट पटक पटक खरिद गरेको उचित देखिएन । ऐनको व्यवस्था अवलम्वन गरी खरीद प्रकृया प्रतिस्पर्धात्मक बनाई निर्माण कार्य गराउनुपर्दछ ।

क्र.स	निर्माण सेवाको नाम	कार्यको नाम	वडा नं.	सम्झौता रकम	सम्झौता मिति	खर्च रकम
१	विनय निर्माण सेवा	वडा कार्यालयको हलमा टायल व्यवस्थापन	९	९५४४४७	२०८०-९--५	९५११४३
२	बोर्लाङ्ग इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड कन्सट्रक्सन प्रा.लि, काठमाडौं	वडा नं. १ को स्वास्थ्य चौकी भवन मर्मत	१	९५९३८१	२०८०--९-२४	९५८१८६
३	कोहिन इन्टरप्राईजेज प्रा.लि, काठमाडौं	वडा भित्रका विभिन्न स्थानहरुमा सि.सि.क्यामेरा जडान	५	९५४१८८	२०८०--१०-२३	९५४१८७
४	Lord Buddha Nirman Sewa, Pvt.Ltd	श्रीसमाज सामुदायिक भवन मर्मत रङ्गरोगन	५	९३९२९१	२०८०--१०-२९	९३८१३८
५	वोर्लाङ्ग ईन्जिनियरिङ्ग	वडा नं १ स्वास्थ्य चौकी	१	९५९३८०	०८०।९। २४	९५८१८६
६	नरसिंह निर्माण सेवा प्रा.लि., काठमाडौं	वडा नं. ६ ओमशान्ति शिवमन्दिर एरिया केराको बोटबाट प्रकाश शर्मा पौडेलको घरसम्मको सडक स्तरोन्नती	६	९३८३६९	२०८०--१२-५	९३७४७२
७	बसन्ती ईनर्जी पावर प्रा.लि, काठमाडौं	सि.सि.क्यामेरा जडान	१	९६०५५९	२०८०--१२-६	९६०५५८
८	टोखा आर.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स, टोखा	सरस्वती मा वि रंगरोगन	३	९०८२८२	२०८०--१२-१९	९०७२६२
९	Brick International Pvt.Ltd. Kathmandu	लाखेडाँडा पार्कमा खुल्ला ब्यायामशाला एवं बालउद्यान निर्माण	६	९५८२४०	२०८०--१२-१९	९५८२४०
१०	हिमाली डाँफे कन्स्ट्रक्सन एण्ड एसोसिएट, रुपन्देही	फल्चा निर्माण १ वटा श्री धापासी देवी मन्दिरसंगै	५	९५३३०१	२०८०--१२-२२	९५१८९३
११	गोक्यो ग्रुप कन्स्ट्रक्सन, काठमाडौं	वडा भवनमा भौतिक पूर्वाधार बिकास	२	९४२६६७	२०८०--१२-२५	९३९४३६
१२	भिजन टच प्रा.लि, काठमाडौं	चण्डेश्वरी मा.बि. भौतिक निर्माण	२	९३६४२३	२०८१--१-१०	९३१५३३
१३	अर्किड इन्टरनेशनल, काठमाडौं	वडाभरी सि.सि क्यामरा जडान	८	९६२७४१	२०८१--१-३	९६१९११
१४	हेलो नेपाल कन्स्ट्रक्सन प्रा.लि, काठमाडौं	वडा नं. ८ स्थित गैह्रीगाउँ काठमाडौं यूरो स्कुल देखिको भित्री सडक हुदै जालपाचोक तर्फ निस्कने सडक कालोपेत्रे	८	९४३२२१	२०८१--१-९	९२२९६१
१५	फिनिक्स टेक्नोलोजि	३ नं वडामा सिसिक्यामेरा	३	९९२१४०	११।३	९९२१४०
१६	ड्राईभ इलेक्ट्रोनिक्स प्रा.लि, काठमाडौं	सडक वत्ती जडान तथा मर्मत	८	९६२७६०	2081--2-13	९६०८१०
१७	सेक्युर आई टि सोलुसन, ललितपुर	वडाका विभिन्न स्थामा सिसिक्यामेरा जडान	७	९५७३४१	2081--2-13	९५६४४४
१८	शन्ति समिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	वडा कार्यालय मर्मत तथा रंगरोगन	१	९६००१३	2081-2--20	९५२७४५
१९	आर. के. ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन	सडक बत्ती जडान तथा मर्मत	३	९३५२२६	2081--2-	९३४२७४

	एण्ड कन्सल्टेन्सी, काठमाडौं				24	
२०	कल्याणकारी श्रेष्ठ कन्स्ट्रक्सन प्रा.लि, टोखा	एक वडा एक पहिचान मूल सडक छेउको पर्खाल र सटर एकै रङ्ग लगाउने	४	९४४६९७	2081--2-24	९४०००१
२१	त्रिअन्स सप्लायर्स, नुवाकोट	सिसिक्यामेरा जडान	४	९४५९८५	2081--2-28	९४५९८५

९५.३ ग) सि सि क्यामेरा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नसकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट प्रतिस्पर्धि खरिद गर्नुपर्ने व्यवस्था छ । नमुना छनोट गरी लेखापरीक्षण गर्दा निम्नानुसारमा सोझै र टुक्रा गरेर सि सि क्यामेरा खरिद गरी विभिन्न आपूर्तकलाई रु.४८ लाख २५ हजार भुक्तानी गरेको पाईयो । पालिकाले आवश्यक्ताका आधारमा निम्नानुसार खरिदमा प्रतिस्पर्धा अपनाई खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको मितव्ययी देखिएन । पालिकाले वडा कार्यालयका विभिन्न क्षेत्रको लागी आवश्यक्तानुसार सि सि क्यामेरा खरिद तथा जडान भएकोले खरिदमा प्रतिस्पर्धा गर्न नसकिएको जनाएता पनि प्याकेज वनाई खरिद प्रकृया मितव्ययी वनाउनुपर्नेमा सार्वजनिक खरिद नियमावलीले तोकेको सिमामा नबढ्ने गरी फरक फरक आपूर्तकवाट फरक फरक दररेट स्विकृत गरेर यस्ता सामाग्रि खरिद गरी खर्च लेखेको छ। कानुनको पालना गरी पालिकाले खरिद कार्य प्रतिस्पर्धात्मक बनाई खरिद प्रकृया स्विकृत गर्नुपर्दछ ।

मिति	गो भौ नं	खरिद कार्य	भुक्तानी रकम
२०८१/०२/१७	५५१	वडा नं. १ मा सि सि क्यामेरा जडान बसन्ती इनर्जी पावर प्रा.लि लाई भुक्तानी	९६०५५८
२०८१/०१/२१	४७९	वडा न ३ को सि न ४८५ काम गरे वापतको रकम फिनिक्स टेक्नोलोजी प्रा ली	९९२१४०
२०८०/१२/०६	३६४	वडा न ५ को सि न ६७७ को काम गरे वापतको रकम भुक्तानी	९५४१८७
२०८१/०३/१८	७२३	वडा न ७ मा सिसिटिभी जडान कार्य को रकम सेक्युर आई टि सोलुशन लाई भुक्तानी	९५६४४४
२०८१/०२/०७	५३५	वडा नं. ८ मा सि.सि क्यामेरा जडान अर्किड इन्टरनेशनललाई भुक्तानी	९६१९११
		जम्मा	४८२५२४०

९६ **नर्म्सको प्रयोग**

नगरपालिकाले तालिम गोष्ठी लगायतका कार्यक्रम सञ्चालनका लागी अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को परिधिभित्र रहेर कार्यक्रममा समावेश हुने खर्चको दररेट स्विकृत गरी खर्च गर्नुपर्ने तोकेको छ । नगरपालिकाले कार्यक्रम सञ्चालन तथा भत्ता व्यवस्थापन अर्थमन्त्रालयले स्वीकृत गरे भन्दा बढी हुने गरी नम्स प्रयोग गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा स्थानिय तहले अधिकार क्षेत्र भित्रका विषयमा संघिय कानुनसंग नबाझिने गरि कानुन बनाउन सक्ने र बनाएको कानुन राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकामा सञ्चालन हुने तालिम कार्यशाला गोष्ठी जस्ता कार्यमा प्रदान गर्ने भत्ता पारिश्रमिक यातायात खर्च व्यवस्थापन गर्न कार्यालयले तालिम कार्यशाला गोष्ठी सम्बन्धी नीति तथा स्वीकृत गरी प्रयोगमा ल्याएको छ सो नीति तथा नम्समा उल्लेख भएका दरहरु अर्थमन्त्रालयले जारि गरेको तालिम खर्चका मापदण्डमा तोकिका दर भन्दा बढी रहेको छ । नगरपालिकाले कार्यक्रम सञ्चालन तथा भत्ता व्यवस्थापन अर्थ मन्त्रालयले स्विकृत गरेभन्दा बढ दररेट राखी नर्म्स प्रयोगमा ल्याएको छ । अर्थ मन्त्रालयको खर्चमा मितव्ययीता सम्वन्धित मापदण्ड विपरित हुने गरी पालिकाले कानुन मापदण्ड कार्यविधि वनाई तोकिएको भन्दा बढी दररेटमा यस्ता सुविधा उपलव्ध गराउनु उपयुक्त होईन । नर्म्स मा एकरुपता कायम गराई मितव्ययी किसिमबाट खर्च व्यवस्थापन गर्नेतर्फ पालीकाले नियन्त्रणात्मक निर्णय गर्नुपर्दछ ।

नर्म्स भएको फरक			
विवरण	अर्थ मन्त्रालयको नर्म्स	पालिकाको नर्म्स	फरक
बाह्य प्रशिक्षक	२०००	२५००	५००
आन्तरिक प्रशिक्षक	१६००	२०००	४००
बाहिरि प्रशिक्षक यातायात		१०००	
प्रशिक्षक मासिक	२००००	४५०००	
खाना खर्च	३००	बजार भाउ अनुसार	
विविध खर्च	१०००	३०००	२०००
सहायक प्रशिक्षक भत्ता	-	१५००	१५००
संयोजक भत्ता	६००	१०००	४००
प्रतिवेदक भत्ता	१०००	२०००	१०००
सहभागि यातायात	२००	५००	३००

९७ **अन्य निकायको अनुदान/खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधारहरु तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा वजेट अवण्डा नराखी आय व्यय पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाको अनुदान परिचालन समितिको कार्यविधि अनुसार प्रदान गरेको अनुदानवाट संचालित कार्यक्रमको कानुन बमोजिम खर्च भए नभएको सम्बन्धमा यकिन गर्न कार्यसम्पन्न प्रतिवेदन , लेखापरीक्षण प्रतिवेदन लगायतका प्रमाण कागजात पेश गर्ने शर्तमा अनुदान निकासा उपलव्ध गराउने निर्णय गरेको छ ।पालिकाले निम्नानुसारको अन्य निकायहरुलाई अनुदन उपलव्ध गराएकोमा निर्णयमा तोके अनुरुपका खर्चका प्रमाण कागजात पेश भएको देखिएन । साथै अनुदान लिने संस्था सँगको कार्यको लागी अनुदान उपलव्ध गराएको हो सो समेत खुल्दैन । यसरी सम्झौतावेगर प्रयोजन नै नखुल्ने अनुदान दिने कार्य उचित देखिएन । अनुदान उपयोग गर्ने निकायहरुले निर्णयवमोजिका प्रमाण कागजातहरु पेश हुनुपर्ने रु.

सि न	अनुदान पाउने संस्था	कार्य विवरण	रकम रु	कैफियत
१	महानगरिय प्रहरी वृत महाराजगञ्ज	सवारि साधन मर्मत	२०००००।००	गौ. भौ . न९००।२०८०।१०।०४
२	नागरिक कल्याण संस्था	एम्वुलेन्स सर्भिसिङ	५५०००।००	गौ. भौ . न १३६।२०८०।०६।१७
			प्रमाण पेश नगरेको	२,५५,०००

९८ **आमन्त्रित सदस्यलाई वैठक भत्ता**

सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड,२०७७ को बुँदा नं ६ को ७ मा कानुन बमोजिम गठन भएको समिति वा संचालक समितिको बैठकमा विषय विज्ञ बाहेक आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता नपाउने व्यवस्था तोकेको छ । त्यसैगरी अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ मा बैठकमा आमन्त्रित सदस्य संख्या ३ जना भन्दा बढी राख्न नमिल्ने व्यहोरा उल्लेख छ ।पालिकाले विभिन्न प्रकारका बैठक भत्ता भुक्तानीमा समितिका सदस्यहरु बाहेकका आमन्त्रितको संख्या तोकिए भन्दा बढी राखी भुक्तानी गरेको देखियो।तसर्थ तोकिएका निर्देशिका तथा मापदण्डको पालना गरी तोकिएको संख्याभित्र रहेर यस्तो भत्ता खर्च भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।यसका केही उदाहरण निम्न अनुसार रहेको छ ।

गो भौ नं र मिति	बैठक	संख्या	वैठक दर	भुक्तानी रकम
९९४।२०८०।१०।१०	संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति	सदस्यसंख्याः४ जना	१०००	५१००
		आमन्त्रितः६ जना		
१०४५।२०८०।१०।१७	नगरस्तरीय बाल अधिकार समिति	सदस्यसंख्याः १३ जना	१०००	७६५०
		आमन्त्रितः ९ जना		

९९ मू.अ.कर असुली

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम मू.अ.करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक जारी गरी खरिदको भुक्तानी दिनुपर्ने तोकेको छ।पालिकाले गो.भ.नं १३२७, २०८१/११/२१ बाट वार्ड नं ९ अन्तर्गत लक्ष्मी नाराण मन्दिर परीशरमा शिवको मूर्ती प्रतिस्थापनको लागि वोल्ड इन्जिनियरिङ प्रा.लिसंग सोझै खुल्ला मुल्य कोटेशन दर मागेकोमा कोटेशन अंकमा Vat सहितको कर प्रस्ताव गरेकोमा विजकमा दोहोरो भ्याट रकम जोडी थप मू.अ.कर रु २९,२५०/- भुक्तानी भएको देखिएकोले उक्त दोहोरो मू.अ.कर असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२९,२५०

१०० योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरणमा राखी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

क्र. सं.	विवरण	योजना संख्या	सम्पन्न संख्या	सम्पन्न हुन बाँकि	प्रगती प्रतिशत
१	रु.१ लाख भन्दा कमको योजना	६४	६४	-	१००
२	रू.१ लाख देखि रू.१० लाख सम्मका योजना	२९९	१७८	१२१	६०
३	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	१२३	८१	४२	६६
४	रु.२५ लाख देखि माथि रू.५० लाख सम्मका योजना	५२	२६	२६	५०
५	रू.५० लाख देखि माथि रू.१करोड सम्मका योजना	१०	०	–	०
६	रू.१करोड भन्दा माथी	७	०	-	०
	जम्मा	५५५	३४९	१८९	६२.८८

उल्लेखित विवरणअनुसार नगरपालिकाले ५० लाख सम्मका योजनाहरु ५५५ वटा कार्यान्वियनका लागि स्विकृत गरेकोमा ३४९ वटा आंशिक रुपमा कार्य सम्पन्न गरेको जनाएको छ । सो मध्ये १ लाख सम्मका ६४ वटा सबै कार्यान्वियन भएका १ लाख भन्दा बढि ५० लाख सम्म लागत विनियोजन भएका योजना करीव आधा सम्पन्न भएका विवरण पेश भएको छ । ५० लाख भन्दा बढिका १७ वटा योजना कार्यान्वियन भएको भएपनि आर्थिक वर्षमा सम्पन्न हुन सकेको छैनन् । समग्रमा ५५५ कूल विनियोजित योजना तथा कार्यक्रम मध्ये ३४९ वटा योजना सम्पन्न भई ६२.८८ प्रतिशत भौतिक प्रगती भएको देखिन्छ ।१८९ वटा योजनाको म्याद समेत समाप्त भएको तर काम सम्पन्न हुन नसकेको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा बजेट विनियोजन गरी कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

१०१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएमध्येकालाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई बढिमा १०० दिनको रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने तोकेको छ । तर पालिकाले आयोजना बैंक तयार नगरी यस्ता रोजगारका कार्यक्रम सञ्चालन गरेको पा्इयो । यस आ.व.मा पालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका योजना निम्नानुसार छन् ।

वडा नं.	कार्यक्रम	रोजगार संख्या	ज्यालामा खर्च भएको रकम
पालिकाका ६ वटा वडामा १२ वटा योजना	साना विरुवा संरक्षण सार्वजनिक जग्गा संरक्षण सडक कुलो मर्मत तथा सरसफाई पार्क व्यवस्थापन सडक तथा साईड लेन मर्मत लगायतका कार्यक्रम	५२	३६१९२००

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व. मा रु. ५५,००,००० बजेट व्यवस्था भएकोमा रु. ४२,९०,००० करिव ७८% खर्च भएको देखिन्छ। यस मध्ये रु. ३६,१९,२०० श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ भने बाँकि रकम रु. ६७०८०० मध्ये रु. ५७८००० रोजगार संयोजकको तलब भत्तामा र रु ९२८०० अभिमुखिकरण कार्यक्रम सञ्चालन तथा रोजगार आयोजनाको अनुगमनमा खर्च भएको छ।यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा साना विरुवा संरक्षण सार्वजनिक जग्गा संरक्षण सडक कुलो मर्मत तथा सरसफाई पार्क व्यवस्थापन सडक तथा साईड लेन मर्मत लगायतका कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न दर्ता गरिएका २९५ मध्ये यस वर्ष ५२ जनालाई औषत १०० दिन रोजगारी प्रदान गरेको देखिन्छ। पालिकाले रोष्टरमा सूचीकृत भएका श्रमिकका लागि अधिक रोजगारीका लागि आवश्यक मात्रामा श्रम प्रधान योजना छनौट गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।कार्यक्रमबाट अल्पकालीन रोजगारी सृजना भएको तर दिगो भौतिक निर्माण हुनेगरी जीवनस्तर सुधार हुने प्रत्याभूती कार्यक्रमले दिन नसकेको अवस्था देखिएकाले स्वरोजगारका कार्यक्रम सञ्चालनतर्फ कार्यक्रम केन्द्रित हुनु उपयूक्त हुन्छ ।

१०२ **वडा सञ्चालन खर्च**

मासिक रुपमा वडामा कार्यालय सञ्चालन गर्नका लागि पालिकाबाट रु ४०००० विनियोजन भई सो रकम इन्धनः३००० सञ्चारः३००० पानि विजुलीः ४००० विविधः २०००० र कार्यसञ्चालन वापत रु १०००० जस्ता शिर्षकमा बाँडफाड गरी खर्च गर्ने परिपाटि रहेतापनि वडा कार्यालयहरुले पेट्रोलको कुपन आवश्यक स्टेशनरी तथा अन्य सामाग्री समेत पालिकाको स्टोरबाट समेत बुझिलिने गरेको देखियो ।वडाका पदाधिकारी को सेवा सुविधामा इन्धन सञ्चार र यातायात समावेश भएतापनि पुन पालिका तथा वडा मा नै यि शिर्षकवाट खर्च भुक्तानी गरेको देखिएकोले सेवा सुविधामा दोहोरो पर्ने गरी खर्च लेखेको देखिएकोले वडागत बजेट विनियोजन भएका शिर्षकमा पालिकावाट पुन: खर्च हुने गरी दोहोरो खर्च व्यवस्थापन नियन्त्रण गर्नुपर्दछ ।

१०३ **बढी दरमा बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१०,२८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **७,०५५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **७,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०४ असम्वन्धित फर्म वा संस्थालाई भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको खर्च लेख्दा खर्चको प्रमाण संलग्न गरी रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाको मिति २०८०।१२।२९ को नगरकार्यपालिकाको निर्णयानुसार टोखा नगरपालिका नगरकार्यपालिकाको मिति २०८० साउन २५ को बैठकबाट नगरपालिकाबाट उपभोक्ता समिति वा टोल विकास संस्था मार्फत सम्झौता गरी कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरूको भुक्तानी गर्दा पेश भएका बिलहरूमध्ये रु १ लाख भन्दा बढीको बिलहरूको हकमा कर विजक जारी गर्ने संस्थाहरूको नाममा सोझै भुक्तानी गर्ने, बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी गरी खरिद गरेको प्रमाण पेश गरेको कर बिजकको हकमा उपभोक्ता समिति वा टोल विकास संस्थालाई नै भुक्तानी गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई संशोधन गरी १० लाख भन्दा बढीका बिलहरूको हकमा सम्बन्धित विजक जारी गर्ने संस्थाको नाममा सोझै भुक्तानी गर्ने, सोभन्दा कम रकमका बिलहरूको हकमा जुन संस्था वा समितिसँग सम्झौता भएको हो सोही संस्था वा समितिलाई नगरपालिकाबाट भुक्तानी हुनुपर्ने रकम भुक्तानी गर्ने निर्णयअनुसार सम्झौता भएभन्दा फरक फर्म वा संस्थालाई भुक्तानी भएको देखिन्छ ।त्यस्तै नगरपालिकाले उपभोक्ता समितिसँग भएको सम्झौताको शर्त नं १ मा उपभोक्ता समिति वा टोल विकास संस्थाले योजना सम्वन्धि प्राप्त रकम सम्वन्धित योजनाको उद्धेश्यका लागी मात्र प्रयोग गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सम्झौता भएभन्दा फरक फर्म वा संस्थालाई भुक्तानी दिएको र सम्झौता भएको रकम सोहि योजनाको उद्धेश्य प्राप्तिका लागी प्रयोग भए नभएको सम्वन्धमा पालिकाले असम्वन्धित फर्म वा आपुर्तकलाई दिएको भुक्तानी एकिन गरेको छैन । लेखापरीक्षणको क्रममा नमुना छनोट गर्दा यसरी पालिकाले छुट्टै आर्थिक कार्यविधि नियमावली तथा खरिद नियमावली नवनाएको अवस्थामा प्रचलित कानुन विपरित हुने गरी, सम्झौता भएभन्दा फरक व्यक्ति वा संस्थालाई भुक्तानी भएको नियमसम्मत देखिएन ।

गो भौ नं	योजना	लागत अनुमान	मुल्यांकन	भुक्तानी भएको फर्म वा संस्था	भुक्तानी रकम	अन्तिम विल
६७।६।३०	भत्केको पुल चखु चोक सडक उ स	८९८८६६८	८७९९७४१	पावर एस ए कन्स्ट्रक्सन	११८८२९१	१५६३२१७
				फ्रिम्यान विजनेस प्रा ली	३१८५५३	
६८।७।१	वडा नं ३ सडक तथा ढल मर्मत उ स	२००६४२८	१९५५५६७	फ्रिम्यान विजनेस प्रा ली	१६३६९९३१	१७४६७४२
७३।७।१	झुडोल टोल विकास संस्था	३३१६७४	३१७१२८	एच आर एस राजधानी कन्स्ट्रक्सन	२५४२२०	२८५६६२
८१।७।२	झोर महांकाल बुद्ध मुर्ति उपभोक्ता समिति	८८२०२६२	२८८७३२४	सपन तिर्थ हार्डवेयर समेत ४ फर्म	२८८७३२४	२८८७३२४
१८३।९।२२	जालपादेवि टोल सडक उ स	२२४२४०६	२२४२४०६	देवेन्द्र कन्स्ट्रक्सन	१७८९५४०	२२४२४०६
२०६।१०।३	दुप्चेश्वर टोल विकास संस्था	१६१९३८४		पोसिवल कन्स्ट्रक्सन	१४२५७२०	
३३२।११।२१	चण्डेश्वरी देव खुडोल वाटो उ स	९८९६२५	९८९६२५	कामना ह्युम पाईप उद्योग	९१९८४१	
३६२।१२।६	वडा नं २ भुसिमांगल संरक्षण उ स	२२३८३८४	२२३०५३५	एल के डि कन्स्ट्रक्सन	३९७३८६	२२३०५३५
				सपन तिर्थ हार्डवेयर	६१३३८५	
				वोल्ड ईन्जिनियर्स	६०२६५७	
३४८।११।३०	मुक्तेश्वर महादेव मन्दिर संरक्षण समिति		२४, २४ , १२३	महादेव सामुदायिक वाल विकास केन्द्र	५१७२८१	२४२४१२३
				लर्ड बुद्ध निर्माण सेवा	१७५२८०१	
३७२।१२।९	मेघासिटि टोल विकास संस्था	३८८३०७६	३८६५७०४	कान्तिपुर हार्डवेयर	१०८७२४४	३८६५७०४
				धनेश्वर महादेव ढुवानी	१६४८६६६	
५९५।२।२८	दाजुभाई टोल विकास संस्था		२१६८३६९	चण्डेश्वरी ह्युमपाईप एण्ड पोल ईन्डष्ट्री	१८२१४४२	१८२१४४२
६७२।३।१४	वडा नं ४ बाटो स्तरोन्नती विश्रान्ति टोल संस्था	२२२५८५२	१९३००७८	बसुन्धरा निर्माण सेवा	९९२३५०	१९३००७८

१०५ **कार्यपालिकाको निर्णय विपरितको भुक्तानी** (३९४-२०८०-१२-१८):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी गर्दा खर्चको प्रमाण संलग्न गरी रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले जालपादेवि टोल विकास संस्थासँग मिति २०८०।९।१९ मा रु.११,१९,५८३ सम्झौता गरेअनुसार रु.१०१५१९३ को कार्यसम्पन्न भएको देखिन्छ । टोलमा व्यक्तिको जग्गामा लगाएको सपोर्ट वाल निर्माण गरिएकोमा मुल्यांकन प्रतिवेदन स्विकृत गरी टोल विकास संस्थालाई भुक्तानी दिन नगरपालिका प्रशासनलाई निर्देशन दिने भनी २०८०।११।३० को कार्यपालिकाको निर्णय रहेकोमा पालिकाले देवेन्द्र कन्स्ट्रक्सनलाई रु.७७५८१९ र कान्तिपुर हार्डवेयरलाई रु.९४९१२ र अन्य कर कट्टि समेत रु.९३३५५५ खर्च लेखेको देखिन्छ । यसरी कार्यपालिकाको मिति २०८०।११।३० को निर्णय विपरित उल्लेखित २ फर्महरुलाई कुन आधारमा हो सो खुल्ने प्रमाण संलग्न गरेको छैन । भुक्तानी दिएको नियमसम्मत देखिएन ।

पालिकाले विगतमा भएका कार्यपालिका र सभावाट भएको निर्णयअनुरुप सम्वन्धित फर्मलाई भुक्तानी दिएको जनाए तापनी सम्झौता भएको उपभोक्ता समिति तथा टोल विकास संस्थालाई दिनुपर्ने भुक्तानी असम्वन्धित आपुर्तकलाई भुक्तानी दिएर खर्च लेखेको रकम नियमसम्मत देखिएन । मिति २०८१।४।२५ तथा २०८०।१२।२९ गतेको कार्यपालिकाको निर्णयलाई आधार मानी भुक्तानी गरेको पालिकाले जनाएतापनी नियमावलीमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

१०६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको खर्च लेख्दा खर्चको प्रमाण संलग्न गरी रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भुक्तानी हुनुपर्ने विल विजकको रकम भन्दा बढी भुक्तानी गरेको पाईयो । यसरी विल विजक वेगर दिएको बढी भुक्तानी सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.

गो भौ नं	व्यहोरा	भुक्तानी पाउने	रकम
१७६७। १।१७	अचार वनाउने तालिममा हल भाडा सम्झौता प्रतिमहिना १०००० उल्लेख भएकोमा १४ दिनको ५००० हुनुपर्नेमा १०००० भुक्तानी	गंगा जमुना जनजाति समुह	५०००
१०५६। १०।२१	स्विकृत प्रस्तावना भन्दा पारवाहन तथा खाजा खर्च बढी भुक्तानी	राष्ट्रिय अपाँगता पुनस्थापना केन्द्र	३३०४०
१४५२। १२।७	विद्यार्थि क्षमता विकास कार्यक्रमको सक्कल विल भरपाई विल पेश भएभन्दा बढी भुक्तानी ५००० समेत १९९००० भुक्तानि तर १९४००० को विल पेश भएको	रुवि घिमिरे	५०००
१६४९। १२।२७	मन्टेश्वरी तालिम१८० घण्टा पुरा नभएको १६४ घण्टा मात्र सञ्चालन भएको ३९७९५० भुक्तानी नपुग १६ घण्टाको असुल	सुरेखा प्रोफेसनल सेन्टर	३५३७३
१७९७। १।२३	दिवा खाजा ६६०८० भुक्तानी हुनुपर्नेमा ७१४१५ भुक्तानी	जालुपा मा वि	५३३५
१२९। ८।२२	वडा नं ३ मा ढल मंगाल ग्राभेल प्राविधिक मुल्यांकन ८४५६१ भएकोमा रु. ९६७३४ भुक्तानी	झुडोल प्रवेश नगर टोल विकास संस्था	१२१७३
१३३। ८।२५	गोरखकाली मन्दिर निर्माण प्रथम विलमा विमा वापत ५००००० भुक्तानी भएकोमा ४३३१६ को मात्र विल पेश भएकोमा बढी भुक्तानी	भैरवि कन्स्ट्रक्सन	६६८४
१८३। ९।२२	भवन निर्माणको प्राविधिक प्रतिवेदन अनुसार ४६९००४ खर्च लेखि १५००० कन्टिन्जेन्सी कटाई भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी (५ लाख खर्च लेखिएको)	जाल्पादेवी टोल विकास संस्था	३०९९६
२९१। ११।८	ग्रान्डि भिल्ला विष्णुमति पुल लाले नदि नियन्त्रण तथा संरक्षण कार्य प्रोभिजनल सममा बढी भुक्तानी	पिचासेश्वर महादेव टोल विकास संस्था	८५७०
४०५। १२।१८	खोला सरसफाई कार्यमा कन्टिन्जेन्सी समेत भुक्तानी	ढलमलटोल प्रगतिटोल विकास संस्था	१२०००
४६८। १।१६	वडा नं १० मा सिसिक्यामेरा मर्मत तथा जडानमा ९३४९० भुक्तानी भएको तर प्राविधिक मुल्यांकन ९१७२७ भएकोले बढी भुक्तानी	सेक्युर नाईट आईटि सोलुसन	१७६३
८०३। ३।२२	जालपा स्कुल तारवार कार्यमा ९४८३२ भुक्तानी भएकोमा उपभोक्ता समितिको श्रमदान कम देखिएको	पिचाशेश्वर महादेव टोल विकास संस्था	९७३८
१६२७। १२।२२	महिला दिवस शुभकामना कार्यक्रम वडा नं १० मा जनप्रतिनिधिहरु बडाध्यक्ष र वडा सदस्य ५ जनाले अनुगमन भत्ता वापत रु ४२५० भुक्तानी भएकोले बडा कार्यालयमा नै भएको कार्यक्रममा अनुगमन भत्ता लिन नमिल्ने	गौरी के सि सोधभर्ना	४२५०
	जम्मा		१६९९२२
		असुल गर्नुपर्ने	१,६९,९२२

१०७ **निर्णय विपरितको खरिद तथा भुक्तानी** (४२४-२०८०-१२-२५):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले मेशिनरी औजार खरिद वापत लाईनेक्स टेक्नोलोजि सेवालाई ९८०२२९ भुक्तानी भएकोमा

विलको मिति केरमेट गरि सच्याएको, खरिद भएका सामानहरुको स्पेशिफिकेसन प्रमाणित नभएको देखिएकोले उक्त केरमेट विजकवाट भएको भुक्तानीको रु ११२७७० को मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,१२,७७०

१०८ **जिन्सि निरिक्षण भत्ता** (२०८५-२०८१-२-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको जिन्सी निरिक्षण समितिलाई जिन्सि निरिक्षण बापतको भत्ता भुक्तानी गरेको छ । आर्थिक वर्ष २०७८।०७९ को जिन्सि निरिक्षण प्रतिवेदन तयारी गरेवापत आर्थिक वर्ष २०८०।८१ मा भुक्तानी भएको यस किसिमको जिन्सी व्यवस्थापनको कार्य जिन्सी शाखाको हुने र सो काम शाखाको नियमित काम हुने भएको र विहान वेलुका खाना खाजा खर्च वापत भुक्तानी हुनुपर्नेमा सो काममा समेत देहायअनुसार भत्ता भुक्तानी गरी कर सहित रु.१०८००० खर्च लेखेकोले कर कट्टा गरी वाँकी रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु.

क्र.सं.	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१	अनिल प्रसाद जोशी	१९,१२५.००
२	कुवेर ढुंगाना	१९,१२५.००
३	कोष विलास बगाले	१९,१२५.००
४	मधुसुदन मिश्र	१९,१२५.००
५	रबिन्द्र श्रेष्ठ	१५,३००.००
	जम्मा	९१८००

असुल गर्नुपर्ने	९१,८००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : टोखा नगरपालिका , टोखा नगरपालिका , काठमाडौं

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	SHER BAHADUR BAGCHAND (B.C)	२०७९-११-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	BIMALA DHAKAL	२०८०-१०-१२	२०८१-८-२१
लेखा प्रमुख	Gyan Bahadur Adhikari	२०७७-४-१	२०८०-१०-१२
लेखा प्रमुख	TARA PRASAD NIRAULA	२०८१-८-२१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,३९६,३८६	१०,३७७,३५१	२१,५६१,६८३.८२	०	०	२,४८२,०२०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३७,८१७,४४०.८२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.	९९,६२०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३७,७१७,८२०.८२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६६७५०५४५८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३९२७०६९४०	चालु खर्च	५७३८२८४२३
प्रदेश सरकारबाट अनुदान	५७१०४४६४	पूँजीगत खर्च	६६१९९८१७९
राजश्व बाँडफाँट	३५४३४५७१८	वित्तीय/अन्य व्यवस्था	१५८४८२३५७
आन्तरिक आय	३३३९१८०१४		
अन्य आय	१८४५०६९७०		
कुल आय	१३२२५८२१०६	कुल खर्च	१३९४३०८९५९
बाँकी मौज्दात		५९५७७८६०५	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन संरचना समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।